# k|yd cWofo

# zf]w kl/ro

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **नेपाली साहित्यको विकासमा अछाम जिल्लाको योगदान** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र **त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक सङ्काय नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्ष**को दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

नेपाली साहित्यलाई विकासको शिखरमा पुऱ्याउन देशभित्रका विभिन्न जिल्लाहरूको मह□वपूर्ण योगदान रहेको छ । त्यसै गरी नेपालको अछाम जिल्ला पनि साहित्य गतिविधिमा निकै नै ख्याति प्राप्त जिल्ला हो । 'सुदूर पश्चिमको एक विकट जिल्लाकै रूपमा चिनिने यस जिल्लाले थुप्रै साहित्यिक प्रतिभाहरूलाई जन्म दिएको छ । जुन प्रतिभाले नेपाली साहित्यलाई फस्टाउन मह□वपूर्ण योगदान दिएका छन् ।'[१] यति हुँदाहुँदै पनि भौगोलिक रूपले पनि विकट रहेको र यातायातको पनि भने जस्तो सुविधा नभएको कारण यहाँको साहित्यिक गतिविधिबारे त्यति राम्रोसँग हालसम्म अध्ययन अनुसन्धान हुन सकेको छैन । तसर्थ यस शोध पत्रमार्फत यहाँका साहित्यिक गतिविधिबारे खोज अनुसन्धान गरी नेपाली साहित्यमा उक्त जिल्लाको योगदानका बारेमा चर्चा गर्न खोजिएको हो ।

## १.४ समस्या कथन

यस शोधकार्यमा उल्लेख भएका प्रमुख समस्याहरू यस प्रकार रहेका छन् :

१) अछाम जिल्लाको सङ्क्षिप्त परिचय कसरी दिन सकिन्छ ?

---

१. प्रदीप रिमाल, कर्णाली लोक संस्कृति (खण्ड ५), साहित्य संगीत कला (दो.सं), ललितपुरः साझा प्रकाशन, २०५३ ।

२) अछाम जिल्लाको सङ्क्षिप्त साहित्यिक गतिविधिको सर्वेक्षण कसरी गर्न सकिन्छ ?

३) अछाम जिल्लाका साहित्यकारहरूको सङ्क्षिप्त परिचय के कसरी दिन सकिन्छ ?

४) अछाम जिल्लाको साहित्यिक विकासमा पत्र पत्रिका एवं साहित्यिक संघ संस्थाहरूको योगदान के-कस्तो छ ?

## १.५ शोध कार्यको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य निम्नानुसार रहेको छः

१) अछाम जिल्लाको सामान्य परिचय दिनु,

२) अछाम जिल्लामा विगतदेखि भएका साहित्यिक गतिविधि बारे जानकारी गराउनु,

३) अछाम जिल्लाका साहित्यकारहरूको सङ्क्षिप्त परिचय दिनु,

४) अछाम जिल्लाको साहित्यिक विकासमा योगदान पुऱ्याइरहेका साहित्यिक संघ संस्थाहरूको सङ्क्षिप्त परिचय दिनु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यले प्रारम्भिक कालदेखि हालसम्म आइपुग्दा थुप्रै मोडहरू पार गरि सकेको छ । जुन मोडहरू पार गर्नमा देशका विभिन्न स्थानका साहित्यकारहरूको केही न केही योगदान रहेको हुन्छ । यसैगरी अछाम जिल्लाको पनि नेपाली साहित्यको उजागरमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा हात रहेकै छ । अछाम जिल्लामा साहित्यिक गतिविधिका विषयमा केही सामान्य चर्चा परिचर्चा भएका छन् जुन निम्नानुसार छन् :

- भीमसेन राईले नेपाली साहित्यको विकास प्रकृयामा पहलमान सिंह स्वाँरको व्यक्तित्व कृतित्व र योगदानको विश्लेषण (२०३२) अप्रकाशित शोध पत्रमा पहलमान सिंह स्वाँरको व्यक्तित्व कृतित्वको योगदानको चर्चा गर्दै उनलाई नाटककारका रूपमा चिनाएका छन् ।
- पूर्ण प्रकाश नेपाल यात्रीले **सेतीका तारा** (२०३४) नामक कृतिमा सेती अञ्चलको तत्कालिन साहित्यकारको चर्चा गर्ने क्रममा अछाम जिल्लाका साहित्यकारको नाम पनि उल्लेख गरेका छन् ।
- पूर्ण प्रकाश नेपाल 'यात्री'ले **सेतीको नालीबेली** (२०३४) मा सेती अञ्चल अछाम जिल्ला नेपाली वाङ्मयको निम्ति सु-सम्पन्न जिल्ला मान्दै नेपाली साहित्यको

विकासमा यस्ता वाङ्मयले मह□वपूर्ण भूमिका खेलेको कुरा उल्लेख गरेका छन् ।

- तेज प्रकाश श्रेष्ठले **अछामको लोक साहित्य** (२०४४) मा अछामी लोकजीवनको परिचय दिनुका साथै अछामी लोकसाहित्यले नेपाली लोकसाहित्यको विकासमा थप योगदान दिएको चर्चा गरेका छन् ।
- हर्क बहादुर शाही (२०५५) शिक्षा सङ्काय अर्न्तगत **अछामी भाषिका एक अध्ययन** (अप्रकाशित स्नात्तकोत्तर शोधपत्र) अन्तर्गत प्रस्तुत गरेको स्नातकोत्तर शोध पत्रमा अछामी भाषिकाको परिचय दिएका छन् ।
- राजाराम सुवेदी (२०५८) ले **अछामको इतिहासमा** अछाम साहित्यकारहरूको छोटो परिचय दिएका छन् । उनले **अछामको नालीबेलीको** चर्चा गर्ने क्रममा पहलमानसिंह स्वाँर नृप स्वाँर जस्ता एक दर्जन भन्दा बढी साहित्यकारले अछामी साहित्यको विकासमा उल्लेखनीय भूमिका खेलेको कुरा उल्लेख गरेका छन् ।
- डा.देवी प्रसाद ओझाले **सुदुरपश्चिमाञ्चलमा साहित्य र साहित्यकार** (२०६०)मा सु.प.का साहित्यकारहरूको पनि चर्चा गरेका छन् ।
- खगेन्द्र प्रसाद उपाध्याय २०६१ ले **अछामी देउडा गीतको अध्ययन** नाम शोधपत्रमा अछाममा प्रचलित देउडा गीतको वर्गीकरण विश्लेषण गर्नुका साथै यसले नेपाली साहित्यको योगदानमा अत्यन्तै ठूलो टेवा पुऱ्याएको कुरा उल्लेख गरेका छन् ।
- अविलाल शाह 'अनिल' ले २०६३ सालको **कुञ्जिनी' पत्रिकामा "लोकगीतका त□वका कसिका रूपमा देउडा गीतलाई घोट्दा** भन्ने शीर्षकमा सुदूरपश्चिमेली अछामी डेउडा गीतको चिनारी र तिनका त□वलाई खुट्याउने काम गरी नेपाली लोक साहित्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने अछामी लोक साहित्यले नेपाली साहित्यको योगदानमा थप टेवा पुऱ्याउने कुराको चर्चा गरेका हुन् ।
- सु.प. साहित्य समाजद्वारा प्रकाशित नृप बहादुर स्वाँर स्मृति ग्रन्थ (२०६४) मा साहित्यकार नृप बहादुर स्वाँरको साहित्यिक र अन्य पक्षहरूको बारेमा प्रकाश पारिएको छ ।

थुप्रै पूर्वकार्यहरू राष्ट्रिय स्तरबाट तथा अञ्चलस्तरबाट गरिएका छन् । जिल्लाबाट यस्तो अनुसन्धानात्मक कार्यहरू अपर्याप्त भएकोले यस किसिमका कार्यहरू आवश्यक ठानी नेपाली साहित्यमा अछाम जिल्लाको योगदान के कति रहेको छ भनी अध्ययन तथा अनुसन्धान यहाँ गरिएको हो ।

## १.७ अध्ययनको औचित्य महङ्क्व र उपयोगिता

देशका विभिन्न भागमा छरिएर रहेका भाषा भाषिका र त्यहाँका साहित्यकारहरू र साहित्यिक गतिविधिद्वारा साहित्यको उत्थान हुन्छ । क्षेत्रिय स्तरबाट प्राप्त साहित्यिक गतिविधिहरूलाई प्रकाशमा ल्याउने र क्षेत्रिय स्तरको साहित्यिक अनुसन्धान गर्ने आधारको रूपरेखा र परिपाटी समेत बनाउन प्रस्तुत शोधपत्र आवश्यक ठानिएको हो । यसले अछाम जिल्लाको साहित्यिक गतिविधि तथा जिल्लाभित्र भूमिगत भएर रहेका साहित्यिक प्रतिभाहरूलाई एउटै स्थानमा समेटी तिनका रचनाहरूलाई नेपाली साहित्यसँग प्रत्यक्ष परिचित गराउने कार्य गरेको छ । यसका साथै यहाँको साहित्यिक प्रतिभा र तिनका कृतिहरूको परिचय गराई नेपाली साहित्यको अनुसन्धान कार्यलाई अझ फराकिलो बनाउन यस शोधपत्रले सहयोग पुऱ्याउने भएकाले यो औचित्यपूर्ण, मह□वपूर्ण र उपयोगी रहेको छ ।

## १.८ शोधको सीमाङ्कन

यस शोध पत्रमा नेपालको सुदुर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतको सेती अञ्चल अन्तर्गत पर्ने अछाम जिल्लाको भौगोलिक सीमा भित्र रहेर उक्त जिल्लाको सामान्य परिचय, साहित्यिक सर्वेक्षण त्यहाँबाट प्रकाशित पत्रपत्रिकाहरूका साथै अन्य संघ संस्थाहरूले नेपाली साहित्यमा पुऱ्याएको योगदान समेत चर्चा गरिएको छ । अर्थात् समग्र अछाम जिल्ला यस शोधपत्रको सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलन विधि

यो शोधपत्र तयार गर्दा मूलत : क्षेत्रिय अध्ययन विधि अंशत : पुस्तकालयीय विधिको प्रयोग गरि सामग्री सङ्कलन गरिएको छ ।

क)	**सामग्री सङ्कलन कार्य :** प्रस्तुत शोधकर्ताको कार्य स्थल पनि अछाममै रहेकोले सम्बन्धित व्यक्तिहरूसँगको भेटघाट र सोधपुछका माध्यमबाट पनि यस शोधपत्रको सामग्री सङ्कलन गरिएको छ । स्थलगत भ्रमण, प्रत्यक्ष मौखिक अन्तरक्रिया छलफलका साथै समाजका भाषा र साहित्यसँग सम्बद्ध व्यक्तिहरूसँग भेटघाट गरी सामग्री सङ्कलन गरिएको छ ।

पुस्तककालयमा रहेका विविध विधाका पुस्तकहरूको अध्ययन अनुसन्धानमा सहयोगी रहेको छ ।

ख)	उपर्युक्त कार्यबाट सङ्कलन गरिएका सामग्रीहरूलाई कालक्रमिक सर्वेक्षण विधागत व्यवस्थापन र विषयगत, विश्लेषण, वर्गीकरण र समीक्षण अध्ययन विधिबाट शोधकार्य सम्पन्न गरिएको छ ।

## १.१० शोधको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवं सुसङ्गठित पार्नका लागि विषय प्रवेशका अतिरिक्त पाँच अध्यायमा विभाजन गरी आवश्यकता अनुसार शीर्षक र उपशीर्षक दिइएको छ । यसको रूपरेखा यस प्रकार छ ।

प्रथम अध्याय - शोध परिचय
द्वितीय अध्याय - अछाम जिल्लाको सङ्क्षिप्त परिचय
तृतीय अध्याय - अछाम जिल्लाको साहित्यिक गतिविधिको सर्वेक्षण
चतुर्थ अध्याय - अछाम जिल्लाका साहित्यकारहरूको सङ्क्षिप्तपरिचय र उनका कृतिहरू
पञ्चम् अध्याय - अछामको साहित्यिक विकासमा योगदान पुऱ्याउदै आएका पत्र पत्रिका तथा संघसंस्थाहरूको सङ्क्षिप्तपरिचय
षष्ठी अध्याय - उपसंहार
परिशिष्ट
सन्दर्भ ग्रन्थ सूची

# låtLo cWofo

# c5fd lhNnfsf] ;ª\lIfKt kl/ro

## २.१ पृष्ठभूमि

अछाम भनेर चिनिने अछाम जिल्ला नेपालको सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत सेती अञ्चलमा पर्ने एक पहाडी जिल्ला हो । सेती अञ्चलका पाँचवटा जिल्लाहरूमध्ये अछाम मध्य पहाडी भागमा पर्दछ । यसका छिमेकी जिल्लाका तुलनामा अछाम जनसङ्ख्या र क्षेत्रफलमा ठूलो छ । ‘डोटी राम्रो डडेलधुरा अछाम राम्रो साँफे मलाइ पनि उडाइलैजा हिउँचुलीको डाँफे’ भनेर गीतका टुक्काद्वारा पनि अछामको विशेषता देखाइएको छ । ‘अछामलाई सेती नदी, बुढी गङ्गा, कैलाश खोलाका फाँटहरूले स-साना खोलाका बगरहरूले रमणीय धनधान्यपूर्ण साथै उजाड तथा उजाड पनि बनाएको छ ।’[२]

अछाम जिल्लाको पूर्वतर्फ कर्णाली नदी बगेको छ भने पश्चिम दक्षिणतिर सेती नदी बग्दछ । कर्णाली नदीले अछाम सुर्खेत, दैलेख र कालीकोटलाई छुट्याएको छ । नगदेबालीका साथै फलफूल, खाद्यान्न र उद्योगका कच्चा पदार्थका उत्पादनका लागि पनि अछाम एक प्रख्यात जिल्ला हो । नेपालको सुदूरपश्चिम क्षेत्रमा अछामको सुन्तला, कागती र यहाँका जङ्गली काफलको ठूलो मह□व रहेको छ । अछाम जिल्ला प्रशस्त जलस्रोत, बनजङ्गल जडीबुटी, बन्यजन्तु तथा पशुपंक्षीका लागि पनि सम्पन्न मानिन्छ । जलाशय र ताल तलाउका दृष्टिकोणबाट पनि अछाम जिल्ला प्रख्यात मानिन्छ । अछामको धरातलीय स्वरूप अनौठो र रमणीय पनि हुनाले घुमफिर तथा दृश्यावलोकनका निम्ति उपयोगी मानिन्छ । यहाँ न त धेरै गर्मी हुन्छ न धेरै जाडो तसर्थ यो क्षेत्र जनजीवनका लागि पनि अत्यन्त अनुकूल मानिन्छ ।

### २.१.१ नामकरण

अछामको नामकरणको बारेमा जानकारी प्राप्त गर्ने प्रयत्न गर्दा ‘प्राग ऐतिहासिक कालमा हालको अछाम क्षेत्र “नौखुवा” नामले प्रख्यात थियो ।’[३] नौखुवा भन्नाले पूरै

---

२. राजाराम सुवेदी, **अछामको इतिहास,** अछामः वैद्यनाथ क्षेत्र प्रकाशन समिति, २०५८, पृ.१० ।

३. ऐजन्, पृ.२४ ।

अछामलाई नौखण्डमा विभाजित गरी स-साना नौ वटा राज्यहरू बनाइएका थिए भन्ने भनाइ छ । उक्त नौ वटा राज्यहरू निम्न प्रकार छन् :

(१) तिखापातल

(२) कोटबाडा

(३) बाइकोट

(४) सुनघर

(५) मुलकोट

(६) सुराइकोट

(७) जनालीकोट

(८) छातासैन

(९) कुइकाकोट

'प्राचीन समयको नौखुवा क्षेत्र नै हालको अछाम जिल्ला हो ।' यस जिल्लाको नाम अछाम रहनुका अनेक किंवदन्ती वा मतमतान्तर रहेका छन् । जसअनुसार अछामको नामकरण यसरी नै भयो भनेर ठोकुवा आधार नभएकोले नामकरणका बारेमा भनिने गरेका सबै मतहरूलाई यहाँ उल्लेख गरिएको छ, जुन निम्नानुसार छन् :

(१) 'भृगुऋषिका छोरा शुक्राचार्यले यसै जिल्लाको रामारोशनमा तपस्या गरी महादेवबाट अक्षय वरदान पाएका थिए । त्यसैले शुक्राचार्यलाई अक्षय भनिन थाल्यो उनले पुनः केदार केदारी अर्थात् कैलाश गङ्गाको मूलमा स्वर्ग जानका लागि सोमयाग पनि गरेको कुरा स्कन्दपुराण अन्तर्गत मानसखण्डमा वर्णित छ । यसरी अक्षय ऋषिले यस क्षेत्रमा तपस्या गरी अक्षयमयपारेकाले उनकै नामबाट अक्षय भन्दा भन्दै अछाम हुन गएको हो ।'[४]

(२) 'अश्वलायन ऋषि खेचराद्री पर्वततिर तपस्या गर्न आउँदा साथमा अक्षय नाम गरेका शिष्य लाई रामारोशन क्षेत्रमा तपस्या गर्न अह्राए । उनको

४. सुरत बहादुर शाह, 'प्रकृति, पुराण, इतिहास र संस्कृतिको थलो अछाम', **सम्पदा नेपाल** (वर्ष १, अङ्क ४, माघ-चैत्र, २०६७), पृ.८ ।

तपस्याको तेजले वरिपरिको वातावरण तेजोमय र आकर्षक भयो त्यही तेजोमय धर्ती लाई "अक्षमस्थल स्थल" भन्दाभन्दै अछाम हुन गयो ।'[५]

(३) 'अछामको पहिलो राजधानी सेरा बुढी थर्पुको निकट एक पास्तोली भन्ने गाउँ छ । त्यहाँ माटो नछोई ढुङ्गाबाट निस्केका मूलबाट तीनधारा बनी पास्तोली गाड बनेको छ । ढुङ्गाबाट बाहिर निस्केको पानी स्वच्छ हुनु स्वाभाविकै हो । त्यसैले त्यसलाई अच्छाम्भस भनियो अर्थात् अच्छा+अम्भस को अर्थ स्वच्छ पानी आकाश भन्ने हुन्छ । स्वच्छ पानी भएको स्थल भन्दाभन्दै अच्छाम, अच्छा (राम्रो) बाट अछाम हुँदै पहिले राजधानीको नाम र पछि राज्यकै नाम रहन गएको भन्ने मत पनि सुनिन आएको छ ।'[६]

### २.१.२ भौगोलिक अवस्था

'नेपालका चौध अञ्चलमध्ये सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने सेती अञ्चल स्थित अछाम जिल्लाको कूल क्षेत्रफल १६९२ वर्ग कि.मि. रहेको छ । यसको सदरमुकाम मङ्गलसेन समुन्द्र सतहदेखि ५४० मिटरबाट ३८२० मिटरसम्म उचाइ रहेको यस जिल्लाको पूर्वमा भेरी अञ्चलको दैलेख जिल्ला पश्चिममा डोटी उत्तरमा बझाङ र बाजुरा जिल्ला तथा दक्षिणमा सुर्खेत जिल्ला पर्दछन् ।'[७] यहाँ हाल पचहत्तर वटा गा.वि.सं. रहेका छन् । अछामको सदरमुकाम र केही अन्य गा.वि.स हरू समेटेर मौखिक रूपमा नगरपालिका भनिए तापनि अधिकारीक रूपमा भने नगरपालिका अझै घोषणा भैसकेको स्थति भने छैन ।

### २.१.३ भू-बनोट

भौगोलिक रूपमा पहाडी क्षेत्र स-साना उपत्यका क्षेत्र र समतल भू-भाग गरी अछामलाई तीन (३) भागमा विभाजन गरिएको छ । यहाँको भू-भाग समुद्री सतहबाट ५४० मिटरदेखि ३८२१ मि. को उचाइसम्म रहेको छ । यहाँको सदरमुकाम रहेको मंगलसेन भने १३२६ मि. उचाइमा रहेको छ । 'यो जिल्ला २८ डिग्री ४५ मिनेट उत्तरदेखि २९ डिग्री २३ मिनट उत्तरी अक्षांश र ८१ डिग्री ७२ मिनट देखि ८१ डिग्री ३५ मिनट पूर्वी देशान्तरमा

---

५. ऐजन्, पृ.८ ।

६. ऐजन् पृ.८ ।

६. ऐजन्, पृ.८ ।

७. जिल्ला विकास समितिको कार्यालय, **अछाम प्रोफाइल**, २०६७ ।

अवस्थित छ ।'[८] यो जिल्ला पूर्ण रूपमा मध्यमहाभारतीय पर्वत क्षेत्रमा पर्ने हुँदा यहाँको सम्पूर्ण धरातलमा पर्वतीय विशेषता झल्कन्छ । भू-धरातलीय आधारमा अछाम जिल्लालाई ३ भागमा विभाजन गर्न सकिन्छ :

**(१) बैँसी क्षेत्र**

जिल्लाका प्रमुख नदी र नदी किनारमा पर्ने क्षेत्रहरू यस अन्तर्गत पर्दछन् । जिल्लाका प्रमुख नदी किनार क्षेत्रहरू कृषि उत्पादनका लागि प्रसिद्ध मानिन्छन् । जिल्लाको प्रमुख व्यापारिक क्षेत्र साँफेबगर यसै क्षेत्रमा पर्दछ । यसका अलावा वैजनाथ, ककटसान, सुगाली तथा लोडयावगरजस्ता क्षेत्रहरू पर्दछन् ।

**(२) मध्य पहाडी लेक क्षेत्र**

समुद्र सतहबाट १२२० मिटरदेखि ३१३४ मिटरसम्मको पहाडी भूभाग यस अन्तर्गत पर्दछन् । जिल्लाको दुई तिहाई भाग यस क्षेत्र अन्तर्गत पर्दछन् । जिल्लाको सदरमुकाम मङ्गलसेन यसै क्षेत्रमा पर्दछ । अन्नबालीहरूमा विशेष गरी घैया, मकै, गहुँ, जौ, कोदो आदिको उत्पादन हुने भए तापनि यो क्षेत्र विशेष गरी अमिलो जातका फलफुलहरू जस्तै सुन्तला, मौसम तथा कागतिका लागि प्रसिद्ध मानिन्छ ।

**(३) उत्तरी भिरालो लेक क्षेत्र**

समुद्री सतहबाट ३१३४ मिटर भन्दा माथिको क्षेत्र यस क्षेत्रमा पर्दछ । यो क्षेत्रमा खप्तड, रामारोशन, ऋषिदह जस्ता प्रसिद्ध क्षेत्रहरू पर्दछन् । यहाँ हिउँद ऋतुमा प्राय : हिमपात हुने, दुर्लभ वन्यजन्तु र जडिबुटी तथा खनिज पदार्थको दृष्टिकोणले यो क्षेत्रलाई महत्वपूर्ण मानिन्छ । यस क्षेत्रमा अन्नबाली विशेष गरी मकै, जौ, उवा, तरकारी, आलु र फल फूलहरूमा ओखर खेतीको प्रचुर सम्भावना देखिन्छ ।

**२.१.४ हावा पानी**

उचाइको बृद्धि हुँदै जाँदा हावा पानीमा पनि भिन्नता देखिनु स्वाभाविकै हो । समुद्र सतहबाट ५४० मिटर उचाइदेखि ३८२० मिटर उचाइलाई मध्यनजर गर्दा यस जिल्लामा

---

८. कर्मचारी मिलन केन्द्र, 'अछाम जिल्लाको सङ्क्षिप्त परिचय', **स्मारिका,** २०६७, पृ.२ ।

हावापानीको विविधता रहेको पाइन्छ । पहाडी तथा उच्च भागहरूमा तापक्रम हिउँदमा सरदर ५ डिग्री सेन्टिग्रेड रहन्छ । जब कि खोँच तथा टारहरूमा हिउँदमा २० डिग्री सेन्टिग्रेट रहन्छ । त्यस्तै ग्रीष्म ऋतुमा पहाडी भागमा २५ डिग्री सेन्टिग्रेट तथा उच्च भागहरूमा २० डिग्री सेन्टिग्रेट र खोच तथा टारहरूमा ३० डिग्री सेन्टिग्रेट सरदर तापक्रम रहन्छ । त्यस्तै यो जिल्ला महाभारत पर्वको सूर्यमुखी ढालमा पर्ने हुँदा वार्षिक वर्षा सरदर १८९१ मि.मि. सम्म रहन्छ । उत्तरी भागको उच्च भू-भागमा हिमपात समेत हुने गर्दछ ।

'अछाम जिल्लाको कुल १६.९२ वर्ग कि.कि क्षेत्रफलमध्ये खेतीयोग्य अर्थात् कृषियोग्य भूमि जम्मा ५३.५५७ हेक्टर मात्र छ । अन्य क्षेत्र उब्जाउको हिसाबले त्यति उर्वरा मानिँदैन तैपनि सु.प.का अन्य जिल्लाको दाँजोमा यो जिल्ला अझै उर्वरायोग्य नै देखिन्छ ।' [९]

### २.१.५ यातायातको अवस्था

#### (१) सडक यातायात

सडक यातायातको विकासको दृष्टिले पनि यो जिल्ला निकै पछाडि परेको छ । यस जिल्लामा हालसम्म निर्मित ६७ कि.मि कालोपत्रे सिलगढी देखि साँफेबगरसम्म ३५ कि.मी रहेको छ । हाल उक्त कालोपत्रे मंगलसेन ४२ कि.मि. सदरमुकामसम्म बन्ने क्रम जारी छ । कच्ची ग्रामीण सडकको विस्तार तीव्र रूपमा भइरहेको छ । साथै मध्यपहाडी लोकमार्ग अन्तर्गत सदरमुकाम मङ्गलसेनदेखि बेलखेतसम्मको बाटो सवारी साधन चल्न सक्ने अवस्थामा छ । यस सडक मार्गले कर्णाली पारिको दैलेख जिल्ला समेत जोडेको छ । कर्णाली नदीमा हालसम्म फेरि नै सञ्चालन भैरहेको भए तापनि हाल पुल निर्माण कार्य पनि प्रारम्भ भैसकेको छ ।

#### (२) हवाइ यातायात

अछाम जिल्लामा साँफेबगर र कमल बजार गरी दुई ठाउँमा हवाइ विमानस्थल छन् तर हाल दुवै विमानस्थल संचालनमा छैनन् । द्वन्द्वकालमा क्षति भएको साँफेबगर विमान स्थल पुननिर्माणको क्रममा छ । यथासम्भव छिटो निर्माण कार्य सम्पन्न गरी नियमित हवाइ सेवा सुचारु गर्ने प्रयत्न भैरहेको छ ।

---

९. ऐजन्, पृ.१ ।

### २.१.६ जनसङ्ख्या

'अछाम जिल्लाको हालको जम्मा जनसङ्ख्या २,३३,२५७ रहेको छ । जसमध्ये पुरुष १०८,९९८ जना महिलाको सङ्ख्या १,२२,२८७ जना रहेको छ । नेपालकै कुल जनसंख्यामा महिलाको जनसङ्ख्याबढी देखिए झैँ अछाम जिल्लामा पनि महिलाको जनसङ्ख्या बढी नै देखिएको छ । यहाँका मानिसको औसत आयु पुरुष ४९ वर्ष, महिला ४६.२० वर्ष रही आएको छ ।'[१०] जनचेतनाको अभाव र अशिक्षित हुनुको साथै यातायातको विकटताले गर्दा पनि यहाँका केही मानिसहरूको मृत्यु अल्पायुमै भएको पाइने गरेको छ ।

### २.१.७ आर्थिक अवस्था

अछाम जिल्ला प्रकृति र संस्कृतिले धनी जिल्ला भए पनि यहाँका मानिसहरूको अवस्था औसत रूपमा हेर्ने हो भने राम्रो पाइँदैन । यहाँको अर्थव्यवस्था कृषिमा भरपर्दो छ र यस भन्दा बाहेक यहाँका युवाहरू आर्थिक स्थिति बलियो बनाउने उद्देश्यले भारतको अनेक ठाउँमा जस्तै मुम्बइ, दिल्ली नैनीताल सिमला बैङ्गौलर, देहरादुन, जस्ता ठाउँमा गएर काम गर्ने गर्छन् । आज भोलि भने कतिपय मानिसहरू भारत बाहेकका अन्य ठाउँहरू जस्तै दुबइ कतार मलेसिया जाने क्रम पनि बढ्दो देखिएको छ । अछाम जिल्लामा सुरु सुरुमा दूध घिउहरू बेच्यो भने गाई भैंसी बिग्रिन्छन् भन्ने चलन थियो । तर हाल भने त्यो सोचाइमा विस्तारै सुधार आइरहेको छ । वर्तमान अवस्थामा दूध, घिउ बेच्ने र आफ्नो जीविका चलाउने चलन बढ्दै आएको छ ।

अछामी समाजमा आर्थिक असमानता विद्यमान छ । यहाँ धनी र सम्पन्न व्यक्तिहरू पनि छन् भने निर्धन र कमजोर आर्थिक अवस्थाका व्यक्तिहरू पनि छन् । कसैलाई धनको फालाफाल छ भने कसैलाई एक सरो कपडा र दुई छाक टार्ने समस्या छ । यसको चित्रण गर्ने एउटा गीत पनि अछमी माझ प्रचलित छ ।

'औलवीउ वयेली खेल्लो लेख वीउ छ पोकाई ।
कसैका ज्यूनारी बासी कोइ भोकाका भोकाइ ॥'[११]

---

११. नयनबहादुर खडका, 'खप्तडसँग जोडिएका जिल्लाहरूको आर्थिक र सामाजिक स्थिति', **खप्तड**, २०६८, पृ.७९ ।

१२. खगेन्द्रप्रसाद उपाध्याय, अछामी देउडा गीतको अध्ययन, (अप्रकाशित शोध पत्र २०६७), त्रि.वि.वि. काठमाडौं, पृ.२७ ।

यसरी अछामीहरूको आर्थिक अवस्था सन्तोष जनक नभएको कुरा माथिका पङ्तिहरूले जनाउँछ । भारत नगएर आर्थिक उपार्जन गर्ने कुनै उपाय छैन । अछामी समाज र त्यहाँ बस्ने निम्न आर्थिक अवस्था भएका अछामीहरूको साफा समस्याको प्रतिनिधित्व निम्न गीतहरूले गरेका छन् :

'एक वैरी अन्तुकापूल दोस्रो वैरी चीन ।
तेस्रो वैरी मायाजाल चौथो वैरी रिन ॥
सक्कीए वम्मैका पैंसा बकसपन रित्ती ।
घरपन वितडपडी उमेरपन विती ॥'[१२]

## २.१.८ नदी नाला

विश्व मानचित्रमा नेपाल जलस्रोतको धनी भएकै नेपालको मानचित्रमा अछाम जिल्ला पनि जलस्रोतको धनी मानिन्छ । नदी वर्गीकरणको सिद्धान्त अनुसार यहाँ ठूला मफौला तथा साना स्तरका नदीहरू रहेका छन् । जस अन्तर्गत यहाँ प्रवाहित हुने नदीहरूको कुल सङ्ख्या ३५४ वटा रहेको छ । यी नदीहरूमा पर्याप्त जलविद्युतको सम्भावना रहेको कुरा विभिन्न अध्ययनहरूबाट समेत पुष्टि भैसकेको छ । यस जिल्लामा प्रवाहित हुने प्रमुख नदीहरूमा बढी गङ्गा, कैलाश खोला प्रमाली गाउँ, छिपेया खोला गङ्गानदी र चाइरा खोला आदि रहेका छन् ।

## २.१.९ ताल तलैयाहरू

यस जिल्लालाई प्राकृतिक वरदानको रूपमा असङ्ख्य ताल तलैयाहरू प्राप्त भएका छन् । तथापि यातायातको कठिनाइ र जनचेतनाको कमी जस्ता समस्याहरूले यस जिल्लामा मनै लोभ्याउने खालका मनोरम ताल तलैयाहरू भए तापनि हालसम्म यी ताल तलैयाहरूले राष्ट्रिय स्तरमा प्रसिद्धि पाउन सकेका छैनन् । यातायातको विकास ट्रेकिङको व्यवस्था र पर्यटकीय होटलहरूको विकास गरी यहाँका तालहरूको परिचय गराउन सकियो भने अछाम जिल्लालाई पर्यटकीय जिल्लाको रूपमा विकास गर्न सकिन्छ । यी तालहरूमा मुख्य गरेर खप्तड ताल, ऋषिदह, बाह्रबण्ड तथा अठ्ठारखण्डका ताल तलैयाहरू आदि रहेका छन् ।

---

[१३.] ऐजन् पृ.२८ ।

### २.१.१० स्वास्थ्यको अवस्था

अछाम जिल्लामा हालसम्मको प्राप्त विवरण अनुसार जिल्ला अस्पताल १५ शै याको (१) रिडिकोट अस्पताल १ (१५ शैया) को जुन धेरै वर्षदेखि विविध कारणले बन्द रहे तापनि हाल सञ्चालनमा देखिन्छ । यहाँ १२ वटा स्वास्थ्य चौकी ६० वटा उपस्वास्थ्य चौकी २ वटा प्राथमिक स्वास्थ्य केन्द्र र २ वटा आयुर्वेद अस्पताल रहेका छन् । यति हुँदा हुँदै पनि पर्याप्त मात्रामा सबै जनताहरूले सेवा पाइरहेको आभाष भने यस जिल्लाका जनताहरूबाट पाइएको देखिँदैन । हाल यस जिल्लाको औसत आयु पुरुष, ४९ वर्ष र महिलाको ४६.२० वर्ष रहेको छ ।

### २.१.११ जातिगत विवरण

अछाम जिल्ला सु.प. मध्येको सबै भन्दा विविध जाति बस्ने जिल्लाका नामले प्रख्यात जिल्ला हो । यहाँ हाल बाहुन, क्षेत्री, ठकुरी, दमाईं, कामी, सार्की सन्यासी, नगर, मुसलमान, अन्य जातिका मान्छेहरूको बसोबास पाइए पनि क्षेत्रीहरूको बाहुल्यता रहेको पाइन्छ । कुल जनसङ्ख्याको ४९.९ प्रतिशत क्षेत्री जातिको रहेको छ । अहिले पनि यहाँको जातीय विभाजनको अन्त्य हुन सकेको छैन तल्लो जात र मल्लो जात भनेर जातीय असमानता हाल पनि समाजमा विद्यमान नै रहेको छ । यसै गरी मुसलमान जाति पनि यहाँ अछाममै बसोबास गर्ने अन्य जातहरूसँग आफ्नो बिहेवारी कार्य चलाई स्थायी रूपमै यही बसोबास गर्दौ आएका छन् । यहाँका धेरै जसो थरहरू गाउँकै नामबाट बनेका छन् । जस्तैः

| गाउँ | | थर |
|---|---|---|
| १. रिमा | - | रिमाल |
| २. रुज | - | रिजाल |
| ३. देवकोट | - | देवकोटा |
| ४. धमाली | - | धमाल |
| ५. तिमीलसैन | - | तिमिल्सेना |
| ६. पुडासैन | - | पुडासैनी |
| ७. दर्ना | - | दर्नाल |
| ८. घोडासैन | - | घोडासैनी |

९. ढाँकु - ढकाल

१०. कुन्ति ढुङ्गेनी - ढुङ्गाना

११. बजगाउँ - बजगाइँ

१२. बारला - बराल

१३ कुँइका - कुँइकेल

१४. मङ्गलसैन - मङ्गलसैनी

१५. जमालगाउँ - जामाल

१६. धारासैन - धारासैनी

१७. सुतार - सुतारी

१८. द्रवा - द्रवाल

१९. लेखकोट - लेखकोटी

२०. जयगड - जयगडी[१३]

### २.१.१२ सांस्कृतिक अवस्था/सामाजिक अवस्था

अछाम जिल्लाको इतिहास हेर्दा धर्म संस्कृतिको हिसावले पनि आफ्नै र अलग्गै मौलिकता र पहिचान पाइन्छ । धर्म कर्ममा बढी विश्वास गर्ने भएकाले पूजाआजा, देउधर्म तथा राँगा बोकाको बली जस्ता कार्यहरूबाट धर्म सिद्धि हुने विश्वास गर्दछन् । धर्मको हिसावले हेर्दा हिन्दू धर्ममा आस्था राख्ने व्यक्तिहरू यहाँ ९९.६%, बौद्ध धर्ममा आस्था राख्नेहरू ०.२% र अन्य धर्ममा आस्था राख्ने व्यक्तिहरू ०.२% रहेका छन् । विगत केही समयदेखि भने यहाँका केही ब्राह्मण जातिहरूले बली बहिष्कार गरी बली नदिने प्रण गरेर अहिंसाको बाटो अपनाउनुलाई सह्रानीय कार्य मान्न सकिन्छ ।

### २.१.१३ शैक्षिक अवस्था

ऐतिहासिक कालखण्डदेखि नै अछाम जिल्लामा शिक्षाको लागि विभिन्न प्रयत्न भएको देखिन्छ । अनौपचारिक तवरले यस जिल्लामा शिक्षाको सुरुवात राणाकालीन समयमा जयपृथ्वी बहादुरको योगदानले भएको थियो । त्यस समयमा भाषा पाठशालाका नामले स्थापित स्कुल प्रजातन्त्रको बहालीसँगै नवदुर्गा आधार स्कुल एवं मिडिल स्कुलको रूपमा

---

१४. राजाराम सुवेदी, **अछामको इतिहास,** ( अछाम, वैद्यनाथ प्रकाशन समिति, २०५८ ) अन्तिम पृष्ठको भित्री पाना ।

वर्तमान चण्डिका गा.वि.सको बयलपाटा बजारमा एउटा विद्यालयको स्थापना भयो २०१७/०१८ सालमा सो स्कुललाई महेन्द्र हाइस्कुलको रूपमा परिणत गरे पछि मा.वि. स्तरीय विद्यालयको यस जिल्लामा सर्वप्रथम सुरुवात भएको मान्न सकिन्छ । उसो त अछाम जिल्लामा शिक्षाको विकास जुम्लाको सिंजा साम्राज्यपछि नै भएको हुनसक्ने अनुमान गर्न सकिन्छ । 'अछाम जिल्लामा सम्बत् १११२ सालको देवचन्द्र समाल आफ्नी रानी सुखावतीसहित आमा हार्मतासँग तत्कालीन अछामको राजधानी सेरा बुडीथर्पुमा प्रवेश गरेको समयलाई लिखित सामग्रीका रूपमा प्रप्त गर्ने सकिन्छ ।'[१५]

अछाममा शिक्षामा विकास समाल वंशीय अछाम राज्यपछि नै भएको पाइन्छ । त्यसभन्दापूर्व पनि गुरुकुल शिक्षा भएको अनुमान गर्न सकिन्छ । तत्कालीन समयमा राजाको प्रशस्ति र अभिलेख लेख्न एवम् यज्ञयज्ञादि र ज्योतिष ज्ञानका लागि तथा राजकाजका सम्बन्धमा समेत खाँचो परेको भएर शिक्षाको आवश्यकता भएको हुनुपर्छ । त्यति बेला अनौपचारिक शिक्षाको सुरुआत भए पनि औपचारिक रूपमा शिक्षालय नै स्थापना भएको जानकारी पाइँदैन । अछाममा हालसम्म पनि शिक्षाको विकास उल्लेखनीय रूपमा भएको पाइँदैन । धनी र जागिरेका छोराछोरीहरू राजधानीसम्म गएर पढे पनि शिक्षाक्षेत्रमा अछाममा अहिलेसम्म कसैले राम्रो सोच बनाएको पाइँदैन ।

अछामी जनताहरूको ठूलो लगानी र प्रयत्नको फलस्वरूप वि.सं. २०१६ सालमा अछामको वयलपाटामा एउटा माध्यमिक विद्यालयको स्थापना भयो । २०३२ सालमा मङ्गलसेनमा अर्को माध्यमिक विद्यालय स्थापना भयो । यसपछि क्रमशः कालागाउँ, बिनायक, श्रीकोट, मेल्लेख, ढाँकु, तुर्माखाँद, धमाली, कालीमाटीगढी, बुढाकोट, दर्ना, जुपु घोडासैन, हिच्माजस्ता ठाउँहरूमा माध्यमिक विद्यालयको स्थापना भयो । हालसम्म अछाममा २४१ प्रा.वि., २७ वटा नि.मा.वि., २४ वटा मा.वि. र ३ वटा उ.मा.वि. क्रमशः विनायक, कालागाउँ र श्रीकोट छन् । प्रवीणता प्रमाण-पत्र तहसम्म त्रि.वि. बाट सम्बन्धन प्राप्त ५ वटा क्याम्पसहरू सञ्चालन हुँदै आइरहेका छन् । अछाम जिल्लाको तथ्याङ्कअनुसार ११४० महिला र १८५ पुरुषलाई वि.सं. २०६७ सालसम्म अनौपचारिक शिक्षा प्रदान गर्ने काम भएको छ । अछाममा हालसम्म १६ वटा स्रोतले विद्यालयको गतिविधि निरीक्षण गरिरहेका छन् । केही वर्षपूर्व अछाममा पनि सेती विकास परियोजनाले आधारभूत शिक्षा प्रदान गर्ने

---

१५. योगेन्द्र बजगाईं, अछाम जिल्लामा प्रचलित टुक्काको अध्ययन (अप्रकाशित शोध पत्र २०६१ ), पृ.७ ।

कार्यमा जोड दिएको थियो । अछाम जिल्लामा प्राथमिक शिक्षा परियोजनाले पनि आधारभूत शिक्षा प्रदान गर्ने कार्यमा जोड दिएको थियो । अछाम जिल्लामा प्राथमिक शिक्षा परियोजना लागू भएदेखि शिक्षाप्रतिको चासो बढेको देखिन्छ । 'अछामको कुल जनसङ्ख्यामध्ये ५३.१८□ साक्षर रहेकोमा ती मध्ये पुरुष साक्षरता दर ७१.५४□ र महिला साक्षरता दर ३७.१८□ रहेको तथ्याङ्क उपलब्ध भएको छ ।'[१५] यसले गर्दा अछाम जिल्लमा नारीशिक्षामा विशेष जोड दिनुपर्ने देखिन्छ ।

### २.१.१४ सञ्चारको अवस्था

विकासका अन्य आयामहरू जस्तै सञ्चार क्षेत्रमा पनि नेपालको मानचित्रमा अछाम पिछडिएको जिल्ला नै मानिन्छ । २०४८ सालको राजनीतिक परिवर्तन पछि मात्र विकासका चौतर्फी आयामहरूले अछाममा गति लिन थालेका हुन् तर २०४६ सालपछि भने अन्य क्षेत्रहरूले जस्तै सञ्चारक्षेत्रले पनि यहाँ मात्रात्मक र गुणात्मक फड्को मारेको देखिन्छ । हाल जिल्लाका लगभग सबै ठाउँहरूमा सेवा विस्तार भैसकेको छ । मोबाइल सेवाले हाल अछाम जिल्लाको ठूलो जनसङ्ख्यालाई लाभ दिन सकेको छ ।

'नेपाल टेलिकमको अभिलेख अनुसार हालसम्म अछाम जिल्लामा, पि.एस. टि.एन लाइन २७५ थान, मार्टस-१० लाइन, एनटी स्पाइ २९ लाइन, सि.डिएम.ए रोट ५१२, स्काइ मोबाइल २२५० जि.एस.एम मोबाइल ६५००, पोष्टपेड मोबाइल ३५० र ए.डि.एस इन्टरनेट क्षमता २४ लाइन रहेको छ ।'[१६] यस अतिरिक्त अछामका जनताहरूले हुलाक सेवा, रेडियो, पत्रपत्रिका, कुरियर सेवा र केबुल नेटवर्कबाट पनि सञ्चार सुविधा लिने गरेका छन् । थुप्रै सम्भावना बोकेको अछाम जिल्लाको सञ्चार क्षेत्र क्रमिक विकासको क्रममा रहे पनि विभिन्न समस्या र चुनौतीहरू भने अगाडि रहेका छन् । तसर्थ जिल्लामा सञ्चार क्षेत्रको गुणात्मक विकासका थुप्रै सुधारहरू गर्न आवश्यक छ । 'जिल्लाका धेरैजसो ठाउँमा टेलिफोन टावरले कार्य नगरेको खण्डमा पुलिसको फोन सेट पनि सञ्चार माध्यमका लागि प्रयोग गर्ने गरेको पनि पाइएको छ ।'[१७]

---

१५. अछाम जिल्ला प्रोफाइल, २०६७

१६. जिल्ला हुलाक कार्यालय, **कार्य सरलीकरण निर्देशिका**, २०६७, पृ.३ ।

१७. स.इ.श्री वासुदेव अवस्थीबाट मौखिक जानकारी प्राप्त ।

## २.२ ऐतिहासिक परिचय

प्रत्येक ठाउँविशेषको आफ्नै ऐतिहासिक महŒव हुन्छ, साथै हरेक ठाउँले आफ्नो ऐतिहासिक मौलिकता बोकेको हुन्छ । अछाम जिल्लाको इतिहास खोतल्ने क्रममा प्राचीन कालसम्म दौडनु पर्ने हुन्छ । नेपालको इतिहासमा प्राचीनकाल भन्नाले लिच्छवि काललाई भनिन्छ । लिच्छवि कालमा नेपालको भूभाग अझ विस्तृत थियो भन्ने कुरा इतिहासबाट थाहा हुन्छ । यस्तो कुरा मानदेवको गण्डकी पारिको नायकत्व ग्रहण गर्नुभएका समरनायक बहादुर शाह पश्चिमतर्फ बढेपछि फेरि देवचन्द्र शाहीहरूको विद्रोहमा गोरखाली सेनालाई भगाएपछि ठेक्काराज्य कायम गरी स्वाँरहरूले राज्य सञ्चालन गरेको कुरा इतिहासमा उल्लेख पाइन्छ । अछामी राजाको वंशमा चलिआएको खानदानी परम्पराको लागि टीकाभूप शाहीका छोरा दलबहादुर शाहले तत्कालीन श्री ५ मा अनुनय विनय गरी ठेक्काराज्य माग गरेका हुनाले ठेक्का बुझाई खानपाउने गरी पुनः दलबहादुर शाहका पालासम्म अछामी राजाको ४५ औं पुस्ता हुन्छ । यिनका छोरा गजेन्द्रबहादुर शाह र नाति योगेन्द्रबहादुर शाहसम्म ४७ पुस्ता पुग्छ । यसपछि नेपालको केन्द्रीय शासनसत्ता परिवर्तन भई पञ्चायती व्यवस्था २०१७ सालमा सुरुआत हुन्छ ।

अछामको विभिन्न ठाउँमा बसोवास गरेका विज्ञहरूको भनाइअनुसार पूर्वकालमा अछामभर दुल्लुतिरबाट त्यहाँका राजालाई पराजित गरी देउराई पेखे राजा र नवल्या ३ जना भोटेराजा सहित ४ जना मिली भलाद्मी बुढ्यौलीलाई हात लिएर लुट मच्चाए । त्यसैबेला अछाममा वण्डाली मस्टाको ठुलो प्रभाव थियो उनै मस्टा वण्डाली देवताका दुईवटा धामी पाठकवर्मा र अधिकारीवर्मालाई पनि ती पेखेराजाहरूले हत्या गरिदिए त्यसै ताका सुरराज भन्ने एक कल्याणकारी शासक थिए । उनले ती पेखेहरूलाई विजय गरी ठुलो मारकाट भएको हुनाले ती राजालाई जयपालदेव भन्न थालियो । पेखेराजाहरू अछाम दुल्लुमा चारपुस्तासम्म शासन गर्न सफल भए । जयपालदेवले तिनीहरूलाई जितेर आफ्ना जनताको पालना गर्न थाल्दा पालराजाका नामले प्रख्यात भए । त्यस वंशमा अदयराज, समुद्रपार, आदौराजा, श्रीराज, शंखपाल, धर्मपाल, वीरपाल, रामपाल, नुन्द्रिपाल, अंशुपाल, विक्रमपाल, कर्मपाल, चम्फिपाल, खराचलपालहरूले राज्य गरे । त्यसपछि मात्र समुद्रवंशी जुम्ली महाराजले अछाममा शासन गर्न लागेका थिए । त्यस समयमा अछामका विभिन्न पहाडका टाकुराहरूमा ढुङ्गाका किल्लाहरू निर्माण गरी मुखिया राजाहरू त्यहीँभित्र बस्दथे । अछाममा

जुम्ली राजाहरूले शासन स्थापना गरेपछि पनि अछामका विभिन्न ठाउँमा त्यस्ता भुरे राजाहरूको अस्तित्व मेटिएन बरु जुम्लीहरूसँग सम्पर्क बढाइ स्थानीय क्षेत्रमा आफ्नो प्रभुत्व बनाइ राख्न सफल भएका थिए । अछामका राजाहरूले बेलाबेलामा विभिन्न पहाडका टाकुरीमा बनाएका राज्य अर्थात् कोट किल्लाहरू मध्ये दर्नाकोट, विमकोट, घुँघरकोट, सुजौलीकोट, कालीमाटी गढीकोट, थर्पुकोट, सर्पुकोट, सुनारकोट, बाइकोट, रिडिकोट, धम्कोट, गाल्याकोट, मलातीकोट, लेककोट, बुढाकोट, पातलकोट, चुलिकोट, डुम्रिकोट, बेविकोट, हात्तीकोट, मेलकोट, पुरानोकोट, कालाकोट, गडिकोट, कोटगहिरो, झुमकोट, कोइरालाकोट, देवीकोट, बलाताकोट, भैरवकोट, सल्लिकोट, प्रख्यात थिए ।

अछाम राज्यको मूलथलो बड्डीअछाम सेरा बुडीथर्पु, कवाल्लेख, बान्नीगढी, पुनः कवाल्लेख हुँदै पछि मङ्गलसेनमा सरेको पाइन्छ । मङ्गलसेनमा तत्कालीन राजा दलबहादुर शाहले निर्माण गरेको भनिएको दरबार लामो समयसम्म जि. वि. स. र जिल्ला प्रसाशन तथा केही समयदेखि जिल्ला प्रशासन कार्यालय एकल रूपमा रहँदै आएको थियो । यो २०५८ साल फाल्गुण ४ गते माओवादी आक्रमणबाट ध्वस्त भयो । हाल उक्त दरबार अवशेष विहीन केवल प्रतिबिम्बमा मात्र सीमित रहेको अवस्थामा छ ।

राणाकालीन समयमा अछाम राज्य डोटी राज्यमा गाभिन गई खाद्यान्न आपूर्तिको केन्द्रका रूपमा रह्यो । अछामी जनतालाई डोटीसम्म खाद्यान्न आपूर्ति गर्ने साधनका रूपमा उपयोग गरियो । केही समयपछि अछामको कैलास खोला पश्चिमको भाग डोटीमा र पूर्वको भाग दैलेख जिल्लामा गाभियो । २०१४/१५ सालतिर यहाँका जनताहरूले तत्कालीन राजा महेन्द्रका जुनाफमा संयुक्त विन्तीपत्र जाहेर गरी अछाम जिल्लाको स्वतन्त्र अस्तित्वको माग गरियो । फलतः महेन्द्रबाट माल बुझिदिनू भन्ने हुकुम बक्स भएअनुसार नेपाल अधिराज्यका जिल्ला विभाजनका क्रममा २०१८ साल वैशाख १ गते ७५ जिल्लामध्येको एउटा जिल्लाका रूपमा अछामले पनि मान्यता पायो । यसरी यो जिल्ला आफ्नो अस्तित्वमा आएको हो ।

### २.३ धार्मिक परिचय

अछामीहरूमा धर्मप्रति आस्था र विश्वास प्रशस्त पाइन्छ । प्राचीन समयदेखि नै अछामका विभिन्न ठाउँमा निर्माण भएका देवी देवताका मठ मन्दिरहरूबाट धार्मिक कुराहरूको बारेमा सहजै अनुमान गर्न सकिन्छ । हिन्दूधर्मका अनुयायीहरूबाहेक अरू धर्मका

पनि हिन्दू धर्मप्रति आस्था गर्छन् । यस जिल्लामा पुराना भग्नावशेषको जिर्णोद्धार तथा नवनिर्मित मठमन्दिरको सङ्ख्या बढे पनि वर्तमान राजनीतिक द्वन्द्वले त्यस्ता संरचनामाथि आक्रमण गरेको भेटिन्छ । तिब्बत र नेपालको मुगु जिल्लाको सीमानामा रहेको रारा तालबाट बग्ने कर्णाली पनि यस जिल्लाको अधिकांश भूभाग भएर बग्दछ । कर्णाली नदीलाई पनि हिन्दूहरू पवित्र तीर्थस्थलका रूपमा मान्छन् । कर्णाली नदीको किनारी भागहरूमा अछामीहरूले मृतकहरूको दाहसंस्कार गर्ने गर्छन । बाजुरा जिल्लाको मालिका देवीको मन्दिर नजिकै पाटन त्रिवेणीक्षेत्रबाट बग्ने नदी बुढीगङ्गा तल आएर वैद्यनाथ मन्दिर छेवैमा बग्दछ । कैलासखोला रामारोसनक्षेत्रबाट बग्ने पवित्र नदी हो । अछामका प्रत्येक गाउँमा तीन चारवटा देवीदेवताका मन्दिर नभएको कुनै ठाउँ नै छैन ।

'अछाम जिल्लाका प्रख्यात मन्दिरहरूमा प्रमुख मन्दिर साँफेबगर नजिकै बुढीगङ्गाका काखमा रहेको वैद्यनाथ मन्दिर हो ।'[१८] खप्तड क्षेत्रका कालिका र खापड देवताको मन्दिर पनि त्यत्तिकै मह□वपूर्ण मानिन्छ । बुढीगङ्गा र कैलाशखोलाको सङ्गमस्थलमा अवस्थित जिम्राडी मस्टो देवता मन्दिर यहाँको प्रमुख देवस्थल मानिन्छ । सदरमुकाम मङ्गलसेनमा निर्मित षोडशादेवी मन्दिर, बजगाउँको जालपादेवी मन्दिर, विनायकमा निर्मित दाह्रेमस्टो मन्दिर, कालोसिल्लो मन्दिर, कृष्णदेवी मन्दिर भागेश्वर कालभैरव मन्दिर, जनालीकोट कालिकादेवी, सिद्धेश्वर कण्ठेश्वर महादेव मन्दिर, वीरपथ मनकामना मन्दिर, भाटाकाटिया नन्दामाता मन्दिर, बान्नातोली कैलासेश्वर बाटुलासैन कालिकादेवी, मलातीकोठ पिङ्गलादेवी, तुर्माखाँद भद्रकाली, कमलबजार, बाइँकोट मन्दिर र बोदे थान, नन्देगडा मस्टो देवता, भागेश्वर डोटेकाण्डेशवर, देवता, गाँजा सिद्धेश्वर, रामारोसन नीलकष्ठ महादेव, मार्कु सान्नीकोट, तोसी वन्डाली, त्रिपुरादेवी मन्दिर, बड्डीअछामको ओखलढुङ्ग देवता, चक्राँजुदेवी मन्दिर, वाँडा देवता मन्दिर, डुँगाला घोडाल देवता, गुडुलजलदो देवता, वन्डाली देवता, पास्तोली वन्डाली देवता आदि सयौं देवीदेवताका मन्दिरहरू पाइन्छन् । धार्मिक दृष्टिले अछामीहरू हिन्दू परम्पराका कट्टर समर्थक  छन् ।

माथि उल्लिखित तमाम मठमन्दिरहरूले गर्दा अछाम र अछामीको धार्मिक र सांस्कृतिक मह□वका बारेमा जानकारी सहज रूपमा लिन सकिन्छ ।

---

१८. सुवेदी, राजाराम (२०५८), अछामको इतिहास, अछाम : श्री वैद्यनाथ क्षेत्र प्रकाशन समिति ।

## २.४ सामाजिक र सांस्कृतिक परिचय

मानिस सामाजिक प्राणी भएकाले उसको जीवनका हरेक पक्षमा समाजको प्रभाव केही न केही अवश्य परेको हुन्छ । समाजको निर्माण विभिन्न किसिमका मान्छेको सामूहिक वासस्थानले गरेको हुन्छ । एउटा समाजमा विभिन्न जातजाति तथा पेसा र वर्गका मान्छेहरूको बसोबास हुन्छ । प्रत्येक जातजातिका आफ्नै संस्कार र संस्कृतिहरू पाइन्छन् । फरक संस्कार भएर पनि समाजमा बस्ने मानिसहरू परस्पर मिलेर बसेका हुन्छन् । अछाम जिल्लामा प्रचलित सामाजिक जीवनका आफ्नै किसिमका विशेषता छन् । परापूर्वकालदेखि नै यहाँका मानिसहरू आफ्नो संस्कृतिलाई असाध्य माया गर्छन् । आज पनि अछामीहरू आफ्ना सांस्कृतिक मूल्य र मान्यतालाई बचाउन प्रयत्नशील छन् । यहाँका बजार क्षेत्रमा नभएर गाउँहरूको बसाइ पनि बाक्ला घरहरूले बनेका गर्खा घरहरूको समूहले अझ सुसज्जित भएको देखिन्छ ।

अछामीहरूका वेशभूषहरूमा दौरा-सुरुवाल, कुर्तासुरुवाल, कमिजधडो, ज्याकेट टोपीजस्ता पहिरनहरू लोग्ने मान्छेका पहिरन हुन् । आजकाल सर्टपैन्टको चलन बढेको छ । आइमाईको पहिरनमा गुन्युचोलो, सारीब्लाउज पेटीकोट, जसता वस्त्रहरू नै प्रचलनमा छन् । अछामको उत्तरी क्षेत्रमा हाल पनि लोग्नेआइमाई दुवैथरीले अल्लो र भाँगोका रेसाबाट निकालिएका हातले बुनेका भाँग्राको गादो पनि लुगाको रूपमा लाउने चलन छ । अछाम जिल्लाका आइमाइहरूमा सुनका गहनाको प्रयोग धेरै पाइन्छ । गलामा लगाउने चाम्की, तिलहरीदेखि मङ्गलसूत्र तथा कानमा लगाउने लुण्की, बाली, रिङ्ग, रलबाली, ढुङ्ग्रीजस्ता गहना छन् भने नाकमा लगाउने फुली, खन्टो, नथनी र शिरमा लगाउने शिरबन्दी, सूर्यफूल, खुट्टामा लगाउने चाँदीका कल्ली, हातमा चाँदीका बाला, गलामा लाउने चाँदीका रुपियाँको माला, ठुम्राको माला, विभिन्न थरिका पोतेका मालाहरू पर्दछन् ।

खानपानका हिसाबले औलतिर बस्नेहरूले एक छाक भात र एक छाक रोटी खान्छन् भने लेकमा बस्नेहरूले गहुँ, मकै, कोदोको रोटी तथा केही दिन बिराएर मात्र भात खान पाउँछन् । दालका रूपमा मास, मुसुरो, भटमास र बोडीजस्ता बालीहरू प्रचलनमा छन् भने तेलमा तोरी, सस्यूँ, बसाले, रायो, चिउरे, तिलजस्ता बालीहरू पर्दछन् ।

अछामी प्रख्यात खानाका परिकारमा मासको दाल भिजाएर पिनेपछि तयार हुने लेदोको पकाएको 'फाँडो' र सागको मसिनो टुक्रा गराएर पकाएको लेदो 'राप्लो'/'कापो' विशेषरूपमा प्रचलनमा छ ।

अछाममा ९८% मान्छेहरू हिन्दू धर्मावलम्बी आश्रित छन् भने केही मुस्लिम, क्रिश्चियन र बुद्धिस्टहरू पनि छन् । सांस्कृतिक दृष्टिले धार्मिक स्थलहरूको यस जिल्लामा कमी छैन । कुनै पनि हिन्दू अछाममा प्रवेश गरेमा आफ्नो धर्मप्रति गौरव गर्न सक्छ । वैद्यनाथ मन्दिर, वर्दादेवी मन्दिर, बान्निगढी, जिम्राडी मस्टो देवता, षोडशादेवी मन्दिर, जाल्पादेवी, त्रिपुरासुन्दरी, नन्दामाता, षोडशाको विल्थम, खप्तड खापरको मन्दिर, विनायक पञ्चदेवल, विनायक दाह्रे मस्टो, बड्डीअछाम बजगाउँको मस्टो बण्डाली देवता मन्दिर, मनकामना मन्दिर, बाइँकोट मन्दिर, पाँचुलीमन्दिर, सात्चुला देवी मन्दिर, ऋषिदह, रामारोसनक्षेत्र, बाँणा देउता मन्दिर, बलाँता देउता मन्दिर जस्ता अछाम जिल्लाका प्रसिद्ध सांस्कृतिक धरोहरहरू धर्म, संस्कृति तथा पर्यटनका दृष्टिले समेत मह□वपूर्ण छन् ।

अछाममा मनाइने चाडपर्वहरू पनि धेरै छन् । प्रत्येक वर्षको पहिलो दिन विषुपर्व मनाइन्छ । यसमा आइमाइहरू पुतला खेल्छन् । देवरभाउजू बीच सिस्नो चिलाउने चलन पनि छ । प्रत्येक वर्ष नागपञ्चमीका दिन बजगाउँमा गौरापर्व मनाइन्छ र गौरा खेलिन्छ । गौरा खेल्दा आइमाई र लोग्ने तथा नातागोतासँग केही परख गरिँदैन जसले पनि खेल्न पाउँछ । असोज १ गते घाँसे सङ्क्रान्तिमा गैरीटाँड र कमलबजारमा राती-दिउसो विशाल मेला लाग्छ । बडा दसैंको टीकाको दिन ढँकारीको बाँच्कोटको जालपादेवी मन्दिरमा विशाल मेला लाग्छ, सयौं राँगा, बोका बली चढाइन्छन् । कोजाग्रत पूर्णिमाका दिन तितैडा त्रिपुरासुन्दरी मन्दिरमा विशाल मेला लाग्छ । बडा दसैंको टीकाको दिन ढँकारीको बाँच्कोटको जालपादेवी मन्दिरमा विशाल मेला लाग्छ, सयौं राँगा बोका बली चढाइन्छन् । कोजाग्रत पूर्णिमाका दिन तितौडा त्रिपुरासुन्दरी मन्दिरमा पनि विशाल मेला लाग्छ । कार्त्तिक पूर्णिमाका दिन गाँज्राको डौंठेगडा भन्ने ठाउँमा भव्य मेला लाग्छ । सयौं राँगाहरू बली दिइन्छन् । श्रावण पूर्णिमाको चतुर्दशीमा विनायकको दाह्रे मस्टो रहेको ठाउँ 'मैठे माडु' भन्ने ठूलो जात्रा लाग्छ । शिवरात्रीमा वैद्यनाथ मन्दिरमा ठूलो मेला लाग्छ । फाल्गुनको होली पूर्णीमाका दिन मङ्गलसेनमा ठूलो होरी पर्व मनाइन्छ ।

यस जिल्लाको सांस्कृतिक परम्पराअनुसारका नृत्यहरूमध्ये पञ्चेबाजा, ढोलक नृत्य, हुडकेनाच, लाखेनाच, भजन, झोडा, माङल, रोपाइँनाच, रतेडी, डेउडा, ल्वाँठेखेल, होरी डेउडा, भ्याउरेनाच, धामीनाचजस्ता नाचहरू प्रचलित छन् ।

अछामका मान्छेहरूले उत्पादन गर्ने अन्नबालीहरूमा मकै प्रमुख बालीका रूपमा चिनिन्छ भने धान दोस्रो र गहुँ तेस्रो बालीका रूपमा आउँछ । कोदो र फापर पनि यहाँका खाद्य बालीभित्र पर्दछन् । आलु, केराउ, भटमास, काउली, सिमी, मास, मसुरो, गुराँस, तोरी, सर्सी, रायो, तिलजस्ता तरकारी, दाल र तेल बालीको खेती  गर्छन् । भात यहाँका मान्छेहरूका मुख्य खाना हुन् । गरिब र निमुखा जनताहरूले कोदाको फाँडो र सिस्नुको कापो खाएर गुजार गर्ने गर्छन् ।

यहाँका अधिकांश वासिन्दाहरूको प्रंमुख आयस्रोत भनेको भारतमा गई कुल्ली र पाले भई काम गर्नु हो । यहाँका बासिन्दाको प्रमुख आयस्रोत भनेकै त्यही भारतबाट कमाई ल्याउने पैसा हो । दोस्रो पेसाका रूपमा अछामीहरूको कृषि र पशुपान नै हो । पशुपालनमा भैंसीपालन गाइपालन, कुखुरा, बाख्रा तथा तल्लो जातका मानिनेहरू सुङ्गुर पनि पाल्छन् । गाई र भैंसीबाट प्राप्त सितनबाट जम्मा भएको घिउ तराईको लम्कीबजार, टीकापुरबजार र राजपुरबजारमा लगेर बेच्ने चलन छ । यहाँका निवासीले डोको, कोर्को, बरियो, नाम्लो, दाम्लोजस्ता घरेलु साधन पनि तयार गर्छन् । नापतौलका सामानहरूमा माना, पाथी, नाली, सुप्पो तथा मुरीको चलन यहाँ छ । मानाको नाप ठोस र तरल दुवैमा हुन्छ । यस्ता सामाजिक तथा सांस्कृतिक विविधता अछाम र अछामीका विशेषता हुन् ।

## २.५ अछामको लोकसंस्कृति

अछामी 'स्व' को पहिचान र संरक्षणको लागि हाम्रा पुर्खाले आफ्नो सभ्यताको चिनारीको रूपमा पुस्तादरपुस्तामा हस्तान्तरण गरिएका विविध सांस्कृतिक छटाहरू अझै समाजमा विद्यमान छन् । लोकसंस्कृतिको संरक्षण गर्न सकियोस् भन्ने पवित्र उद्देश्यबाट लोप हुन लागेको मकरसङ्क्रान्ति उत्सव वैद्यनाथक्षेत्र विकास संस्था अछामले वि. सं. २०६३ माघ १ गते वैद्यनाथक्षेत्रमा आयोजना गर्न थालेको छ । यस उत्सवमा गाउँ-गाउँ, समुह-समुहमा आ-आफ्ना विविध संस्कृतिलाई व्यापक रूपमा प्रदर्शन गर्ने परम्पराको थालनी गरेको छ । संस्कृतिको सम्बन्ध साहित्यसँग हुने भएकोले अछामका गाउँ-गाउँमा पर्व-पर्वमा

खेलिने र वैद्यनाथक्षेत्रमा देखाइने लोकसंस्कृतिमध्ये खास-खासको सङ्क्षिप्त चिनारी यहाँ प्रस्तुत गरिएको छ ।

### २.५.१. शौर्यको प्रतीक भुवो

प्राचीनकालमा ढाल, तरवारले गर्ने युद्धको अभ्यासको प्रतीक नै वर्तमानमा भुवो खेलको प्रदर्शन हो । पौष कृष्णपक्षको अष्टमीमा आरम्भ गरी औंसीमा भुवोपर्व समापन गरिन्छ । बाबा वैद्यनाथको सम्मानमा माघ १ गतेको मेलामा वैद्यनाथक्षेत्रमा प्रदर्शन गरिन्छ । जुन निकै आकर्षक हुन्छ ।

### २.५.२. मकरसङ्क्रान्ति उत्सव

गाउँ-गाउँबाट आ-आफ्ना खाने पानीको स्रोतबाट कलशमा जल ल्याई वैद्यनाथमा चढाउने र अनि सबै प्रकारका सांस्कृतिक प्रदर्शनको अवलोकन नै यसको विशेषता हो । यसलाई चेली तिहार पनि भनिन्छ यो दिन विशेष गरेर काठको मुढा बाली सबैजना एकठाउँ भेला भई आगो ताप्ने र भलाकुसारी गर्ने चलन छ । यसै राती तिनै मुढाबालेको भुमरीमा एक प्रकारको रोटी पकाउने चलन छ, जसलाई मकरसङ्क्रान्तिको बिशेष खानाको रूपमा लिईन्छ यसको नाम अछामी भाषामा ‘ढुक्के रोटी’ हो ।

### २.५.३. महाशिवरात्री

महादेवको सबभन्दा मन परेको तिथि फागुनको कृष्णचतुर्दशीमा विभिन्न शिवमन्दिरमा मेला लागेझैं वैद्यनाथमन्दिरमा पनि गाउँ-गाउँबाट पञ्चैबाजाको अगुवाइमा दलबलको साथ ध्वजा (पर्गला) ल्याई ध्वजारोहण गर्नु यहाँको विशेषता हो । यहाँ विशाल मेला लाग्दछ । जिल्लाका सबै जसो गा.वि.सं. र जिल्ला बाहिरबाट पनि उक्त महाशिवरात्रीको मेला भर्न मानिसहरू यहाँ हर्षोल्लासका साथ आउने गर्छन् ।

### २.५.४. धमारी

होरीको झैं पहिरनमा हातमा लिएका मिजुरा बजाउँदै कृष्णलीलाको वर्णन गाउँदै खेलिने खेल धमारी हो । यो विशेषगरी होरी र भुवो खेलीसकेपछि खेलिन्छ । धमारी

सुदूरपश्चिमाञ्चलका अन्य जिल्लाहरूमा पनि खेल्ने गरिन्छ । धमार शब्दबाट धमारी शब्दको उत्पत्ति भएको मानिन्छ । धमारी गीतको एक अंश :-

'ए पहिली विपत्ति पडि दशरथ राजा सौं ।
भान्जैकी हत्या मिलानी ॥ रघुपति विपत्तिको ॥
एक दोसरो विपत्ति पडि रामचन्द्र राजा सौं ।
को लै ग्यो कुटिया है सीता ॥ रघुपति विपत्तिको ..........॥'[१९]

## २.५.५. बसन्तोत्सव वा होरी

वसन्तोत्सवको सबैभन्दा उत्कृष्ट खेल होरी हो । त्यसैले यसलाई वसन्तोत्सव पनि भनिन्छ । फागुनको शुक्लअष्टमीमा प्रारम्भ गरी पूर्णिमाको भोलिपल्ट समापन गरिने होरी खेल अछामको विशिष्ट संस्कृतिको परिचायक हो । बराहपुराणमा अवीरजस्तो चूर्णद्वारा रमाइलो गरिने पूर्णिमा भनेर उल्लेख गरेझैं भगवान् कृष्णले गोपाल-गोपीनीसँग रङ्ग खेली सिर्जना गर्नुभएको उल्लासपूर्ण वातावरणको संस्मरणमा नै यहाँका गाउँ-गाउँमा होरी उत्सव धुमधामसँग मनाइन्छ र खेलिन्छ पनि । यो आकर्षक र मौलिक खेललाई पर्यटकले पनि अवलोकन गर्न पाउन् र खेलको परिमार्जन र संरक्षण पनि हुँदै जाओस् भन्ने उद्देश्यले मकरसङ्क्रान्ति उत्सवमा वैद्यनाथक्षेत्रमा पनि होरी प्रदर्शन गरिन्छ । जस्तै :-

'होरी प्रारम्भ हुने बेलामा गाइने गीत ।
तमही हमही होरी जानी भो ब्रज ख्यालु रच्थ्यो ॥
जानी भो ब्रज ख्यालु रच्थ्यो ।
नदी जमुनाके तिर जाने भो ब्रज ख्यालु रच्थ्यो ।
ए कहिँ न भरियो आँचली हो .....................॥
**होरी समाप्त हुने बेलामा गाइने गीत**
रंगिलो होरी गैजान लाग्यो भटकन लाग्यो छाती ।
ए छुटन लाग्यो साथी सखिया, कैसे बिताउँ दिन रातका ॥'[२०]

---

१९. जयराज पन्त, **डोटेली धमारी गीत एक अध्ययन** (काठमाडौं वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र, (२०६४) पृ.४६ ।

२०. राजाराम सुवेदी, पूर्ववत्, पृ.३३७ ।

### २.५.६. न्याउल्या

डेढ स्टेपको चालमा हात जोडेर खेलिने न्याउल्या पूर्वको दोहोरीजस्तै हो । यो यहाँको सबैभन्दा मौलिक संस्कृति हो । यसमा केटा र केटी, केटा-केटा, र केटी-केटी भएर आपसमा सवाल-जवाफ गर्दै खेलिन्छ । यो खेल जहिले पनि खेल्न सकिन्छ । वर्तमानमा मेला र जात्रामा यो नाच सीमित छ । न्याउल्या गीतको एउटा उदाहरण :-

अछामी राजाको पल्टन जुम्ला बाइगो लड्न ।
किन आएहोइ बाली-बैंस विपत्तिमा पड्न ॥
धानबाली हरीयै भैंगो पिपलु छायाले ।
डिठ पड्यान भीट हुन्या क्याहरू मायाले ॥

### २.५.७. गौरा

सुदूर पश्चिममा गौरा पर्वको चलन भारतको कुमाउँबाट सर्दै आएको स्थानिय विद्वान्हरू बताउँछन् । यस पर्वलाई पाँच भागमा विभाजित गरी प्रत्येक वर्ष भाद्र महिनामा मनाउने गरिन्छ । पाँच दिन सम्म मनाइने यस पर्वको पहिलो दिन बिरूडा पञ्चमीका नामले विधिविधानका साथ मान्ने गरिन्छ । पञ्चमीका दिनमा भिजाएको बिरूडा अर्को दिनमा पानी पँधेरोमा लगेर मंगलगानद्वारा पखालिन्छ । सप्तमीका दिनमा गौरी पूजन गरिन्छ । अष्टमीका दिनमा पार्वती गौरीकी सौताका रूपमा भित्र्याउने चलन छ । जसलाई भित्री गौरा भनिन्छ र अन्तिम अर्थात् पाँचौ दिनमा गौरालाई आँगनमा ल्याइन्छ । छाप्रोमा राखेको गौराका प्रतीको टाउकोमाथि राखी विशेष गरी महिलाहरूले नचाउने चलन छ । शिव-पार्वतीलाई गोठाला-गोठाल्नीको रूपमा चित्रण गर्दै विवाहको कथावस्तुमा आधारित गीतहरू गाउने प्रचलन छ ।

भाद्र शुक्लसप्तमी र अष्टमी अमुक्ताभरणको आधारमा गौरापर्व मनाउने चलन छ । गौरापर्वमा गाइने गौरागीतका केही अंश:

एकै दिन भया रानी दुवै दिन भया ।
दुवै दिन भया रानी तीनै दिन भया ॥
नाच हो खेल हो लोली गमरा देवी ।

धैं तेरो कसो नाच ............

हरिद्वार नाया गोसाँइ मेरा पाप हरिजालो ॥

### २.५.८. हुड्के

राजा र वीरताका गाथा गीतमा प्रस्तुत गर्दै हुड्कोमा ताल दिँदै नाचिने खेल हो । यो हरेक उत्सव र शुभकार्यमा नाच्ने, नचाउने प्रचलन छ । यो नाच ग्रामीण स्तरमा मात्रै नभएर राष्ट्रियस्तर सम्ममा पनि सु.प.को. हुड्के नाचका नामले प्रसिद्ध छ ।

### २.५.९. दमाइको पर्छो

विवाह, व्रतबन्धजस्ता माङ्गलिक अवसरमा दमाइहरूले दमाहा, ढोलक, झ्याली, नरसिङ्गा, सनाईजस्ता बाजा बजाएर बाजाको तालमा चाल मिलाएर जामा फिँजाएर गरिने नृत्यलाई पर्छो भनिन्छ । पर्छो लगाउँदा ३६ वटा धुनमा नाचिन्छ ।

### २.५.१०. चाँचडी

धान रोप्ने बेला, रोप्नेरी-रोपाराको उत्साह जगाउन र कामलाई रोमाञ्चक बनाउन बाजाको तालमा रोप्नेरीहरू विभिन्न गीतसँगै छम-छम गरेर रोप्ने प्रकृयालाई 'चाँचडी' भनिन्छ । जस्तै :-

'बालो बिउ बयाली खेल्लो रोप्याका खेतुंदो ।
जेठ वैशाखको झल्को क्या बस्या चैतुंदो ॥
रोप रे रोप त्रिशुली घाटैमा खेलेर खेल ।
जेठको मैना खेतको पाँगो एक सर्को रोपाँइ .............॥'[२१]

हरेक वर्षको अन्त्यतिर मुख्य (मुखिया) मानिएको घरमा कपडाका टुक्राबाट बनाइएका पुतला-पुतलीको स्थापना गरी सालभरिका विरहवेदना पोख्दै मन हल्का गर्न खेलिने खेललाई 'पुतला' भनिन्छ । ९/१० दिनसम्म खेलेर वैशाख १ गते सकभर नदी नभए पानीको स्रोतमा 'पुतला-पुतली'लाई विसर्जन (सेलाउने) गर्ने र फर्केर नयाँ वर्षको खुसीयाली मनाउने परम्परा छ । चेलीबेटीका दुःखझैँ जान लागेको वर्षको बिदाइ र नयाँ वर्षको

[२१] टिकाराम खनाल, 'अछामका चाडपर्वहरू', **खप्तड,** २०६८,पृ.१४१ ।

आगमनको खुसीयाली मनाउनको लागि नै यसको परम्परा सुरु भएको हो कि भन्ने अनुमान गरिन्छ ।

### २.५.१२. गंगा दशहरा

हरेक साल जेष्ठ महिनाको हस्तानक्षत्र बुधवार दशमी तिथीमा खप्तड त्रिवेणीमा मेला लाग्दछ । यस दिन गंगा स्नान गरी खापर जगन्नाथ र गंगा माताको पूजा अर्चना गरिन्छ । धेरैले त्रिवेणी धाममा ध्यान, पुजापाठ, होम, यज्ञ, कथा, पुराण, व्रतबन्ध, तर्पण, पिण्डदान गर्दछन् । मन्दिरभित्र उपयुक्त १०८ मन्त्र उच्चारण गरी हवन गरिन्छ । धामीलाई धुपबत्ती अभिषेक गरेपछि देवाली हुन्छ । शुभ वचनको बखान गरी दोस्रो दिन तिलक प्रसाद लगाई सबै जना फिर्ता हुन्छन् ।

### २.५.१३. चैतोला पर्व

हरेक वर्ष चैत्र २० गते सेला गाउँमा चैतालो मनाइन्छ । यस पर्वमा गाउँका सबै युवाहरू मिली जंगलबाट रूख काटेर ल्याई त्यसमा विभिन्न रंगका कपडाहरू को लुँडो बनाई विभिन्न प्रकारका नाच नाची पटकानी (सार्वजनिक स्थल) मा ल्याइन्छ । सो कार्य सम्पन्न भएपछि रातभर केटाकेटीहरू मिलेर न्याउल्या खेल खेल्छन् । यसका बारेमा अछामी माझ एउटा गीत प्रचलित छ :-

'कोइ जाँदा की मु जाँदोभ्या सेल गाउँका चैतोला ।
तेरी तिर खच्यापच्या हेर मेरा पैंतोला ॥'[२२]

### २.५.१४. डौंठेगडाको मेला

अछाम, बरदादेवीको काखमा रहेको सुन्दर गर्खा, गाँजरा गाविसमा बरदादेवीको प्रतिमूर्ति स्थापित भएको ठाउँमा विशाल मेला लाग्छ । प्राचीन समयमा आफूलाई सङ्कट आएको बेलामा मनोइच्छा पूरा होस् भनी डौंठेगडामा राँगो दौडाएर काट्नेछु भनेर भाकल गरेको र बरदादेवी माईले सङ्कटबाट पार लगाएको हुनाले यहाँ राँगा दौडाएर काट्ने चलन सुरू भएको हो । डौंठेगडाको मेलाको विषयमा अछामी भाासामा एउटा रमाइलो गीत छ ।

---

२२. ऐजन्, पृ.१४२ ।

'गाँजराका डौठेगडा  राँगा छेकाछेकी ।
तेरो मेरो पड्डो भयो घुँडा टेका टेकी ॥
जनाली कुण्डाली भन्दा गाँजरा राम्रा बाडी ।
मकनि किनेर ल्याउनु **राम** लाउने साडी ॥'[२३]

यस बाहेक अछामको सामाजिक संस्कृतिमा हुड्का भार्त्यानाच र (झोलडा) झोडा आदि गाएर पनि यहाँको संस्कृति झल्काउने गरिन्छ । त्यसैगरी महाराज विनोदी शाहीको डोटी विजयगाथा, मीना कठाइतको भारत, लङ्गुरशाहीको झोडा, रने राउतको भारत आदि साहित्यसँग अत्यन्त नजिक रहेका छन् ।

---

२३. ऐजन्, पृ.१४१ ।

# t[tLo cWofo

# c5fd lhNnfsf] ;flxlTos ultljlwsf] ;j]{If0f

## ३.१ पृष्ठभूमि

लोक साहित्यका दृष्टिले अछाम जिल्ला सम्पन्न मानिन्छ । यहाँका प्राचीन अभिलेख प्राचीन ग्रन्थ र प्राचीन देवलहरूमा लेखिएका अभिलेखहरूले पनि यहाँको चिनारी दिन्छ । यस जिल्लाको साहित्यिक इतिहास निकै पुरानो छ । अछाम राजा श्रीमोर शाहका कान्छा छोरा बाकाबीरको अगुवाइमा सुदूरपश्चिममा विद्रोह हुँदा जङ्गबहादुरको आदेशमा वि.सं. १९०६ मा बाँकावीर (बलदेव शाही) काटिएका थिए । यिनै राजवंशका काजी खलकका सन्तति पहलमानसिंह स्वाँरले नेपाली भाषामा प्रथम दु:खान्त नाटक **अटलबहादुर** लेखी देशभरिमा मात्र नभई देशबाहिर पनि साहित्यिक क्रान्ति ल्याएका थिए ।

यसरी मौखिक साहित्यमा मात्र नभई लिखित साहित्यको पनि प्राचीन इतिहास बोकेको अछाम जिल्ला साहित्यिक त्यसमा पनि अझ लोक साहित्यक सामग्रीका दृष्टिले अत्यन्तै सम्पन्न रहेको छ । त्यस्ता सामग्रीहरूमा अछाम जिल्लामा लोकगीत लोकगाथा लोककथा, लोकनाटक, लोकोक्ति आदि पर्छन् । जसलाई साहित्यका अमूल्य निधि मान्न सकिन्छ । यिनले नै अछाम जिल्लाको लिखित साहित्यको पूर्वाधार तयार गर्न ठूलो सघाउ पुऱ्याएका छन् । यसका साथै यहाँका देउडा, रतेउडी, हुडकेनाच, पुल्ला, दोरी, भूओ, पञ्चेबाजा, लोकगीत तथा लोकलय आदि संस्कृतिका प्रदायक मौखिक रचनाहरूले अझ अछामको साहित्यलाई मलजल छरी मौलाउन सहयोग गरेको  देखिन्छ । जुन अछाम जिल्लाको साहित्यिक योगदानकै रूपमा मानिन्छ ।

## ३.२ अछामी साहित्यको मौखिक परम्परा

अभिलेख : अछामको इतिहास परापूर्व कालदेखि नै द्वन्द्व सहँदै आएको छ । नेपाल एकीकरण भएकै बेला वि.सं. १८४७ मा नै अछाम राज्य विशाल नेपालमा गाभिएको र १८४८ को चैत्रे दशैंका राति देवचन्द्र शाह (द्वितीय) ले विद्रोह गरी पुन: बान्नीगढी कब्जा गरी अछाम राज्यको अस्तित्व राखेका हुन् । त्यसपछि गएर मध्य कालमा पनि अछामले

अनेक युद्ध खेपेको इतिहास छ । यही मध्यकालयुद्ध खेपेको जयगढ नामक क्षेत्रमा शान्तिको सन्देशको रूपमा रहेको महामण्डलेश्वर यशोव्रक्हाद्वारा लिखित शिलालेख यहाँको पुरानो अभिलेख हो । उक्त शिलालेखमा निम्न पङ्क्तिहरू उद्धृत गरिएका छन् :

(१) 'ऊँ मणिपद्मे हुँ । महामण्डलेश्वर

(२) बुद्ध कुलावतार यशोव्रहमचिरंजयतु ॥ श्री श्वादे १२७६ ॥'[२४]

### ३.२.१ दर्नाका पञ्चदेवल

दर्नाका राजाको दरबारको पश्चिमपट्टि लामो गरामा ढुङ्गैढुङ्गाले बनेका पञ्चदेवल छ । पञ्चदेवल नजिकै एउटा शिलालेख भेटिएको छ । तर उक्त शिलालेखमा ग्वालागोठालाहरूले आँसी (हंसिया) घिसाएर पुलाएर नबुझिने बनाइदिएको छ ? तर पनि साहित्यको इतिहास लेखनमा यस शिलालेखले सहयोग नै गरेको पाइन्छ ।

### ३.२.२. विनायकका पञ्चदेवल

विनायक गा.वि.स अछामका प्रमुख स्थलमध्ये एक हो । यो धार्मिक ऐतहासिक, सामाजिक र सांस्कृतिक दृष्टिले मह□वपूर्ण मानिएको छ । यस ठाउँमा रहेका पञ्चदेवल कुनै राजा महाराजाले बनाएको नभएर राजकुमार अक्षम मल्लले शाके १२०२ सम्वत् १३३७ मा बनाएका हुन् भने कुरा प्रष्ट हुन आएको छ । तेस्रो केवलका प्रवेशद्वारको तोरणशीलामा उत्कीर्ण गरिएको अभिलेखमा निम्न कुराहरू उद्घृत गरिएको छ ।

(१) 'ऊँ स्वस्श्रीमतः अक्षयमल्ल देवस्थल सपरिवारा ।
चिरंजयंतु आत्मन्निभिन्ताधै एकतारसा ॥

(२) पुरुषा निभिनानजैराज प्रासाद करायो शाके ।
१२०२ सुत्रधार नागदेव नाम कमायो ॥'[२५]

### ३.२.३. कुच्चीकोटमा रहेको अभिलेख

---

२४. सुरतबहादुर शाह, पूर्ववत्, पृ.२२

२५. ऐजन्, पृ.२३ ।

अछाम जिल्लाको कालिकास्थान गा.वि.स वडा नं. ८ मा रहेको नाउलो (पानी भर्ने स्थल) को भित्रपट्टि  तेर्सो पारेर राखिएको ढुङ्गामा पनि निम्नानुसारको अभिलेख पाइएको छ ।

(१) 'ॐ मणिपद्मे हुँ

(२) श्री शोक १२७६.......महाराजधिराज

पृथ्वीमल्लपश्चिरंजयतु ।

शुष्टेत वर्षक्ष अपूण्ये नमः वेसात्वासुधिभरभाव कृता ॥' [२६]

### ३.२.४. घोडासैनको शिलालेख

अछाम जिल्लाको घोडा सैनस्थित ऊ मणिपद्मे हुँ लेखिएको शिलालेखले पनि अछामको साहित्यिक लेखनलाई झल्काउने कार्य गरेको छ ।

यसरी अछाम जिल्लाको साहित्य लेखनको पृष्ठभूमि यी दुईको अभिलेखहरू द्वारा भएको पाइन्छ । तत्कालीन शिल्पको प्रदर्शन पनि यिनमा पाइन्छ । कतै कतै भूमिदान सम्बन्धी तामपत्र पनि पाइएको छ तर आज ती सबै सुरक्षित छैनन् । जो छन् तिनीहरूकै माध्यमले नेपाली भाषा र साहित्यको मात्र होइन नेपाली सांस्कृतिक र ऐतिहासिक सम्पदाको परिचय पाउन सकिन्छ । नेपाली भाषालाई वर्तमान रूपमा पुऱ्याउने काम गर्न यी अभिलेखहरूले सघाएका छन् ।

### ३.२.५. ताम्रपत्र अभिलेख

'अछाम र त्यसको आसपासको क्षेत्रमा प्राप्त ताम्रपत्रको सूची निम्नानुसार रहेको छ :

१. वि. सं. १४८८ सुमति वर्माको ताम्रपत्र

२. वि. सं. १४८५ इन्द्रवर्मा र चन्द्रवर्माको ताम्रपत्र

३. वि. सं. १५२७ कीर्ति मल्लको ताम्रपत्र

४. वि. सं. १७०१ पहाडी शाहीको ताम्रपत्र

५. वि. सं. १७०४ बहादुर शाहीको ताम्रपत्र ।'[२७]

### ३.२.६. कागजमा अङ्कित अभिलेख

---

२६. ऐजन्, पृ.२३ ।

२७. अविलाल शाह 'अनिल', **अछामी भाषिकाका व्याकरणात्मक कोटी**, ( काठमाडौं : इन्टेलेक्चुअल्ज बुक प्यालेस, २०६६) पृ.२२ ।

ढुङ्गे अभिलेख र धातु अभिलेखभन्दा धेरै पछाडि मात्र अछाम जिल्लामा कागजी अभिलेख पाइन्छ । यस्ता अभिलेखहरूमा त्यसका लालमोहर, एक्का, मुचुल्का, जमानबन्दी लिखित पत्रका साथ साथै झारफुक गर्ने तन्त्रमन्त्रहरू उल्लिखित ताडपत्रहरू र भोजपत्रहरू पनि यहाँ पाइएका हुन् तर तिनको निश्चित मिति भने लेखिएको पाइएको छैन । यी कागजी अभिलेहरूले प्राचीन र आधुनिक नेपाली भाषाका बीचको तुलना गर्ने आधार तयार गरेका छन् । साहित्यलेखनको पूर्वाधारको रूपमा पनि यसलाई मान्न सकिन्छ । यी अभिलेखहरूबाट शब्दभण्डारमा बृद्धि हुनका साथै नेपाली भाषाको भाषिक रूपसमेत परिष्कृत भएको छ । भाषाको उन्नति र अभिव्यक्तिको सामर्थ्य शब्दभण्डार नभएसम्म त साहित्य रचना हुने कुरै आउँदैन । गद्य होस् वा पद्य जुनसुकै रचनाको शरीर भाषा हो । यसलाई कार्लाइल यसरी भन्दछन् "देह र आत्माको जस्तो सम्बन्ध छ, साहित्यमा भाव र भाषाको उस्तै सम्बन्ध हुन्छ ।" यस जिल्लामा प्राप्त लिखित कागत अभिलेखहरूले नेपाली भाषाको शब्दभण्डार भर्न र नेपालीमा भाव अभिव्यक्त गर्नका निम्ति सहयोग गरेका छन् । कागत अभिलेखहरूले प्राचीन र आधुनिक नेपाली भाषाका बीचको तुलना गर्ने आधार तयार गरेका छन् । सो जिल्लामा रहेका पुराना कागजमा लिखित कागजहरूको खोजी गर्ने सिलसिलामा केही पुराना अभिलेखहरू प्राप्त भएका छन् । यिनै आधारस्तम्भमा उभिएर आजको अछाम जिल्लाको नेपाली साहित्य विकसित भएको हो । यसरी समग्रमा भन्दा अछामेली लिखित साहित्यको आदिम स्रोत भनेको यिनै प्राचीन ढुङ्गे अभिलेख, धातु अभिलेख र कागज अभिलेख हुन् । 'यहाँको प्राचीन लिखित सामग्री अछाम जिल्लाको सम्वत् १११२ सालको देवचन्द्र समाल आफ्नी रानी सुखावती सहित आमा हर्मतासंग तत्कालीन अछामको राजधानी सेराबुढीथर्पुमा प्रवेश गरेको समयलाई लिखित सामग्रीका रूपमा प्राप्त गर्न सकिन्छ ।'[२८]

अछाममा साहित्य लेखनको सुरुवात गद्य बाट भएको देखिन्छ किनकि पुराना अभिलेखहरूमा देखिएका पङ्क्तिहरू गद्य-भाषामा लेखिएका छन् । त्यसपछिका ताम्रपत्र र कागतपत्रहरू पनि गद्यमै छन् । गद्य होस् वा पद्य होस् साहित्यकेशरी भनेको भाषा हो । भाषा नभई साहित्य सिर्जना हुँदैन र साहित्य सिर्जनाको लागि विकासको लागि केही न केही आधार चाहिन्छ जुन अछाम जिल्लाका अभिलेखहरूले पनि दिएका छन् । यी अभिलेखहरूबाट भाषाको शब्दभण्डारमा बृद्धि हुनुका साथै नेपाली भाषाको भाषिक रूपलाई परिष्कृत गर्न सहयोग गरी नेपाली साहित्यको उजागर गर्न ठूलो योगदान पुगेको कुरा स्मरणयोग्य छ ।

---

[२८] योगेन्द्र बजगाई, अछाम जिल्लमा प्रचलित टुक्काको अध्ययन, (अप्रकाशित शोध पत्र त्रि.वि.वि. नेपाली विभाग) पृ.१० ।

## ३.३ लोक साहित्यको परिचय

साहित्य समाजको दर्पण हो यसले तत्कालीन समाजको परिचय दिनुका साथै युगले देखेका भोगेका पीडा कथा,-व्यथा, हाँसो खुशीलाई टपक्क टिपेर जस्ताको तस्तै पाठक सामु पुऱ्याउने कार्य गर्दछ । जसले गर्दा एकातिर पाठकलाई मनोरञ्जन हुन्छ भने अर्कोतिर समकालीन समय र परिवेशको शान पनि हुन्छ । 'साहित्यको सम्बन्धमा लोक साहित्य, सन्तसाहित्य र सिर्जनात्मक साहित्यमा सम्बन्धित पक्षबाट निकैबल गरिंदा पद्यविधामा नेपाली साहित्यको इतिहास भक्ति साहित्यबाट सुरु भएको पाइन्छ ।'[२९] 'आर्यहरूको प्राचीनता तथा यसको प्रायोगिक इतिहासतिर दृष्टि दिंदा वैदिक ग्रन्थहरू सम्म पुग्न सकिन्छ । महर्षि वेदव्यासले महाभारतको आदि पर्वमा लोकशब्दको प्रयोग जनसामन्यको अर्थमा गरेका छन् । "अज्ञान तिमिरान्धस्य लोकस्यतु विचेष्टम् ः।'[३०]

'लोक साहित्यमा नैसर्गिकता र स्वाभाविकता हुन्छ । जुन बढी मौखिक खालको हुन्छ । यसको सम्बन्ध लोक जीवनसँग रहेको हुन्छ ।'[३१] यसमा समाजका भोगाइको बयान रहेको हुन्छ । यो लिखित साहित्य सुरु हुनुपूर्व नै सबै वर्गका जनसमूहको दुःख बिसाउने र भावना व्यक्त गर्ने सशक्त माध्यमका रूपमा एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरित हुँदै आएको हुन्छ । लिखित साहित्यको सुरुवात पनि यही लोक साहित्यिक परम्पराको पृष्ठभूमि ग्रहण गरेर लेख्यसम्म पुगेको हो । तसर्थ लेख्य साहित्य र लोकसाहित्यबीच घनिष्ट सम्बन्ध रहेको छ । 'लोकका वौद्धिक प्रयत्नबाट लोक साहित्यिक अभिव्यक्तिहरूको जन्म हुन्छ सामाजिक ज्ञान विज्ञानका क्षेत्रमा यी लोक अभिव्यक्तिहरूविशेष मह□वपूर्ण मानिन्छन् । लेखनकलाको अपेक्षाकृत कम प्रयोग भएर अथवा लेखन कलादेखि अनभिज्ञ भएर नै लोक साहित्यको निर्माण भएको पाइन्छ ।'[३२]

लोकसाहित्यको लोकको जीवनपद्धति स्पष्ट पार्ने भएकाले लोकप्रचलित साहित्यलाई बुझ्नु जरुरी हुन्छ । यसमा स्थानीय रीतिरिवाज रहनसहन र सुःख-दुःख जनभावना प्रस्फुटित भएको हुन्छ । विकसित भन्दा अल्पविकसित समुदायमा लोकसाहित्यको व्यापकता बढ्दो

---

२९. पूर्ण प्रकाश नेपाल 'यात्री' बदलिंदो घामछाया, (हिमाली सौगात प्रकाशन), विराटनगर, २०३७, पृ.२७८ ।

३०. डा.दुर्गानाथ झा 'श्रीश' मैथिली साहित्यिक इतिहास दरभँगा, भारती पुस्तक केन्द्र इ.१९९१, पृ.३६ ।

३१. श्रीराम शर्मा लोक साहित्य सिद्धान्त और प्रयोग, आगरा २, विनोद पुस्तक मन्दिर, २०४९ ।

३२. जीवेन्द्र देव गिरी, लोक साहित्यको अवलोकन, काठमाडौं, एकता प्रकाशन, २०५७, पृ.१९ ।

पाइएको छ । नेपाली लोक साहित्यमा पनि लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, गाउँखाने कथा र लोकोक्ति अन्तर्गत उखान र टुक्का जस्ता विभिन्न विधा तथा उपविधाहरू प्रचलित छन् ।

'योगी नरहरीनाथका अनुसार लोक व्यवहारमा लोकहितका निम्ति लोक भाषामा लोक विचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुत गर्ने साहित्यलाई लोक साहित्य मानिन्छ ।'[३३] 'नेपाली बृहत् शब्दकोश अनुसार सर्वसाधारण जनताको कोमल मनोभावलाई व्यक्त गर्ने सरल भाव र सरल भाषा भएको विभिन्न चाडपर्व तथा मनोरञ्जनका समयमा प्रसङ्गानुकुल गाइने सुनाइने वा देखाइने लोक व्यवहारमा प्रचलित विभिन्न लोकगीत, लोककथा, लोकनृत्य आदिले युक्त साहित्य नै लोक साहित्य हो ।'[३४]

अछामको लोक साहित्य पनि प्राचीनकाल देखि अलिखित रूपमा रहेको छ । केही समययता मात्र यसको लेखन र प्रकाशन कार्य सुरु हुन थालेको हो । तेजप्रकाश श्रेष्ठले २०४४ सालतिर **अछामी लोक साहित्य** नामक पुस्तक प्रकाशन गरी अध्ययन अनुसन्धानको बाटो देखाइ दिएको भए तापनि यसमा थप खोज अनुसन्धान व्याख्या एवं विश्लेषण भने हुन अझै बाँकी छ । तसर्थ यसको खोज अनुसन्धान गरी अछामको लोक साहित्य जसले सिङ्गो नेपाली साहित्यलाई नै सहयोग गर्दछ त्यसको बारेमा चासो लिई वास्तविकताको खोजी गर्नु आजका अध्येताको आवश्यकता हो ।

### ३.३.१. लोकगीत

लोकगीत लोकसाहित्यको अत्यन्तै निकट रहेको जनप्रिय विधा हो । यसलाई लोक साहित्यको पुरानो विधा मानिन्छ । लोक गीतले अरू विधा भन्दा धेरै क्षेत्र ओगटेको छ । लोकगीत जन जीवनको हाँसो, आँशु, भोगाइ, रहन सहन, संस्कृति, धर्म, परम्परा आदिले सिर्जित हुन्छ । 'लोक भन्नाले ती सम्पूर्ण जनताहरू हुन् जो नगर र गाउँमा फैलिएर बसेका छन् र जसको व्यावहारिक ज्ञानको आधार किताब होइन ।'[३५] 'पाश्चात्य धारणा अनुसार लोक शब्दलाई असंस्कृत जनसामान्यको आधारमा प्रयोग गरिएको छ । लोक शब्दको उत्पत्ती Folc बाट भएको हो । यो एंग्लो सेक्शन शब्द हो जसलाई जर्मन भाषामा Volk भनिन्छ

---

[३३] मोति पराजुली, नेपाली लोकगाथा, माछापुच्छ्रे छापाखाना पोखरा, २०४९ ।

[३४] धर्मराज थापा र हंसपुरे सुवेदी, नेपाली लोकसाहित्यको विवेचना, पा.वि.के. काठः २०४१ ।

[३५] श्रीराम शर्मा, पूर्ववत, पृ.१ ।

अङ्ग्रेजी प्रयोगका दृष्टिमा हेर्दा फोक असंस्कृत र मुढ समाज जातिको द्योतक हो । तर विवेचनात्मक रूपमा हेर्ने हो भने यसलाई साह्रै सङ्कुचित र एकपक्षीय दृष्टिकोण व्यक्त गर्ने शब्द भनिन्छ ।'[३६]

अङ्ग्रेजी विश्वकोशमा फोक शब्दबारे यसरी भनिएको छ - 'आदिम ती सबै व्यक्ति: जसको मेलबाट यो समाज बनेको छ लोक हो ।'[३७]

योगी नरहरी नाथका अनुसार 'लोक साहित्यले इतिहासको कटुसत्यको यथार्थ प्रतिबिम्ब प्रस्तुत गरेको हुन्छ ।'[३८]

अछाममा पनि लोकगीतहरू धेरै पुरानो समयदेखि गाइँदै आएका छन् भन्दा पनि परापूर्वकालदेखि नै चल्दै र एक पिढीबाट अर्को पिँढीमा हस्तान्तरित हुँदै आएको हो । मान्छेलाई बाँच्न हावापानी चाहिए जस्तै मानवताको विकासका लागि पनि सामाजिकता र संवेदनशीलता चाहिन्छ । यसै कुरालाई लिएर डोटेली लोकसाहित्यका अध्येता जयराज पन्तले मानवजातिले नाकको एउटा प्वालबाट ग्रहण गर्न श्वासप्रश्वासलाई संवेदनशीलता भनेका छन् । त्यसै गरी लोकगीत भनेको त्यो संगीत वा गीत हो जुन मानव समाजमा मातृभाषाका नाताले मानिसहरूमा नैसर्गिक रूपले सुख दु:खको अनुभवमा दयामाया, प्रेमभाव अभिव्यक्त हुँदा स्वयमेव उद्‌गारका रूपमा निस्केर लयदार तरजमा काव्यमयी शैलीमै सिर्जना हुन्छ ।

अछाम जिल्ला पनि लोकगीतका लागि प्रसिद्ध जिल्ला हो । जहाँको चिनारी नै हरेक ठाउँमा लोकगीतका माध्यमबाट दिने गरिन्छ । जसका केही उदाहरणहरू यहाँ उल्लेख गर्न सान्दर्भिक देखिन्छ ।

(१) 'डोटी राम्रो डडेल्धुरा अछाम राम्रो साँफे ।
मलाई पनि उडाइलैजा हिउँचुलिका डाँफे ॥'[३९]

(२) 'हुम्लो जाँच्या जुम्लो जाँच्या अछाम जाँचियान ।
धन साँचिया मन साँचिया जोवन साँचियान ॥'[४०]

---

[३६] मिर्मिरे, अङ्क १९, २०३५, पृ.६५ ।

[३७] इन साइक्लोपेडिया ब्रिटानिका खण्ड-९, संस्करण १४, पृ.४४४ ।

[३८] योगी नरहरि नाथ, इतिहास प्रकाश, काठमाडौं इतिहास प्रकाश संघ, २०१३ ।

[३९] खगेन्द्रप्रसाद उपाध्याय (अप्रकाशित) शोधपत्र, अछामी ड्यौडागीतको अध्ययन त्रि.वि.२०६१, पृ.५२ ।

[४०] तेजप्रकाश श्रेष्ठ, अछामी लोकसाहित्य काठमाडौं, रत्न पुस्तक भण्डार (२०४४) पृ.१ ।

(३)	'वान्निदेवी, वर्दादेवी, कोटघर कालिका ।
अछाम त बैकुण्ठ रैछ धन्य हो मालिका ॥'[४१]

यसरी अछाम जिल्लाको चिनारी त्यहाँको लोकगीत र लोकभाकाले र लोकगीतको चिनारी अछाम जिल्लाले दिएर अछामको साहित्यको मात्रै हैन नेपाली साहित्यको पनि सेवा गर्न भ्याएको छ । नेपाली मात्राको लागि औधी आत्मीय र सुपरिचित भएको कारणले नेपाली जातियताकै जन्मभूमि मानिने सेती क्षेत्र लोक साहित्यको भण्डार पनि हो । यस क्षेत्रमा पाईने लोक गीत हरूले सेती अञ्चलको लोकलयमात्र हैन यहाँको सांस्कृतिक तथा सामाजिक परिवेशको समेत सशक्त चित्रण गरेका छन् । यस क्षेत्रमा प्रचलित लोक पद्यबाट हजार बर्ष लगभगका साहित्यिक गतिबिधिको ज्ञान गर्न सकिन्छ ।अतीत हुने समाजले इतिहास पनि बोकेको हुन्छ । प्राचिनकाल देखि नै सन्तसाहित्य मस्टोको भ्रमण भूमि रहेको यस क्षेत्रको गहकिलो इतिहास छ यहाँका प्रत्येक स्थलहरू यहाँको लोकसाहित्यमा समेटिएका हुन्छन् । जस्तैः

'खेल्ल्याहै खप्तड वाइजा पड्याहै काशिजा ।
डाडामा ढल्कन्या बेला मुसुक्क हाँसिजा ॥'[४२]

जस्ता लोकभाकामा अछाम रमाएको हुन्छ ।

## ३.३.२. लोककथा

लोककथा लोकसाहित्यको प्रमुख विधा हो । गाउँघरमा फुर्सदका समयमा मेलापात, जुनेली रातमा र अन्य समयमा घाँस काट्न वा मनोरञ्जन गर्न होस् अनेक कथा हाल्ने चलन हाल मुद्रणयुग आइसकेपछि पनि विद्यमान रहेकै छ । लोककथा लोकले भन्दै सुनाइ आएका केही तथ्य र केही काल्पनिक घटनावलीको संयुक्त शिलशिला नै लोककथा हो । लोककथा, नैतिक शिक्षा, उपदेशात्मक शिक्षा दिने खालका हुन्छन् । समालोचक रत्नध्वज जोशी लोककथाका प्रचलनबारे यस्तो भन्दछन् । कथासित कुनै शिक्षा सन्देश आदिको सम्बन्ध राख्ने प्रथा पछिबाट मात्र आएको हुनुपर्छ यो भन्दा पहिले कुनै वक्ता अथवा वीरको सफलता विजयको उल्लास आदि व्यक्त गर्नको लागि कथा भन्ने चलन आएको होला । यी

---

४१. सम्पदा नेपाल पूर्ववत्, पृ.१४ ।

४२. वासुदेव पाण्डे, स्वर्ग र पृथ्वीको साझा क्रीडास्थल ........ खप्तड, खप्तड पूर्ववत्, पृ.५२ ।

लोककथाहरूलाई केही समयपूर्व दन्त्यकथा भनिन्थ्यो । यस सन्दर्भमा तुलसी दिवस भन्दछन् - 'लोककथा भन्ने हाम्रो परम्परा अत्यन्त प्राचीन हो । त्यसैले यसको प्रारम्भिक मानवसभ्यता तथा बोलिने भाषासँग घनिष्ट सम्बन्ध हुन्छ । मौखिक परम्परामा जीवित भएकाले केही कालअघिसम्म नेपाली समाज लोककथालाई दन्त्यकथाका रूपमा बढी चिन्दथ्यो ।'[४३]

कुनै चाडपर्वमा भेला भएका बेला होस् या कृषिकार्यहरू सकेर सबै जना सँगै बसेका बेला होस्, केटाकेटीलाई भुलाउने बेलामा होस् या यहाँका स्थानीय पर्वमा जमघट भएका बेला होस्, थकाइ मार्ने बेला होस् लोककथा भनिने गरिन्छ । यसको उठान "एकादेशबाट" गरिन्छ र "सुन्नेलाई सुनको माला", भन्नेलाई फूलको माला, यो कुरा बैकुण्ठ जाला, फेरि फेरि फर्कि आउला भनेर टुङ्ग्याइन्छ ।

अछाममा पनि यस्ता थुप्रै लोक कथा छन् जसमा कोही नितान्त काल्पनिक छन भने कोही सत्य भनाइमा आधारित पनि छन् । यहाँ प्रचलनमा आएको केही लोककथाहरू निम्नानुसार छन्

(१) कदु मुल्याको कथा लोककथा ।
(२) सुनकेस्रा रानीको कथा लोककथा ॥
(३) बटुके मूल्याको कथा ।
(४) चलाख राजकुमारको कथा ॥

### ३.३.३. लोकगाथा

लोकगाथा लोकसाहित्यको अर्को मह□वपूर्ण विधा हो । लोकका परम्परागत मूल्य र मान्यतालाई वा घटना परिघटनाहरूलाई गीतमा उनेर साहसी वीर पुरुषहरूका रोचक घटनाहरूलाई मौखिक रूपमा गाउँदै आएको पाइन्छ । लोकले परम्परादेखि मौखिक रूपमा गाउँदै भट्याउँदै आएका गीति कथालाई लोकगाथाका रूपमा चिन्न सकिन्छ । लोकगाथामा गीत र कथा दुवै रहेका हुन्छन् ।

---

४३. तुलसी दिवस, नेपाली लोक कथा: केही अध्ययन, काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३३ ।

लोकगाथाहरू वीरगाथा, भक्तिगाथा, देशभक्ति गाथा, नैतिक शिक्षासम्बन्धी र धार्मिक, आर्थिक र सामाजिक विकृति र विसङ्गतिसम्बन्धी गाथाहरूलाई गीतमा उनेर गाउने परम्परा छ । यस्तो चलन ग्रामीण समाजमै जिउँदो भेटाउन सकिन्छ । हुड्को बजाएर गाइने गाथा भएकाले यसलाई कतै हुड्केली र कतै भारत पनि भन्ने गरिन्छ । भारतको परिचय दिंदै डोटेली लोकसाहित्यका अन्वेषक जयराजपन्त भन्दछन -खास वाद्यशैलीमा हुड्को बजाउँदै एक जना प्रमुख गायकको नेतृत्वमा थप चार वा पाँच जना सहायक गायिकाको सामूहिक स्वरलहरी बीच-बीचमा निश्चित अंशको गायनमा घन्काएर पर्याप्त अभिनय, नृत्य र कथावाचनका साथ प्रस्तुत गरिने आफ्नै किसिमको लोकरचनालाई भारत भनिन्छ । नेपालको डोटी र कर्णाली क्षेत्रमा प्रचलित हुड्केली वा भारत तत्स्थानीय लोकगायक वा लोक रचनाकारहरूद्वारा सम्पन्न महाभारत महाकाव्य जस्तो असाधारण काव्य मानिनाले यो भारत नामबाट प्रसिद्ध भएको बुझिन्छ । यसलाई हुड्के गीत पनि भन्ने गरिन्छ ।

### #=#=$= nf]sgf6s

लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोकनाटक पनि मह□वपूर्ण विधा हो । लोकले विभिन्न चाडपर्व र अवसरहरूमा संस्कृतिको अनुकरण गर्ने सम्वादका माध्यमबाट प्रस्तुत गर्ने विधा लोकनाटक हो । लोकनाटकमा लोकका विभिन्न अनुभवहरूको प्रतिविम्ब झल्किएको हुन्छ । मुख्यतया नेपालका लोकगीत र लोकनृत्यका माध्यमबाट लोकनाटकको जन्म भएको प्रतीत हुन्छ । भदौमा देखाइने गाइजात्रे नाच, इन्द्रजात्रामा देखाइने दशावतार, लाखेझ्याली नाच, मारुनी-सोरठी नाच लोकनाटकका उदाहरण हुन् । कृष्णलीला, हरिसचन्द्र, रामलीलाजस्ता नाटकहरू पनि लोकनाटकका नमूना हुन् ।

लोकनाटका सम्वन्धमा भारतीय लोकनाटकका व्याख्याता श्याम परमारको भनाइ यस्तो छ लोकनाटकको तात्पर्य नाटकको उस रूपसित छ जसको सम्वन्ध विशिष्ट शिक्षित समाजदेखि भिन्न सर्वसाधारणको जीवन सँग होस् र जो परम्पराबाट आफनो क्षेत्रका जनसमुदायको मनोरञ्जनको साधन होस् । लोकनाटकको विषेशता साधारण साजसज्जा भएको मञ्च निर्माण हुनु वा खुल्ला आकासमुनि नाटक मञ्चन हुनु हो । मोहन हिमांशु थापा भन्दछन नेपाली नाटक अन्य विधाका तुलनामा पछि परेको छ आवश्यक लोक नाटकका त□वको समावेश हुँदा त्यसले अवश्य नै विद्यमान नेपाली नाटक गतिविधिमा

तिब्रता सशक्तता र जीवन्तता प्रदान गर्दछ । त्यसमा सिङ्गो संस्कृति समेटिन्छ । अविस्मरणीय साहित्यकार पहलमान सिँह स्वाँरले नाटक विधामा चिनाएको जिल्ला अछाममा बेलाबेलामा नाटकहरू प्रदर्शन हुने गरेका पाइन्छन् ।

### ३.३.५. गाउँखाने कथा

गाउँखाने कथा पनि लोकसाहित्यको त्यत्तिकै मह□वपूर्ण विधा हो । गाउँखाने कथा लोकजीवनको मौखिक रूपले प्रश्नोत्तरात्मक कूट अभिव्यक्तिका रूपमा प्रचलनमा ल्याएको मह□वपूर्ण लोकोक्ति हो । यसले नेपाली लोकजीवनलाई प्रशस्त अनुप्राणित पारेको छ ।

गाउँखाने कथाहरू प्रायः सबै ठाउँमा एउटै प्रकारका हुन्छनः गोठाला जाँदा, घाँस दाउरा गर्दा तथा मेलापात गर्दा वा गाउँघरमा साँझ सबै बसेका बेलामा गाउँखाने कथाको बीउ छर्ने काम हुन्छ । गाउँखाने कथाहरू विभिन्न प्रकृतिका हुन्छन् । सामाजिक, धार्मिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र नीतिचेतना सम्बन्धी गाउँखाने कथाहरूको प्रचलन जतातते पाइन्छ ।

गाउँखाने कथामा स-साना रोचक प्रश्न वक्ताले गर्छ भने स्रोताले सटिक जवाफ दिनुपर्छ । उत्तर नजानेमा कुनै गाउँ दिनुपर्छ अनि मात्र प्रश्नकर्ताले यसको जवाफ दिनुपर्छ । श्रोताले उत्तर दिँदा दिमाग खियाउनु पर्छ । यसरी गाउँखाने कथा भनेर रमाइलो गरिनुका साथै मस्तिष्क मन्थन गरि बुद्धि बढाउने कार्य गरिन्छ ।

### ३.३.६ लोकोक्ति तथा उखान

लोसाहित्यको अर्को मह□वपूर्ण विधा लोकोक्ति हो । लोकोक्ति अन्तर्गत उखान र टुक्का पर्दछन् । हुन त उखान र टुक्कालाई अलगअलग विधा भनेर उल्लेख गरिएको पनि पाइन्छ, तर उखान र टुक्का दुवै लोकोक्तिकै उपज हुन् ।

उखान लोकसाहित्यको लोकोक्तिका क्रममा आउने मह□वपूर्ण उपविधा हो । उखानमा लोकजीवनका खारिएका अनुभवहरू पूर्ण उक्तिका रूपमा समेटिएर आएका हुन्छन् । नीति उपदेश, ज्ञान र अनुभवका कुराहरू यसमा समेटिएका हुन्छन् । उखान लोकले युगौंदेखि सँगालेका ज्ञानका भण्डार हुन् । केही अछामी उखान :-

'नौला बल्ल नौ मुठा पराल ।
खाउँ भन्दा डल्ला, हात गोडा गल्ला ॥
नाउँ त तेरो पिना पानी जति भान्या पन ।
छोरा पाल्यो रन भैंसी पाल्यो वन ॥'[४४]

## ३.३.७ टुक्का

कुनै वाक्यांश पद वा पदसमूहले कुनै अर्ति उपदेश सुक्ति अथवा परम्परागत उद्गार प्रकट नगरिकनै वाक्यार्थमा बाधा तेर्स्यायो र लक्ष्यार्थ जाहेर गऱ्यो भने त्यो टुक्का अथवा तुक्का कहलाउँछ । विवेच्य क्षेत्रमा पनि टुक्काहरू वाक्यार्थमा सोझै प्रयोग हुँदैनन् । तिनले वाक्यार्थले वाधा उपस्थित गराएर लक्ष्यार्थमा आफ्नो अभिप्राय दर्शाउछन् । केही अछामी टुक्काहरू:

जडो काट्नु, खोरो फुट्नु, आगो हुनु, मन मिल्नु, नाक काट्नु ।

[४४] थीरबहादुर खड्का, अछाममा प्रचलित केही उखान टुक्काहरू, **खप्तड**, पृ.१४७ ।

# rt'y{ cWofo
# c5fd lhNnfsf k|d'v ;flxTosf/x¿sf]
# ;ª\lIfKtkl/ro / pgsf s[ltx¿

## ४.१ पृष्ठभूमि

परम्परादेखि नै अछाम जिल्ला साहित्यिक क्षेत्रमा धनी र सम्पन्नशाली जिल्ला मानिन्छ । प्रकाशनको अभाव र प्रचार प्रसार हुन नसकेकोले यहाँको साहित्य प्रकाशमा नआउने अवस्थामा नै रहयो । अछाम जिल्लाले धेरै साहित्यकारलाई जन्म दिएको छ । यस क्षेत्रमा जन्म भएका साहित्यकारहरू क्षेत्रिय एवम् राष्ट्रिय स्तरमा आफ्नो पहिचान बनाउन सफल भएका छन् । यो अछामवासीका निमित्त गर्वको कुरा हो । अछाम बाहिर जन्मेर पनि हाल अछाममै रहेर साहित्य सेवा गरिरहेका साहित्यकार पनि पाइन्छन् । यस जिल्लाको भाषिक, साहित्यिक क्षेत्रमा उहाँहरूको योगदानबाट यो जिल्ला लाभान्वित हुँदै आएको छ ।

अछामी भाषामा साहित्य सिर्जनाको थालनी साहित्यकार स्वर्गीय पहलमानसिंह स्वाँरबाट भएको पाइन्छ । 'स्वर्गीय पहलमान सिंह स्वाँरले वि.सं. १९७५ सालमै **लालुभागा** नामक नाटक लेखेको कुरा उनकै छोरा तारामानसिंह स्वाँरले बताउनु भएको छ । सो कृति वि.सं. २०३३ सालमा मात्र प्रकाशित भएको पाइन्छ ।'[४५]

'साहित्यकार स्वर्गीय स्वाँरले वि.सं. १९६१ देखि १९७५ सम्म रचना गरेका फुटकर कविताहरूको संग्रह श्लोक संग्रहमा दुईवटा अछामी भाषाका कविता पनि रहेका छन् ।' [४६]

यस बाहेक अछामी उपभाषिकामा लेखिएको **रामारोशनको रामे** शीर्षकको उपन्यास प्रकाशित छ । यसैगरी मथुराप्रसाद रेग्मीको **भिजेको कमिज** काव्य अछामी भाषामा लेखिएको साहित्यिक कृति हो । कतिपय स्तरीय नेपालीका साहित्यिक कृतिहरूका बीचमा पनि अछामी भाषाको प्रयोग पाइन्छ । जस्तैः ताना शर्माको **बैकिनीका आँसुमा डुब्द्छ बयलपाटा**

---

४५. तारामानसिँह स्वार, लालुभागा, ( अछाम, तारामानसिँह स्वार, २०३३) पृ.४३ ।

४६. भीमसेन राई, नेपाली साहित्यको विकास प्रक्रियामा पहलमानसिँह स्वारको व्यक्तित्व, कृतित्व र योगदानको विश्लेषण, अप्रकाशित स्नात्तकोत्तर शोधपत्र(कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, २०३२ ) पृ.१९ ।

यात्रासंस्मरणत्मक निबन्ध, हर्षप्रसाद भट्टको **केही गीत र केही कविता**मा अछामी भाषाको प्रयोग पाइन्छ ।

नेपाली साहित्यमा योगदान पुऱ्याउने अछामका साहित्यकारहरूको सङ्क्षिप्तपरिचय यस प्रकार रहेको छ :-

### ४.१.१ पहलमानसिँह स्वाँर (१९३५-१९९१)

पहलमानसिंह स्वाँरको जन्म वि.सं. १९३५ मार्ग ७ वृहस्पतिबारका दिन अछाम जिल्लाको 'रिडीकोट' भन्ने ठाउँमा सम्पन्न परिवारमा जन्म भएको हो । यिनी लक्ष्मीनरसिंह स्वाँरका सातौँ पुत्रका रूपमा जन्मिएको थाहा पाइन्छ । यिनको बाल्यकालको शिक्षा रिडीकोटमै अछामी पण्डितहरूबाट प्रारम्भ भयो तर उनले कुनै औपचारिक शिक्षण संस्थाअन्तर्गत रही अध्ययन गरेको पाइँदैन । यिनले स्वाध्यनका क्रममा नै विभिन्न भाषाको ज्ञान गरे । साहित्यका विभिन्न विधाको सैद्धान्तिक र व्यावहारिक ज्ञान हासिल गरेको देखिन्छ । यिनको मातृभाषा 'अछामी' भए तापनि यिनमा हिन्दी, उर्दू, फारसी र गुजराती भाषाप्रति रुचि भएको पाइन्छ । स्वाँरले पूर्वीय संस्कृत भाषाको ज्ञान गरे जस्तै पाश्चात्य ज्ञान-विज्ञान र अङ्ग्रेजी भाषाको पनि ज्ञान गरेको बुझिन्छ । यिनी सम्पन्न थिए तापनि वि.सं. १९५१ मा नै वीरशमशेरको वरदानबाट १६ वर्षे तन्नेरी स्वाँरले लप्टनको पदवी प्राप्त गर्नु जति स्वाभाविक र सहज थियो, त्यति नै सशङ्कित राणाराजनीतिमा साधारण शङ्काबाट स्वाँरले विदेशिनु पर्ने कुरा साधारण र संभावित थियो । त्यसैले जागिरे जीवनको दुई वर्षे आलोकाँचो अवस्थामा नै स्वाँर निर्वासित जीवन विताउन भारतको उत्तरप्रदेशतर्फ लागे । पहलमानसिंह स्वाँरका जीवनमा केही महत्वपूर्ण घटना घटे तर जीवन यात्रामा अनेकौं कठिनाइ, विपत्ति, बाधा, विवशता र बाध्यताका विविध मोड र घुम्तीहरूलाई सहज र धैर्यका साथ अँगाल्दै र भोग्दै उनले नेपाली साहित्यको विकास र लेखनमा निरन्तर आफ्नो सक्रियता देखाइरहे । विविध विधामा कलम चलाउने बहुमुखी प्रतिभाका धनी स्वाँरले नेपाली शिल्पकलाका क्षेत्रमा समेत रचनात्मक सीप देखाएका छन् । सम्पन्न परिवारमा जन्मिएर पनि प्रवासी, जीवन, जेलयातना भोग्न विवश भएका स्वाँरले मूलतः मौखिक र अनुदित दुवै किसिमका कृतिहरूको रचना गरेर नेपाली साहित्यमा आफ्नो साहित्यिक ओजस्वीको परिचय दिएका छन् । नेपाली नाटक र कविताका क्षेत्रमा उनको मौलिक र विशेष योगदान रहेको छ ।

पहलमानसिंह स्वाँर वि.सं. १९६० मा **प्रेमामृत वचनसंग्रह** नामक लघु काव्य संग्रह लिएर नेपाली साहित्यमा प्रवेश गर्दछन् भने नाटकका क्षेत्रमा **अटलबहादुर** (१९६२) लिएर देखापर्दछन् । नेपाली नाटकका क्षेत्रमा उनको प्रवेश तथा आगमन हुँदा मोतीराम भट्टले थालनी गरेको अनुवाद रूपान्तरणको परम्परा नै चलिरहेको थियो ।  यो परम्परा खास सक्रिय रहन सकेको थिएन जति मोतीरामको पालामा थियो । यस बेला थिएटर परम्पराले नै ज्यादा प्रभुत्व कायम गरिरहेको थियो । यस्तै परिस्थितिमा स्वाँर **अटलबहादुर** जस्तो मौलिक नाटक लिएर नेपाली नाटकका क्षेत्रमा अवतरण गरे । उनको साहित्यिक लेखनी वि.सं. १९९१ सम्म सक्रिय नै रह्यो । वि.सं. १९६० देखिको प्रवेश र १९९१ को बिसाउनीलाई हेर्दा उनले नेपाली साहित्यमा सेवा गर्ने अवसर केवल तीन दशक मात्रै फेला पारे । तर पनि यो तीन दशकमा नेपाली साहित्यलाई नै मह□वपूर्ण योगदान पुऱ्याउने स्वाँरले नाटकका क्षेत्रमा विशिष्ट योगदान दिएको  देखिन्छ । यिनले अनूदित, मौलिक दुवै प्रकारका कृतिहरू लेखेका छन् भने साहित्येतर कृतिहरू पनि लेखेर आफ्नो सामाजिक चासो र उत्तरदायित्वको झलक दिएका छन् । यिनी प्रथम दुःखान्त नेपाली नाटककार हुन् **अटलबहादुर** यिनको प्रथम र नेपाली साहित्यको प्रथम नाट्यकृति हो । 'यिनको देहान्त वि.सं. १९९१ सालमा कैलाली जिल्लाको पहलमानपूरको आमवासमा भएको हो ।'[४७]

पहलमानसिंह स्वाँरका रचनाहरूको एक झलक प्रस्तुत गर्नाले उनको योगदान थाहा पाउन सजिलो हुने भएकोले यहाँ उनका कृतिहरूको सूची दिइएको छ ।

| क्र. सं. | कृतिको नाम | रचना मिति | प्रकाशन मिति | मौलिक/अनूदित |
|---|---|---|---|---|
| | **काव्य-कविता** | | | |
| | प्रेमामृत वचत संग्रह | १९६० | १९६० | मौलिक |
| | काव्य संग्रह | १९६१-७५ | २०३२ | " |
| | खोर रहस्य | १९७९ | २०३२ | " |
| | अछामका चाडपर्व | ? | २०३२ | " |
| | किष्किन्धाकाण्ड | १९६७ | २०३२ | तुलसीकृत रामायणको अनुवाद |
| | **नाटक** | | | |
| | अटलबहादुर | १९५६-६० | १९६२ | मौलिक |

[४७] भिमसेन राई, ऐजन् पृ. ११ ।

| | | | | |
|---|---|---|---|---|
| | विमलादेवी | १९७५ | २०३२ | गुजराती भाषाबाट नेपालीमा अनूदित (उपन्यास) |
| | ललालुभागाा (अछामी भाषिका) | १९७६ | २०३३ | मौलिक |
| | विष्णु माया | १९७८-७९ | २०३३ | " |
| | रत्नावली | १९८० | २०३४ | श्री हर्षको अनूदित |
| | अभिज्ञान शाकुन्तल | १९८५ | २०१६ | कालिदासको, अनूदित |
| | जगतसिंह नाटक | | २०३९ | मौलिक |
| | **उपन्यास** | | | |
| | एक लाख रुपियाँको चोरी | १९७४ | २०३८ | जासूसी शैलीमा लेखिएको यथार्थ घटना |
| | कविता/भजन | | | |
| | प्रेमरञ्जन शृङ्गार | ? | २०३२ | मौलिक |
| | पहलमान भजनमाला | ? | २०३८ | " |
| | बालोपदेश (फुटकर कविता संग्रह) | | २०३२ | " |
| | साहित्येतर कृतिहरू | | | |
| | अंकेन्दुशेखर | १९५६ | १९६० | |
| | योगदर्शन वैराग्यपञ्चमी | १९७९ | २०२६ | |
| | बयान-विज्ञान | ? | १९९८ | बुनाइ विज्ञानसँग सम्बन्धित |
| | सदरजेल कारखानाको नियम | | १९८४ | १९८४ |
| | नेपाल उद्योग कला कम्पनीको साधारण नियम | - | १९८६ | |
| | सदरजेल कारखानामा बनेका र बन्ने मालका सूचीपत्र | - | १९८८ | |
| | कताइ-बुनाइ | - | १९९८ | |
| | स्वाँरको कुरा | - | २०३४ | |

यी माथि उल्लेख गरिएका कृतिबाहेक लेखन समय थाहा नभएका र अप्राप्य तथा अप्रकाशित केही कृतिहरू पहलमानसिंह स्वाँरका हुन् भन्ने चर्चा भई स्वाँरका नाममा स्वीकृत गरिएका छन् । जस्तै :-

(१) जगि जगिन्या-नाटक

(२) आनन्द राज - (१९५६-६) (नाटक)

(३) पद्यमकुमारी - उपन्यास

(४) हास्यव्यङ्ग्य चुटकिला

(५) मेघदूत- काव्य (कालिदासको मेघदूतको अनुवाद)

(६) रघुवंश- काव्य (कालिदासकै रघुवंश महाकाव्यको अनुवाद)

(७) सुन्दर काण्ड- काव्य (१९६७ मा लेखिएको चर्चा, तुलसीकृत रामायणको अनुवाद)

(८) के सन्तोष राख्न चाहिन्छ ? (निबन्ध) (लेखन १९७५ आषाढ ३०) 'अपणे आपणी स्थितिमा सु-सन्तोष राखको जोइए' नामक गुजराती निबन्धको अनुवाद ।

(९) गोरखा भाषाको लघु व्याकरण (लेखन १९७५, श्रावण १७)

यी माथि उल्लेख गरिएका साहित्यिक र साहित्येत्तर कृतिहरूले पहलमानसिंह स्वाँरको साहित्यिक व्यक्तित्व र साहित्येत्तर व्यक्तित्वलाई आफै प्रस्ट पार्दछन् । उपन्यासकार, कवि, निबन्धकार र नाटककार जस्ता विभिन्न साहित्यिक व्यक्तित्व मध्ये नाटककार व्यक्तित्व नै मूलभूत रूपमा सशक्त र अविस्मरणीय भएर उभिएको छ । पाँचवटा मौलिक र दुईवटा अनूदित नाटक दिएका स्वाँर माध्यमिक कालका विशिष्ट नाटककारका रूपमा देखा पर्दछन् ।

### ४.१.१.१ पहलमानसिँहको अटलबहादुर (१९६२) नाटकको सङ्क्षिप्तविश्लेषण

नेपाली साहित्य क्षेत्रमा प्रथम नाटककारका रूपमा चिनीने स्वाँरको **अटलबहादुर** नाटक वि.सं. १९६२ सालमा प्रकाशित भएको पाइन्छ । स्वाँरलाई नेपाली मौलिक नाटककारको रूपमा चिनाउने काम यस कृतिले गरेको पाइन्छ । तत्कालीन समयको राजनीतिक परिस्थितिलाई विषयवस्तु बनाएर यो नाटक लेखिएको पाइन्छ । यिनको नाटकमा स्थानियताको साथै आञ्चलिकताको प्रभाव समेत पाइन्छ । यो नाटकमा तीन अङ्क र १७ दृश्य रहेको पाइन्छ । यस नाटकको घटना वि.सं. १७२५ देखि १७३५ को बीचमा डोटी तथा अछामका माझको दानकोटको सेरोफेरोमा घटित भएको भनिएको छ । '**अटलबहादुर**

पहलमान सिंह स्वाँरद्वारा वि.सं. १९५६ देखि वि.सं. १९६० का वीचमा लेखिएको, १९६२ सालमा बनारसबाट प्रकाशित, १९६४/६५ तिर दार्जीलिङमा मञ्चीत नाटक हो ।'[४८] यस नाटकमार्फत् उने 'वियोगान्तम् न नाटकम्' भन्ने पूर्वीय नाट्य मान्यतालाई चुनौती दिँदै पाश्चात्य वियोगान्त नाट्य मान्यतालाई सर्वप्रथम नेपाली नाट्यपरम्परामा भि[illegible]याएका छन् ।

**अटलबहादुर** नाटकमा तीन अङ्क र पहिलो, दोस्रो, तेस्रो अङ्कमा क्रमशः चार, छ र सात दृश्यहरू छन् । यो वीररस प्रधान सामाजिक नाटक हो । **अटलबहादुर** नाटकको कथावस्तु पश्चिम नेपालको दानकोट राज्यसँग सम्बन्धित छ । दानकोट राज्यका राजा राजबहादुरलाई उनका कान्छी रानी र भाइ मिलेर विष खुवाउँछन् । यस कार्यमा सेनापति गुलाबसिंह तथा राम पाँडे र साम पाँडेको समेत मिलेमतो हुन्छ । यो कुरा मर्ने बेला राजाले आफ्ना विश्वासपात्र वृद्ध मन्त्रीलाई भन्दछन् । जेठी रानीपट्टिका एक मात्र राजकुमार अटलबहादुरलाई यस घटनासँग सम्बन्धित अर्तीपत्र नौ महिनापछि एक्लै सुटुक्क खोल्ने शर्तमा दिएका हुन्छन् । व्यभिचारिणी कान्छी रानी राजा मरेपछि आफ्ना देवर अमरबहादुरसँग पोइला जान्छिन् । राजाभएपछि अमरबहादुरले आफू मनपरी तरिकाले राज्य सञ्चालन गर्दछन् । राज्यमा खोलिएका विद्यालय बन्द गर्छन्: बटाघाटा भत्काउँछन् । राम्रो काम गर्नेलाई दण्ड र खराब काम गर्नेलाई पुरस्कृत गर्दछन् । आफ्ना सहयोगीलाई उच्च ओहदामा पुऱ्याउँछन् । वृद्ध मन्त्रीलाई जेल चलान गरिन्छ । उनी जेलमुक्त भएर राजाको समाधीस्थल गएर बस्दछन् । केही समयपछि राजाको प्रेतात्माले आकाशवाणीमार्फत् अटलबहादुरलाई समाधिस्थल गएर वृद्ध मन्त्रीलाई भेट्न सल्लाह दिन्छ । वृद्ध मन्त्रीले अटलबहादुरलाई काका र कान्छीआमाले राजालाई विष खुवाएर मारेको घटनाको जानकारि दिन्छ । ठीक त्यसैबेला कान्छी रानी र अमरबहादुरले आफूहरू बीचको अनैतिक सम्बन्ध थाहा नपावस् भनी अटलबहादुरलाई सिलगढी पठाउने विचार गर्छन् । अटलबहादुरको प्रेम कान्छी रानीको भाइकी छोरी कमलनयनीसँग हुन्छ । उसले प्रेम प्रसङ्गका क्रममा अटलबहादुरसँग अर्तीपत्र मागी आफू राखेकी हुन्छे । कमलनयनीसँग अर्तीपत्र मागी अटलबहादुर चार सय सैनिक साथ लिएर वृद्ध मन्त्री भएको ठाउँमा जान्छ । विष खुवाएर राजा मारेको घटना सिपाहीले समेत थाहा पाउँछन् । भोलिपल्ट वृद्धमन्त्री र अटलबहादुर सिपाहीहरूसहित दरबारमा फर्की गुलाबसिँह, राम पाँडे, साम पाँडेसहित राजा अमरबहादुर र

[४८] भीमसेन राई, ऐजन्, पृ.११

कान्छी रानीलाई मार्दछन् । अचानक गोली लागि कमलनयनी र अटलबहादुरको समेत दुःखद निधन हुन्छ । यही नाटकको अन्त्य हुन्छ ।

**अटलबहादुर** नाटकका प्रमुख पात्रहरू वृद्ध राजा राजबहादुर, राजाका भाइ अमरबहाजदुर, जेठी रानीपट्टिका राजकुमार अटलबहादुर, कान्छी रानी, वृद्धमन्त्री, सेनापति गुलाबसिंह, सामपाँडे, रामपाँडे आदि हुन् । यसका अतिरिक्त थुप्रै अन्य गौणपात्रहरू पनि छन् । राजा राजबहादुर बुढा र रोगी हुन् । उनी कान्छीरानी र भाइको षड्यन्त्रमा परी ज्यान गुमाउन पुग्छन् । उनी पुरुष, सत्, मञ्चीय, गतिहीन, वृद्ध पात्र हुन् । अटलबहादुर सोह्र-सत्र वर्ष उमेर पुगेका युवराज हुन् । उनी राजबहादुरकी जेठीरानीपट्टिका एक मात्र सन्तान हुन् । उनी पुरुष, गतिशील, मञ्चीय, सत्पात्र हुन् । कमलनयनी युवराज अटलबहादुरकी प्रेमिका हुन् । उनी स्त्री, सत्, मञ्चीय पात्र हुन् । वृद्धमन्त्री कर्तव्यपरायण, राजभक्त व्यक्ति हुन् । उनी सत् मञ्चीय वृद्ध, पुरुष गतिशील पात्र हुन् । गुलाबसिंह सेनापति हो । ऊ असल, मञ्चयीय, पुरुष, सहायक पात्रका रूपमा उपस्थित छ । कान्छी रानी छलकपट, व्यभिचारी, कठोरता, शौर्य आदि नारीसुलभ विकृत गुण भएकी नारी पात्र हुन् ।[४९]उनी असत्, मञ्चीय, गतिशील प्रमुख पात्र हुन् । अमरबहादुर राजा राजबहादुरको भाइ हो । ऊ विधुर छ । ऊ व्यभिचारी, छलकपटपूर्ण भावना भएको, निर्दयी भाइमारा पात्रका रूपमा आएको छ । ऊ बद्ध, असत्, पुरुष मञ्चीय, पात्र हो । यस नाटकमा कुनै पनि पात्रहरू नायक र नायिकाको भूमिका निर्वाह गर्ने गरी प्रयोग भएका छैनन् । 'समालोचक डा.कुमारबहादुर जोशीले कान्छी रानी र अमरबहादुरलाई नायक र नायिका तथा अटलबहादुर र कमलनयनीलाई उपनायक र उपनायिका मानेका छन् ।'[५०] यस नाटकका पात्रहरूमा चन्द्रशमशेरकालीन राणाहरूको प्रति छाया बनेर आएका छन् ।

**अटलबहादुर** नाटकमा बाह्य द्वन्द्वको प्रयोग गरिएको छ । नाटकका सत् र असत् पात्रहरूका बीचको सत्कर्म र असत्कर्मको बीचको द्वन्द्व र सङ्घर्ष क्रमिक रूपमा विकसित हुँदै गएर अन्त्यमा युद्ध, हत्या र सर्वनाशमा नाटक टुङ्गिएको छ ।

पूर्वीय र रसविधानका दृष्टिले हेर्दा यस नाटकमा करुण, शृङ्गार, वीर र हाँस्यरसको समायोजन गरिएको छ । विदूषक जादूभक्तका क्रियाकलापमा हास्य रस, कमलनयनी र

---

४९. केशवप्रसाद उपाध्याय, नेपाली नाटक र रङ्गमञ्च, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०५९ ।

५०. ऐजन् पृ. १८५-१८७ ।

अटलबहादुर तथा अमरबहादुर र कान्छीरानीका प्रेममा शृङ्गार, वीरतापूर्ण आक्रमण र लडाइँमा वीर रस अनि सर्वनाशमा करुण रस निष्पन्न भएको छ । यस नाटकमा रसको पूर्ण परिपाक भने भएको छैन । नाटक पाश्चात्य दुःखान्त नाट्यमान्यताअनुरूप लेखिएको भए पनि त्रासदी नाट्यानुरूप छैन ।

**अटलबहादुर** नाटकमा पश्चिम नेपालको दानकोट राज्य र त्यहाँका शासकहरू एवम् तिनको शासन प्रणालीको जेजस्तो चित्र उतारिएको छ, त्यसमा तत्कालीन राणाशासनको नग्न नाच पाशविक दृश्यको छाया देख्न सकिन्छ । यस नाटकमा नेपाली समाज अनुरूप संस्कार, पारिवारिक र सामाजिक पृष्ठभमि, राज्य व्यवस्था परिवेशको रूपमा आएको छ ।

**अटलबहादुर** नाटकमा प्रयुक्त भाषाशैली सरल छ । यस नाटकमा शुद्ध नेपाली भाषाको प्रयोग नभई आञ्चलिक भाषिकाको प्रभाव परेको छ । नाटकका बीच-बीचमा दोहा, चौपाई, गजलको प्रयोग गरिएको छ ।

**अटलबहादुर** नाटक प्रथम दुःखान्त नेपाली नाटक हो । यो माध्यमिककालीन नाट्यपरम्पराको उत्कृष्ट नाटक हो । नेपाली नाट्य परम्परामा दुःखान्त नाटकको सुरुवात गर्नु, ध्वन्यात्मक तहमा चन्द्रशमशेरकालीन नेपाली समाज र राजनीतिको झल्को दिनु आदि यस नाटकका सबल पक्ष हुन् भन् दुःखान्तको पूर्ण परिपालन हुन नसक्नु, अङ्ग्रेजी नाटक 'ह्यामलेट' को प्रभाव पाइनु, नाटकलाई अगि बढाउन आकाशवाणीको प्रयोग गरिनु आदि दुर्बल पक्ष हुन् ।

**अटलबहादुर** नाटकको कथानक आदि, मध्य र अन्त्यमा क्रमिक ढङ्गले विस्तारित छ । दानकोटका राजा राजबहादुरलाई मन्दविष खुवाएको र मरणासन्न भएको घटनाबाट यसको आदि भाग सुरु हुन्छ । मरणासन्न अवस्थाको राजाले नौ महिनापछि हेर्नु भनेर एउटा कागज दिएको, नयाँ राजा अमरबहादुरले पुराना कर्मचारी हटाई नयाँ भर्ना गरेको, रानीसँग अमरबहादुरले अनैतिक सम्बन्ध राखेको, रानीले सेनापति गुलाबसिँह समेत अनैतिक सम्बन्ध राखेको, बाबुले दिएको कागज हराएको र सो कागज कमलनयनीबाट फेला पारी हेर्दा अटलबहादुर लाई आफ्नो बाबु मार्नेहरू आफ्नै सौतेनी आमा र काका भएको भेद खुलेपछि अटलबहादुर आक्रोशित भएको जस्ता घटनाहरू यस नाटकको मध्य भागमा रहेका छन् । यस नाटकको अन्त्य भागमा मञ्चनिर्देशकको रूपमा सिपाहीले राजा, रानी, मन्त्री लगायत

सबैलाई र अटलबहादुरको पनि छातीमा गोली लागी मरेको घटना पाइन्छन् । एउटी नारीका कारण सिङ्गो राज्य समाप्त भएको वर्णित छ ।

यस नाटकको मूल कथानक राजनीतिक छ । यसमा विभिन्न शासकका प्रवृतिका साथै स्थानिय समाज, संस्कृति र जनजीवनको झल्को पनि पाइन्छ । श्रृङ्गारिकता भन्दा बढी तत्कालीन दरबारिया अनैतिकता बढी मात्रामा मुखरित भएको देखिन्छ । कथावस्तु दुखान्तक छ । घटनाको विकास छिटो भएका कारण कथानक शिथिल बन्न पुगेको पाइन्छ ।

### ४.१.१.२ विमलादेवी (१९७६) नाटकको अध्ययन

**विमलादेवी** (१९७६) सालमा लेखिएका र (२०३२) सालमा प्रकाशित एतिहासिक नाटक हो । यस नाटकमा जम्मा तीन अङ्क छन् । पहिलो र दोस्रो अङ्कमा सात-सात दृश्य छन्, भने तेस्रो अङ्कमा एघार दृश्य छन् । यसरी यस नाटकमा जम्मा २५ दृश्यहरू छन् । यस नाटकको कथावस्तु गुजराती इतिहासमा आधारित छ ।

**विमलादेवी** नाटकको कथासार यस प्रकार छ- प्रजाप्रेमी गुजरात नरेश जयशिखर महारानी रूपसुन्दरीका साथ गुजरातको राजधानी पंचासमा बसेर राज्य गरिरहेका हुन्छन् । उनकी विवाहयोग्य उमेरकी एउटी बहिनी छिन्- विमलादेवी, जसको विवाह क्षेत्रियोचित सहास र शूरताले युक्त मुल्तानका राजकुमार सुरपालसँग सम्पन्न हुन्छ । राजा जयशिखरको उन्नति र कीर्तिको कुरा सुनेर दक्षिण कल्याणी नगरीको ईर्श्यालु राजा र भुवड राज्यमाथि आक्रमण गर्छ । पहिलोपल्ट पराजित भुवड सैनिक सुदृढीकरण गरेर आखिरमा गुजरात जित्न सफल हुन्छ । स्वदेश र स्वाभिमानको रक्षाका लागि शत्रुसँग लड्दा राजा जयशिखर र उनका वीर सेनानीहरू युद्धभूमिमा वीरगति प्राप्त गर्दछन् । राजा भुवडको छोराले राजकुमारी विमलादेवीको अपहरण गर्छ । विमलादेवी आफ्नो चारित्रिक दृढताको परिचय दिन्छिन् र आफ्ना पति सुरपालको मृत्यु सुन्नासाथ आत्मदाह गरेर सती बन्ने तयारी गदर्छिन । आफ्नी अर्धाङ्गिनी प्राण विसर्जनको तयारी गर्दछिन् भन्ने कुरा भील्लहरूबाट थाहापाएर भील्लहरूका सहायताले राजकुमार सुरपाल उनको प्राण रक्षा गर्न सफल हुन्छन् । अन्त्यमा रानी रूपसुन्दरी र भवी आशाका प्रतीक बालक राजकुमारसँग विमलादेवी र उनका पति तथा गुरु पुरोहित आदिको भेट हुन्छ । राजकुमारलाई भविष्यमा गुजरातका राजा बन्ने आशिष दिन्छन् ।

**विमलादेवी** नाटकको परिवेश भारतको गुजरात राज्यके हो । त्यसबेलाको चालचलन रीतिथिति, लडाईको वातावरण, गुजरातीहरूको वेषभुषा आदि परिवेशका रूपमा आएका छन् ।

राजा जयशिखर, रानी रूपसुन्दरी, विमलादेवी, राजकुमार सुरपाल आदि यस नाटकका प्रमुख पात्रहरू हुन् । विमलादेवी यस नाटककी नायिका हुन् । उनी आदर्श प्रेमिका र पत्नीका रूपमा आएकी छिन् । उनी पतिपरायणा हिन्दू नारी हुन् ।

नाटकमा स्वभाविक रूपमा गद्यको प्रयोग भएको छ । सम्वाद छोटा छोटा छन् । यस नाटकमा ठूला राजा र सानाराजा (सामन्त) का बीचमा प्रयोग हुने भाषाको प्रयोग पाइन्छ । भाषागत रूपमा कर्ता क्रियाको सङ्गति मिलेको पाइदैन । कतिपय ठाउँमा विभक्तिको प्रयोग पनि उचित ढंङ्गले गरेको पाइदैन । ठाउँठाउँमा पद्यको समेत प्रयोग पाइन्छ ।

**विमलादेवी** नाटकमा सीमित स्वार्थ र आदर्शका बीचमा द्वन्द्व पाइन्छ । राजा जयशिखरले उच्च आदर्शको प्रतिनिधित्व गरेका छन् भने राजा भुवड सीमित स्वार्थका पक्षमा देखिन्छन् । पहिले भुवडको स्वार्थी प्रवृत्तिले जिते पनि अन्तत्वगत्वा राजा जयशिखर पक्षको जित भएको छ । यसरी यस नाटकमा प्रयोग भएको द्वन्द्व वाह्य द्वन्द्व हो । यस नाटकले देखाउन खोजेको कुरा आदर्शको जहिले पनि जित हुन्छ भन्ने हो ।

### ४.१.१.३ निष्कर्ष

पहलमानसिंह स्वाँर बहुमुखी प्रतिभासम्पन्न व्यक्तित्व हुन् । उनले साहित्य र सहित्येत्तर कृतिको रचना गरेका छन् । यिनी मूलतः नाटटकार हुन् । उनी माध्यमिक र आधुनिक नाटकका सेतु हुन् । उनले नेपाली नाटकलाई माध्यमिककाललाई आधुनिक कालतर्फ डोऱ्याउने चेष्टा गरे पनि माध्यमिककालीन प्रवृत्तिलाई पूर्णतः उन्मुक्ति पाउन सकेका छैनन् । नेपाली नाट्य क्षेत्रमा दुःखान्त नाट्यपरम्पराको आरम्भ गर्नु उनको मह□वपूर्ण योगदान हो । नेपाली नाटकका क्षेत्रमा गुणात्मक एवम् सङ्ख्यात्मक योगदान पुऱ्याएकाले उनी अमर बनेका छन् ।

### ४.१.२ डण्डिस्वामी (सुँगाली आश्रम)

कवि डण्डिस्वामीले भारतको बनारसबाट अछाम जिल्लामा आएर अछामको साहित्यलाई उजागर गर्न ठूलो योगदान दिए । उनलाई  साहित्य क्षेत्रमा केवलानन्द भनेर

पनि चिन्ने गरिन्छ । उनले बेलाबेलामा समकालीन कविताहरू विभिन्न कार्यक्रमहरूमा वाचन गर्ने गर्दथे । जसले उक्त ठाउँका अन्य स्रोतालाई कविता लेखन प्रेरणा मिल्दथ्यो । उनले लेखेका प्राप्त कृतिहरूमा **अछामको होरी** नामक काव्य वि.सं. १९६४ मा भारतको बनारसबाट प्रकाशित भएको पाइन्छ । यस पुस्तकका साथै अन्य केही कविता र देउडा गीत रहेका छन् ।

### ४.१.३ नृप बहादुर स्वाँर

नेपाली साहित्यका दुवै विधामा कलम चलाउन सफल साहित्यकार श्री नृप बहादुर स्वाँरको जन्म वि.सं. १९८३ अछाम जिल्लाकै रिडिकोटमा भएको हो । नेपाली राजनीतिको क्षेत्रमा क्रियाशील रहेका स्वाँर अछाम जिल्लाबाट राष्ट्रिय पञ्चायत सदस्य समेत बनेका थिए । जीवनको पछिल्ला दिनमा उनको बसोबास कैलाली जिल्लामा रहेको थियो । राजनीति र समाजसेवीका क्षेत्रमा बढी सक्रिय रहेका नृपबहादुर स्वाँर जीवनको उत्तरार्द्ध चरणतिर साहित्य सिर्जनातर्फ बढी सक्रिय देखिन्छन् । यिनका विविध विधाका कृतिहरू प्रकाशित छन् । यिनका प्रकाशित कृतिहरू सेतीको मन्दिर (२०४२) कवितासङ्ग्रह, गोठाले ठिटो (२०५१) खण्डकाव्य, स्वाँरको चिनारी (२०४९) वंशावली, कुसुमी (२०५४) उपन्यास, चिनो (२०५६) उपन्यास, कथा-व्यथा (२०५९) उपन्यास तथा देशभित्र-देशबाहिर (२०६०) यात्रा संस्मरण आदि हुन् । उनलाई साहित्यको सेवा गरेबापत सु.प. साहित्य पुरस्कार (२०६०), विद्यार्थी साहित्य पुरस्कार (२०५७) आदि सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । यिनको देहान्त वि.सं. २०६२ सालमा भएको हो ।

#### ४.१.३.१ कथा-व्यथा (२०५९) उपन्यासको अध्ययन

कथा-व्यथा नृपबहादुर स्वाँरको प्रकाशनमा दृष्टिले तेस्रो अर्थात् अन्तिम उपन्यास हो । कथा-व्यथाको संक्षित कथासार यस प्रकार छ - कान्छी काठमाडौंको व्यापारी गोपालदासको घरमा शरण लिएर बसेकी छे । त्यही घरमा पश्चिम नेपालको कर्णाली प्रदेशबाट हाइस्कुल पढ्न आएको विद्यार्थी अमर पनि बसेको छ । कान्छो छोराको हराएको पीडा, पतिमृत्युको चो व्यथा सहेर बसेकी छे । ऊ अमसरलाई आफ्नो छोरा झैं व्यवहार गर्छे । तर एकअर्काका बारेमा पूर्ण जानकारी प्राप्त गरेका हुँदैनन् । दुवै एक अर्काका बीचमा परिचित भइसकेपछि कान्छी आफ्ना जीवनका घटना परिघटना अमरलाई सुनाउँछे । घरबेटी साहू गोपालदासका

बारे पनि अमरलाई कुराहरू सुनाउँछे । गोपालदास बुषे र रोगी भएपछि आफ्ना कुरुङ्गको व्यापारलाई छोराको जिम्मा लगाएर काठमाडौं असन आएर बस्छ । उता छोराले त्यहाँ भोटेनी विवाह गर्छ । उनीहरूको एकमात्र छोरो, जेठी बुहारीलाई छोडी भोटमा गएर बसेकोमा गोपालदास र उसकी पत्नी चिन्तित हुन्छन् । ठीक त्यसैबेला भारत स्वतन्त्र हुन्छ र नेपालमा पनि प्रजातन्त्रका लागि आन्दोलन सुरु हुन्छ । अमरको साथी शिशिर राजनीतमा लागेर पर्चा छपाउने र वितरण गर्ने कार्य गर्छ । शिशिरलाई असरले एउटा उपन्यासको पाण्डुलिपि तयार पार्न भन्छ । शिशिर पाण्डुलिपी लिएर आउँछ । अमर आफू साहित्यमार्फत जनचेतना फैलाउने काम गर्छ । पाण्डुलिपीको शीर्षक कथा-व्यथा राखिएको हुन्छ । काठमाडौं टुँडीखेलमा भएको घोडेजात्रा र ठूली गौरीको आगमनबाट उक्त पाण्डुलिपि उपन्यासको कथा सुरु भएको छ । बेलगाउँका मानिसहरू दाउरा बेचेर जीवन यापन गर्छन् । गौरीको बुवा बूढो भएपछि कामम सघाउन ऊ दाउरा बेच्न थाल्छ । दाउरा फाल्ने बेला गुन्डाको पञ्चाबाट भाग्न सफ हुन्छे । ऊ अनेकौं पीडा र वेदना लिएर घर पुग्छे । घरमा गएर आमाले पएकार राखेको गुन्द्रुक र ढिंडो खाएर सुत्छे । वनमा गएका बेला रुबाट खस्छे र काँइला भक्तमानले उसलाई बोकेर घर पुऱ्याइदिन्छ । उनहीर यस घटनाले एक अर्काको नजिक हुन्छन् । भक्तमानका घरमा अपाङ्ग श्रीमती हुन्छे, जो सन्तानविहिन छे । ठूली भक्तमानसित पोइल जान्छे र छोरा जन्माउँछे । ऊ भक्तमानको घरमा गएपछि कान्छी बन्न पुग्छे । कान्छीको छोरा इन्डिया गई काम गर्न क्रममा हत्याको आरोमा जेलपर्छ । कान्छी काठमाडौं आएर साहूको चाकरी गरेर बस्छ । अमर आरतीका बीच प्रेमसम्बन्ध हुन्छ । अमउर गाउँमा जाँदा शैलेन्द्र र सोभानसँग प्रभावित भई क्रान्तिकारी बन्छ । गाउँमा जनचेतना फैलाउँछ । काठमाडौं फर्केपछि राणाविरोधी आन्दोलनमा सहभागी हुन्छ । अमर र उसका साथी, गोपाल, शिलु, आरतीको पिछा पुलिसले गरेपछि पर्चा बाँड्ने कार्य कान्छीले गर्छे । कान्छी पनि राणाशासनको विरुद्धमा लाग्छ । केही समयपछि कान्छीको छोरा जेलमुक्त हुन्छ । देशमा आन्दोलन बढ्नुका साथै राणाहरको दमन पनि बढ्छ । अन्तमा दिल्ली-सम्झौता भएर आन्दोलन स्थगित हुन्छ । जतातते विजयोत्सव मनाइन्छ । केही समयपछि कान्छी आरतीको हात अमरको हातमा राखेर प्राणत्याग गर्छे । यसरी एउटी पीडित नारीको कथा-व्यथा भन्दै उपन्यास सकिन्छ । यस उपन्यासको तत्कालीन नेपाली समाजको पीडा, वेदनाको कथा भनेकाले उपन्यासको शीर्षक कथा-व्यथा सार्थक छ ।

कथा-व्यथा उपन्यास मध्यम आकारको उपन्यास हो । यो १३८ पृष्ठमा फैलिएको छ । यसमा छोटा-छोटा २४ भागहरू छन् । कथा वृत्ताकारीय ढाँचामा छ ।

यस उपन्यासको परिवेशमा रूपमा नेपालभित्र काठमाडौं कर्णाली र भारतको दिल्ली आदि क्षेत्र हुन् । यसै उपन्यासका घटनाहरू २००७ सालको सेरोफेरोमा घटेका छन् । तत्कालीन नेपाल समाजमा व्याप्त सामन्ति संस्कार, सात सालको क्रान्तिले फैलाएको त्रास, डर आदि वातावरणका रूपमा आएको छ ।

कथा-व्यथा उपन्यासका प्रमुखपात्र कान्छी, अमर, आरती, शिशिर, गोपाल, आदि हुन् । अमर र आरती नायक नायिकाका रूपमा आएका छन् । आरती र अमर तत्कालिन शिक्षित युवावर्गका प्रतिनिधि पात्र हुन् । अमर वर्गीय, मञ्चीत, बद्ध, पुरुष सत्पात्र हो । आरती मैया अमरकी प्रेरिका हो । ऊ मञ्चीय, बद्ध, सत्, नारी, वर्गीय समजाकी प्रतिनिधि पात्र हो । ऊ सत, बद्ध गतिशील, नारी, मञ्चीत पात्र हो । शिशिर अमरको साथी हो, ऊ सत्, बद्ध, मञ्चीत र गतिशील पात्र हो । यसका अतिरिक्त प्रहरी, राणाहरू, सामन्त आदि पात्रहरू पनि यस उपन्यासमा छन् ।

कथा-व्यथा उपन्यासमा सरल भाषाशैलीको प्रयोग गरिएको छ । यस उपन्यासमा छोट्टी, हिजु, गर्खा, जिया आदि स्थानीय भाषिकामा प्रयोग हुने शब्द पनि प्रयोग भएका छन् । उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

उपन्यासमा सामाजिक र ऐतिहासिक विषयवस्तुलाई मिश्रण गरिएको छ । २००७ सालतिरको नेपाली समाजको चित्र उतार्नु उपन्यासको सफल पक्ष हो । अमरमा स्वयम् उपन्यासकारको छाया देखिन्छ । यो उपन्यासमा आदर्शवाद, यथार्थवाद र प्रगतिशिल विचारको मिश्रण गरिएको छ ।

### ४.१.३.२ देशभित्र-देशबाहिर (२०६०) यात्रा-संस्मरणको अध्ययन

देशभित्र-देशबाहिर (२०६०) साहित्यकार नृपबहादुर स्वाँरको सबैभन्दा पछिल्लो समयमा प्रकाशित कृति हो । स्वाँरले यस कृतिमा बाल्यकालदेखि प्रौढावस्थासम्म देशभित्र र बाहिर रहँदा देखेका, भोगेका र अनुभव गरेका घटना तथा विषयहरूलाई संस्मरणात्मक रूप दिएका छन् । यस कृतिलाई देशभित्र र देशबाहिर गरी दुई खण्डमा विभाजित गरिएको छ ।

देशभित्र खण्डअन्तर्गत नृपबहादुरका देशका घटना, विषय तथा प्रसङ्ग अनि तत्सम्बन्धी अनुभव-अनुभूतिहरूलाई 'जलजलेका बासमा', 'साँझमा घरिएको पाहुना द्यौता समान हुन्छ', 'कालीको किनारै किनार', भूस्वर्ग खप्तड', 'कर्णालीको तिरैतिर', 'नापानी पौपामा एकरात', 'मौरेको पुलमाथि नरसिंह गिरस्को सम्झना' र 'तेलेको लेकमाथि' आठवटा निबन्धहरू समावेश छन् भने देशबाहिर खण्डअन्तर्गत बाल्यकालमा भोट जाँदा बस्दाको अनुभव र पछि अमेरिकाको भ्रमण गर्दा सँगालेका अनुभव र अनुभूतिलाई 'कुतीको बाटो डिमर्चासम्म', 'आस्था र विश्वासकी देवी दक्षिणकाली', 'सान्फ्रान्सिस्कोदेखि अकल्याण्डसम्म', 'पावेल एक अविस्मरणीय मित्र', 'पेमा परिवारसँगको परिचय', 'ल्हासाबाट पेमा परिवारको पलायन', 'पावेलको चिडियाखाना', 'नयाँ संसारप्रतिको उत्सुकता', 'उजेली पक्षमा रमाएको पावेलको जीवन', 'पाश्चात्य र हिन्दू संस्कृति बीचको विभेद', 'अँधेरी पच्छेमा रुमल्लिएको पावेलको जीवन' र 'प्रशान्त सागमाथि उडेको मन' गरी बाह्रवटा निबन्धहरू समावेश छन् । यसरी यस सङ्ग्रहमा जम्मा बीस वटा नियात्रा सङ्कलित छन् ।

देशभित्र खण्डअन्तर्गत 'जलजलाको बासमा' 'साँझमा घरिएको पाहुना द्यौता हुन्छ' र देशबाहिर खण्डअन्तर्गत राखिएको 'कुतीको बाटो डिगर्चासम्म' शीर्षक नियात्रामा काठमाडौं दरबार हाईस्कुलमा अध्ययन गर्ने नृपबहादुर स्वाँरले बिदा हुँदा पिताजी कार्यरत रहेको ठाउँसम्म आउँदा-जाँदा सँगालेका बाल्यकालीन सम्झनाहरूलाई संस्मरणात्मक रूप दिएका छन् । 'जलजलेको बाँसमा' निबन्धमा स्वाँरले मिनपचासको छुट्टी मनाउन कुती आफ्नो परिवारलाई भेट्न जाँदाको अनुभव व्यक्त गरेका छन् । 'साँझमा घरिएको पाहुना द्यौता समन हुन्छ' निबन्धमा १९९८ सालतिर काठमाडौंदेखि भोटको केरुङ्सम्मको यात्राको वर्णन छ । 'कालीको किनारैकिनार' निबन्धमा स्वाँरले पञ्चायत नीति तथा जाँचबुझ समितिको सदस्यको हैसियले २०४१ देखि २०४६ सालसम्म धनगढीबाट महाकाली नदीको तिरैतिर दार्चुलासम्म गरेको यात्राको वर्णन संस्मरणात्मक शैलीमा गरिएको छ । पूर्वदिप्तिका रूपमा लेखकले २००८ सालतिर दार्चुलामा गरेको भ्रमणलाई लिएका छन् । 'भूस्वर्ग खप्तड' निबन्धमा खप्तडको प्राकृतिक रमणीयता, सांस्कृतिक पक्ष र खप्तड बाबाको विलक्षण आध्यात्मिक शक्तिको वर्णन छ । 'कर्णालीको तिरैतिर' शीर्षक निबन्धमा अछामबाट ठूलीगाड हुँदै कर्णालीको किनारै किनार तराई आइपुगेको अनुभव सँगालिएको छ । त्यस क्रममा भोटेजातिका पीडा, बाध्यता, पेशा र मर्मलाई मार्मिक ढङ्गको प्रस्तुत गरिएको छ । 'नापानी पौवामा एकरात' निबन्धमा राजनीतिक क्रममा अञ्चल सभामा भाग लिन धनगढीबाट

सिलगढी जाँदा नापानी भन्ने ठाउँको पाटीमा बास बसेको अनुभवलाई पोखिएको छ । 'मौरेको पुलमाथि नरसिंह गिरीको सम्झना' निबन्धमा समाजसेवी नरसिंह गिरी र आफूले समाजसेवामा लाग्नु पर्ने कारणका बारेमा उल्लेख गरिएको छ । 'तेलेको लेकमाथि' नियात्रामा तराईमा गर्मी बढेपछि तेलेको बाटो हुँदै अछाम जाँदा गरेको यात्राको सुन्दर प्रस्तुति छ ।

देशबाहिर खण्डअन्तर्गतका 'पावेल एक अविस्मरणीय मित्र', 'पावेलको चिडियाखाना', 'उजेली पच्छेमा रमाएको पावेलले जीवन', 'पाश्चात्य र हिन्दू संस्कृति बीच विभेद', 'अँधेरी पच्छेमा रुमल्लिएको पावेलको जीवन', पेमा परिवारसँगको परिचय' तथा 'ल्हासाबाट पेमा परिवारको पलायन' यात्रा संस्मरणहरू एक अर्कासँग अन्तर्सम्बन्धित छन् । ती निबन्धहरूमा निबन्धकारले आफूले विदेशमा बस्दा पावेल परिवार र पेमा परिवारसँगको मित्रताबाट प्राप्त अनुभव र तिनीहरूसँग उठबस गरेका क्षणको स्मरणात्मक शैलीमा प्रस्तुत गरेका छन् । माथि उल्लेखित सुरुका पाँच निबन्धमा सन् १९६८ को सेप्टेम्बरमा अमेरिकामा भ्रमण गर्दा घुमेको ठाउँहरू र भेटेका मानिसहरूलाई विषयवस्तु बनाइएको छ । पूर्वीय तथा पाश्चात्य जगत् सांस्कृतिक, धार्मिक नियम चालचलनको फरक-फरक भए पनि प्राकृतिक वातावरण र मानवीय मूलभूत भावना सबै ठाउँमा एकनास हुने यथार्थतालाई ती निबन्धमा देखाइएको छ । 'आस्था र विश्वासकी देवी दक्षिणकाली' नियात्रामा निबन्धकारको सम्मानमा क्यालिफोर्निया विश्वविद्यालयका प्रोफेसरले आयोजना गरेको रात्रिभोजलाई विषय बनाइएको छ । यो निबन्ध 'सान फ्रान्सिस्कोदेखि अकल्याण्डसम्म' निबन्धको पूर्वपीठिका हो । 'पेमा परिवारसितको परिचय' र 'ल्हासाबाट पेमा परिवारको पलायन' शीर्षकको निबन्धमा चीन सरकारले तिब्बतलाई अधीनस्त गरेपति त्यहाँका स्थानीयबासीमा परेको दुःख र दलाइ लामाका समर्थकले तिब्बत छाड्नुको कारण उल्लेख गरिएको छ ।

देशभित्र-देशबाहिर नियात्रा सङ्ग्रहको भाषाशैली सरल छ । आफूले देखेभोगेका कुरालाई सरल र सहज तरिकाले प्रस्तुत गरिएको छ । भाविक चमत्कार देखाएर पाण्डित्य प्रदर्शन गर्नुभन्दा आफूले अनुभव गरेको जीवन र जगतप्रतिको धारणालाई वैयक्तिक ढङ्गले अभिव्यक्ति गरिएको छ । यस सङ्ग्रहमा लेखकले नेपाली भाषिकाका शब्दहरू (घरिएको, तादी, रानपास, छकालो, टिठाउनु) प्रयोग गरिएको छन् । यस सङ्ग्रहमा व्याकरणिक कमी

कमजोरीहरू छन् । त्यसै गरी विभिन्न लेखमा उर्दू, हिन्दी र अङ्ग्रेजी भाषाका आगन्तुक शब्दहरू पनि आएका छन् ।

निबन्धकार नृपबहादुर स्वाँरले आफ्ना निबन्धमा विभिन्न भाव र विचाहरू समेटेका छन् । मानवीय जीवनका दुःख-सुःख, हाँसो-पीडाको भावमय प्रस्तुति उनका निबन्धमा पाइन्छ । स्वतन्त्रता र आधुनिकताका नाममा छाडा र उच्छृङ्खल जीवन बिताउनुभन्दा आफ्नो धर्म र संस्कृतिका सत् पक्षलाई अँगालेर अघि बढ्नुपर्ने विचार उनका निबन्धमा पाइन्छ । पराधिन शरणार्थी जीवनप्रति पनि उनले सहानुभूति प्रकट गरेका छन् । मत्स्यन्यायको विरोध र मानवताको वकालत पनि उका निबन्धमा गरिएको छ । उनका सबै निबन्धहरूमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.१.३.३ निष्कर्ष

नृपबहादुर स्वाँर साहित्य, समाजसेवी र राजनीतिमा समान रूपले सक्रिय व्यक्तित्व हुन् । उनले कविता, निबन्ध र उपन्यास विधामा कलम चलाएका छन् । यिनका साहित्यिक कृतिमा भावना र कल्पनाको मिश्रण पाइन्छ । सुदूपश्चिममा कविता, उपन्यास र कथा विधामा कलम चलाउने साहित्यकार धेरै छन् तर नृपबहादुर स्वाँरले निबन्ध (नियात्रा) विधामा कलम चलाएर प्रशंसनीय कार्य गरेका छन् । उनका कृतिमा प्रयुक्त विषयवस्तुले आञ्चलिकतासमेत झल्काएका छन् । विषयवस्तुको सङ्गठन र भाषिक त्रुटीयुक्त हुनु उनका कृतिको कमजोरीको पक्ष हो । राष्ट्रियस्तरमा आफ्नो वर्चस्व कायम गर्न नसके पनि नृपबहादुर स्वाँर कैलाली जिल्लाका उल्लेख्य साहित्यकार हुन् । पञ्चायती व्यवस्थाको राजनीति गरेका व्यक्ति भए पनि त्यस व्यवस्थाको गुणगान नगाई साहित्य लेखी स्वतन्त्र रूपमा साहित्य सिर्जना गर्नु उनको सकारात्मक पक्ष हो ।

### ४.१.४ रामबहादुर मिजार

यिनको जन्म वि.सं. १९६१ साल मा अछामको तिमिल्सैनमा भएको पाइन्छ । उनको **भजन सङ्ग्रह** नामक कृति प्रकाशित भएको पाइन्छ ।

### ४.१.५ तेज बहादुर शाह

श्री तेज बहादुर शाहको जन्म २००० साल असार १७ गते अछाम जिल्लाकै कालिमाटी गढीमा भएको हो । उनले साहित्यको नौलो विधा उपन्यासमा कलम चलाएर अछामको साहित्यकारको नाम उपन्यासकारमा लेखाउन सफल भएका छन् । उनको यस महत्वपूर्ण कार्यले उहाँ भन्दा पछिका अन्य साहित्यप्रेमीहरूलाई उपन्यास लेखन कार्य सजिलो भएको छ । उनको उपन्यासको नाम **बादल** हो । (प्रकाशक- रत्नपुस्तक भण्डार काठमाडौँ) यसबाहेक उनका अनेक लेख पनि प्रकाशित भएका छन् ।

### ४.१.६ मथुरा प्रसाद रेग्मी

अछाम काफलखेतका बासिन्दा रेग्मीको **भिजेको कमिज** नामक आफ्नै स्थानिय भाषामा कविता कृति प्रकाशित पाइन्छ । यिनी शिक्षण पेशामा आबद्ध भएर हाल अवकाश जीवन बिताइरहेका छन् ।

### ४.१.७ नरराज गिरी

कवि र नाटककार श्री नरराज गिरीको जन्म वि.सं.२००६ मा अछाम जिल्लाकै कुण्डालीमा भएको हो । उनका पनि अनेक फूटकर कविता र नाटकहरू प्रकाशित भैसकेका छन् ।

### ४.१.८ धनञ्जय तिमिल्सेना

कवि र कथा विधा दुवैमा कलम चलाउने साहित्यकार श्री धनन्जय तिमिल्सेना को जन्म वि.सं. २००७ सालमा अछाम जिल्लाकै धुराली भन्ने ठाउँमा भएको हो । उनले निबन्ध विधामा पनि कलम चलाएको पाइन्छ । उनका अनेकन कथा निबन्ध र कविता फूटकर पनि प्रकाशित भैसकेका छन् ।

### ४.१.९ यदुनाथ शर्मा

कवि श्री यदुनाथ शर्माको जन्म अछाम जिल्लाको बास्तोलीमा भएको हो । उहाँलाई कविता विधाका प्रमुख विद्वान मानिन्छ । उनको **गीत गुच्छ** नामक एउटा कविता संग्रह प्रकाशित भैसकेको छ । यसका साथै अन्य फुटकर कविता पनि प्रकाशित भएका छन् ।

### ४.१.१० हर्ष प्रसाद भट्ट

साहित्यकार हर्षप्रसाद भट्टको जन्म खगेन्द्रप्रसाद भट्ट र उनकी धर्मपत्नी केदारी देवी भट्टको जेष्ठ सुपुत्रका रूपमा वि.सं. २००५ साल पौष ९ गतेका दिन सेती अञ्चलको अछाम जिल्लामा अवस्थिति घुघुँरकोट गा.वि.सं. अन्तर्गत कुमैस्थान टोलमा भएको हो । नक्षेत्र अनुसार पनि ह वर्णबाट उनको नाम जुर्ने तथा पारिवारिक हर्षोल्लासको चिनो स्वरूप उनको नाम हर्षप्रसाद रहन गएको हो । नेपाली साहित्यको काव्य विधामा न्वारनमकै नामबाट हर्षप्रसाद चिरपरिचित हुन पुगेका देखिन्छन् । उनी आफ्नो बुबा आमाबा सातौं सन्तान मध्ये दोस्रो सन्तान दिए ।

भट्ट बाल्यावस्थादेखि नै प्राकृतिक सुन्दरतामा रमाउने प्रवृत्तिका भएकाले हिमाल, पहाड, वन जङ्गल पाखा पखेरा, खोला नालासँग प्रीत गाँस्न मन पराउने कुरा उनका कृतिहरूले बताउँछन् ।

हर्षप्रसाद भट्टको अक्षराम्भ ५ वर्षको उमेरमा स्थानीय पाठ्शालामै भएको हो । त्यसपछि प्रारम्भिक शिक्षाका रूपमा प्रभा धम्कोट नि.मा.वि. मा डबलबहादुर कुवरबाट प्राप्त गर्न थाले । कवि भट्ट पछिको २०२५ सालमा बनारस गएपछि नेपाली संस्कृत महाविद्यालय वाराणसीबाट फलित ज्योतिष विषयमा सन् १९७१ मा पूर्व मध्यमा, सन् १९७४ मा उत्तर माध्यमा, सन् १९७६ मा शास्त्री तह उत्तीर्ण गरे । उनले वि.सं. २०३२ सालदेखि नै अध्यापन कार्य सुरु गरेर हालसम्म सेवा गरेको पाइन्छ । उनले २०२७ साल देखि नै कविता यात्रा सुरु गरेको पाइन्छ । कवि भट्ट साहित्यिक, राजनीति, गतिविधिका साथै शास्त्रीय सङ्गीतमा समेत रुचिराख्ने गर्छन् । हार्मोनियम, बाँसुरी बजाउन धेरै मन पराउने भट्ट साहित्यिक पत्रपत्रिका पढ्नमा पनि उत्तिकै अभिरुचि राख्दछन् ।

भट्टका प्रकाशित कृतिहरू निम्न प्रकार छन् :

|  | कृति | विधा | प्रकाशक | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १. | मेरो कल्पना | कविता | उत्तम कुमार भट्ट | २०२९ |
| २. | हिमाली सन्देश | कविता | खगेन्द्रप्रसाद भट्ट | २०३१ |
| ३. | दुई थोपा आंशु | पत्र | हर्षप्रसाद भट्ट | २०४८ |
| ४. | अछाम रुँदैछ | कविता | बद्रीप्रसाद भट्ट | २०५९ |
| ५. | प्याउली गुलाफ | खण्डकाव्य | बद्रीप्रसाद भट्ट | २०६१ |
| ६. | दरबारको आत्मकथा | ........ | लोकराज र देवेन्द्रप्रसाद भट्ट | २०६३ |

२०२७ सालमा बनारसबाट प्रकाशित हुने साहित्यिक पत्रिका तरुणमा 'असमान किन' शीर्षकको कविता प्रकाशित भएबाट नै उनको साहित्य यात्रा सुरु भएको हो । कवि भट्टका कविताहरू सामान्य पाठकले एक पटक पढ्ने वित्तिकै हृदय संवेद्य विषयवस्तुले उनिएका र बुनिएका हुन्छन् जसले गर्दा पाठकले उनका कविता पढ्न मन पराउँछन् ।

पछिलो समयमा प्रकाशित उनको **प्याउली गुलाफ** खण्डकाव्य अछामी माझ अत्यन्तै लोकप्रिय मानिन्छ । **प्याउली गुलाफ** खण्डकाव्यका केही अंश :

सिमलफूले डाँडाकाँडा तोरीफूले खेत,
पारी छाल प्याउली फूली उराठ भए चेत
नगाओ युवती पारि गहुँगडा खेत
वारिछाल वैरागीका उडी जान्छन्, चेत
प्याउलीका गाई, भैंसी चर्ने, समाताडा छाल,
बीचमा यो नदी भयो, मेरा लागि काल
प्याउली बस्ने पारि ढुङ्गा, पुग्ने यो रहर
कसरी म प्याउली भेटुँ, बनूँ कि भँवर ॥ (पृष्ठ ८५)

### ४.१.१०.१ कवि हर्षप्रसाद भट्टको प्याउली गुलाफ खण्डकाव्य कृतिको विश्लेषण

प्याउली गुलाफ कवि भट्टको पहिलो गीति खण्डकाव्य हो । यो सवाइ छन्दमा लेखिएको छ । यसमा जातीय छुवाछुतका कारण निम्तिएको भयावह स्थितिको बारेमा चित्रण गरिएको छ । जातिय असमानता बढ्दै जाँदा समाजले कस्तो रूप लिन्छ भन्ने कुरा यस खण्डकाव्यमा देखाइएको छ ।

**विषय विस्तार**

"प्याउली गुलाफ" (२०६१) गीती खण्डकाव्य हो । यसको कथावस्तु अछाम जिल्लाको घुघुरकोट र विम्कोटका सीमावर्ती र कैलासका खोलामा घटित छ । यो प्रगतिवादी विचारधारमा यथार्थवादीशैली अपनाएर लेखिएको छ । यसले अछाम जिल्लाको रहन सहन, सांस्कृतिक राजननैतिक, धार्मिक, सामाजिक, लैंगिक, प्राकृतिक र भाषिक विशेषताका साथै जातीय छुवाछुतको यथार्थ चित्रण गरेको छ ।

**कथानक**

अछाम जिल्लाको विमकोटमा निम्न वर्ग र तल्लो जातकी प्याउली नामकी सुन्दर युवती छे । उसलाई गुलाफ नामको सम्भ्रान्त क्षेत्री परिवारको युवकले सधैं नदीको पारिबाट हेरिरहन्छ । यी दुवै विम्कोट र घुघुरकोटको बीचमा पर्ने बुढीगङ्गा नदीको कारणले गर्दा आपसमा कुरा गर्न सक्दैनन् । दैनिक घाँस काट्न र गोठाला आएको अवस्थामा मात्र टाढै देखादेख गर्छन् । गुलाफ प्याउलीलाई पत्नी बनाउने अभिलाषाले रातदिन उसैको बारेमा सोच्न थाल्दछ । उसले बुढीगङ्गामा माछा मार्दै हिड्ने जलेरूलाई आफ्नो प्याउलीलाई भेट्ने सन्देश भनिदिन आग्रह गर्छ र जलेरुले प्याउली र गुलाफको भेट चैतली मेलामा गराइ दिने वाचा गर्छ । गुलाफ प्याउलीलाई जीवनसंगिनी बनाउने हेतुले चैतली मेलामा खोज्दै हिड्छ र प्याउली पनि खोज्दै  हिड्छे । त्यसै मेलामा प्याउली र गुलाफको एकापसमा प्याउलीकी सानीआमाले उसको भिनाजु पर्ने पद्मेको पैसा खाएर प्याउलीलाई विवाह गरिदिने निर्णय गरेकी हुन्छे । त्यसकारण चैताली मेलामा पद्मेले पनि प्याउलीलाई खोज्दै हुन्छ । रातभरी न्याउले खेल चल्छ । जब बिहानीको समय हुन्छ तब पद्मेले प्याउलीलाई लैजान्छु भनेर उसको बाहुलीमा समाउँछ । आफ्नी प्रेमिका अथवा हुनेवाली जीवन सङ्गिनीलाई हात लगाएको देखेर गुलाफ आगबबुला हुँदै पद्मेलाई कुट्छ । गुलाफको कुटाइबाट पद्मेको टाउकोमा चोट लागेपछि रक्ताम्मे शरीर लिएर पद्मे आफ्ना मालिक बिम्कोटे राजा कहाँ निसाफ माग्न जान्छ ।

पद्मेको शारीरिक अवस्था र सारा वृत्तान्त सुनिसकेपछि राजाले गुलाफलाई बोलाउँछन् । पद्मे र गुलाफको फैसलागर्न घुघुरकोटे राजा पनि आउँछन् । बिम्कोटे र घुघुरकोटे राजा मिलेर हात हाल्नु पद्मेको गल्ती कट्नु चाहिँ गुलाफको भन्दै दुबैले बराबर

गल्ती गरेकाले छब्बीस-छबबीस रूपैयाँ जरिवाना तिर्नुपर्ने निर्णय गर्दछन् । यस्तो फैसलाले पद्मेको चित्त बुझ्दैन । प्याउली आफ्नो जातकी भएकीले त्यसलाई नै पाउनु पर्ने भन्दै त्यस निर्णयको विरोध गर्दै ऊ जिल्ला अदालतमा जान्छ । प्याउली यस घटनाबाट साह्रै त्रसित हुन्छे र गुलाफलाई सम्झँदै आँसु बगाइ रहन्छे । पद्मेले अदालतमा मुद्दा जाहेर गरेर आएपछि जिल्ला अदालतबाट गुलाफको नाममा पक्राउ पुर्जी जान्छ र उसलाई जिल्ला अदालतमा उभ्याइन्छ । अदालतमा वादी प्रतिवादीका कुरा सुनेर पनि न्यायधीसले कठघरामा उभ्याई स्वयम्लाई फैसला गर्न लगाइन्छ । प्याउलीले गुलाफ र आफ्नो प्रेम विसुद्ध भएको र प्रजान्त्र आइसकेपछि जातपात केही नहुने भन्दै गुलाफसँगै जीवन व्यति तगर्ने निर्णय गर्छे । उक्त कुरा सनुपछि न्यायधीसले प्याउलीको पक्षमा विजय गराउँछन् । यस घटनाले आहत बन्दै पद्मे अदालतबाटत जुरमुरिएर हिड्छ । तर गुलाफ रुढिवादी परमपराको घोर विरोध गर्दै अदालतभित्र नै प्याउलीको सिउँदोलाई रङ्गाइदिन्छ । आफ्नो विजयको खुसी मनाउँदै घर फर्कन्छन् तर बाटैमा साँझ पर्छ । घर जान नसकेपछि कैलास खोलाको एउटा घट्टामा बास बस्दछन् । आफ्ना विगतका र विजयका तथा प्रेमका मिठामिठा गफ गर्दै भुसुक्क निदाउँछन् । यसै अवस्थामा हावाहुरी सहितको ठूलो वर्ष हुन्छ र बाढी आएर दुवैलाई बगाएर अन्त्य गरिदिन्छ । अर्कोदिन जेलेरू बुढीङगामा माछा मार्दै गर्दा उसले नदीको छेउमा प्याउलीको लास देख्छ र  तयसलाई दाहसंस्कार गरिदिन्छ । यसरी यस खण्डकाव्यको कथावसतु टुंगिएको छ । कथानकमा गुलाफसँग पद्मेको द्वन्द्व चर्केको छ र दुःखान्त बेहोरेर प्याउलीको पवित्र प्रेमले असफलतामै भए पनि विजय प्राप्त गरेको देखाइएको छ ।

### ४.१.११ गणेशप्रसाद रेग्मी

अछाम जिल्लाको काफलखेतमा जन्मेका रेग्मीको **अछामी लोकगीतको ठेली** देउडा गीतको सङ्कलन प्रकाशित भएको पाइन्छ । गायनमा समेत रूचि राख्ने उनका विभिन्न पत्रपत्रिकामा लेखरचना प्रकाशित भएको पाइन्छ ।

### ४.१.१२ हरिप्रसाद जोशी

अछाममा जन्मेका साहित्यकार हरिप्रसाद जोशीको **हाम्रो बाटो** यात्रासंस्मरण प्रकाशित भएको पाइन्छ । यस संस्मरण कृतिमा अछामदेखि भारतको बम्बईसम्म पुग्दासम्मका कथा-व्यथा र वेदनाहरू संकलित पाइन्छन् ।

### ४.१.१३ ललीजन रावल

नेपाली साहित्यको जेठो कविता र गजलमा कलम चलाउने साहित्यकार श्री ललिजवन रावलको जन्म अछाम जिल्लाको सुगालीमा भएको हो । कविता भन्दा पनि गजलकारका रूपमा ख्यातिप्राप्त ललिजन रावलले गजल विधामा आफ्नो छुट्टै पहिचान बनाएका छन् र थुप्रै संघसंस्थाहरूबाट पुरस्कृत पनि भैसकेका  छन् । उनका कृतिहरू

(१) यसपटक पनि (कविता संग्रह) २०४०

(२) केही गजलहरू - २०४२

(३) समकालिन नेपाली गजल (सम्पादन)- २०४७

(४) मरुभूमि माथि (कविता संग्रह)

(५) जैतुनका फुलहरू

ललिजन रावलका गजलमा विचार र कलाको समन्वय पाइन्छ । यिनले विभिन्न बिम्ब प्रतिकका माध्यमबाट सामाजिक जीवनका विभिन्न पक्षलाई उजागर पाइन्छ । प्रकृति र जीवनसँग नजिक रहेका यिनका गजलमा सिमान्तकृत जनता र उनीहरूको जीवनको कथा-व्यथा प्रस्तुत गरिएको पाइन्छ । राष्ट्रियताबोधका साथै शिष्ट प्रेमसँग सम्बन्धित उनका गजलमा मायाप्रेमका कोमल भावहरू पाइन्छन् । ललिजन रावलका केही गजलांश:

आफै मात्र भोग खाने, द्यौता कोटी कोटी ।  
तावा माथि भोक पाक्छ, पाक्दैन खै रोटी ॥  
रक्त चन्दन तस्करीमा रातै बितेपनि ।  
बिहानीमा टीका लाउँछौ, चन्दन घोटी घोटी ॥

### ४.१.१४ महेश विक्रम शाह

नेपाली साहित्यको कथा विधामा कलम चलाइ नेपाली साहित्यमा मह वपूर्ण योगदान पुऱ्याउनु हुने साहित्यकार श्री महेश विक्रम शाहको जन्म वि.सं.२०२२ सालमा अछाम जिल्लाकै कालिमाटी गढीमा भएको हो । उनलाई **छापामारको छोरो** कथा सङ्ग्रहको लागि २०६३ सालको मदन पुरस्कार पनि प्राप्त गरिसकेका छन् । जुन नेपाली साहित्यका लागि ठूलो योगदान मान्न सकिन्छ । यस बाहेक उनले थुप्रै पुरस्कार प्राप्त गरिसकेका छन् ।

नेपाल प्रहरीमा कार्यरत शाहको हालको बसोबास काठमाडौ. जिल्ला रहेको छ । उनका कृतिहरू निम्नानुसार छन् :

(१) सटाहा (कथासंग्रह) - प्र. अनुराग प्रकाशन काठमाडौँ, २०५३ ।

(२) सिपाहीकी स्वास्नी (कथा सङ्ग्रह)

(३) छापामारको छोरो (कथा सङ्ग्रह)

(४) टुँडिखेलमा कामरेड (कथा सङ्ग्रह)

### ४.१.१४.१ महेश विक्रम शाहको  छापामारको छोरो कथा सङ्ग्रहको सङ्क्षिप्तविश्लेषण

नेपाली साहित्यमा द्वन्द र तत्जन्य विषयमा कलम कमै चलेको पाइन्छ । नेपालमा दस वर्षसम्म चलेको सशस्त्र द्वन्दको समयमा  भएका घटना सँग सम्बन्धित कथाहरू **छापामारको छोरो** कृतिमा रहेको पाइन्छ । सशस्त्र द्वन्द र युद्धमा ज्यान गुमाउन पुगेका व्यक्तिहरू लाई सर्मपण गरिएको यस कथामा मानवता, सहअस्तित्व र भाइचारा हुनुपर्ने मानवतावादी चिन्तन प्रस्तुत गरिएको छ । द्वन्दका समयमा नेपाली जनताले असाध्य दुःख पाउनुपरेको घटनालाई उनले प्रस्तुत गरेका छन् । नेपालमा दश वर्षसम्म चलेको शशस्त्र द्वन्द्वको समयमा देश र जनताले भोग्नु परेका विविध किसिमका त्रासदीपूर्ण एवं विभत्स अवस्था आदिको जीवन्त चित्रण गरिएको महेशविक्रम शाहको छापामारको छोरो शीर्षकको प्रस्तुत कथा सङ्ग्रह द्वन्द्वकथाहरूले भरिएको एउटा बेजोड कथा सङ्ग्रहका रूपमा प्रकाशित हुनपुगेको पाइन्छ । सशस्त्र द्वन्द्व र युद्धमा आफ्नो जीवन गुमाउन पुगेका व्यक्तिहरूलाई समर्पण गरिएको प्रस्तुत कथा सङ्ग्रहका कथाहरूमा मानिसमाथि सर्वाधिक घातक एवं जघन्य किसिमका आक्रमण मानिसद्वारा नै गरिएका छन् र यसकै कारण समाजमा नयाँ-नयाँ किसिमका द्वन्द्वात्मक अवस्था सिर्जना हुन पुगी मानव-मानव बीचको सहअस्तित्व, भाइचारा र मानवतामा आधारित मानिसको जीवनपद्धति कसरी र कुन रूपमा खलबलिँदै गएको छ भन्ने यथार्थ द्वन्द्वात्मक वातावरण र यसले सिर्जना गर्न पुगेका परिस्थितिका कसीमा नै स्वानुभूतिमूलक दृष्टिकोणका साथ केलाउने प्रयास कथाकारले गरेका छन् ।

द्वन्द्व तथा सशस्त्र युद्धका विभिषिकाहरूले देश समाजलाई पुऱ्याएको क्षति र यसले समस्त नागरिकहरूलाई दिएको चोट र पीडाहरूको अत्यन्त कारुणिक र मार्मिक प्रसङ्गहरू समाहित यो कथा सङ्ग्रह द्वन्द्व र युद्धासम्बन्धी प्रभावपूर्णभरिएको अत्यन्त जीवन्त एवं

उच्चकोटीको कथा सङ्ग्रहका रूपमा देखापरेको छ । यसमा सङ्ग्रहीत सबै कथाहरूले द्वन्द्वको प्रतिस्पर्धाले विभिन्न किसिमका विकृति र विसङ्गतिहरू फैलिन गई समाज अतिवादको अतिव्यासिबाट कसरी आक्रान्त हुनपुग्छ भन्ने यथार्थको गहिरो विश्लेषण गर्दै समाजमा शान्ति र अमनचैनको वातावरण सिर्जना गर्ने कार्यमा अथक रूपमा क्रियाशील भई शान्त र समुन्नत नयाँ नेपालको निर्माणको दिशामा सबै ऐक्यबद्ध रूपमा अग्रसर हुनसक्नुपर्ने आजको सामयिक आवश्यकतामाथि गहन प्रकाश पार्नसकेको पाइन्छ । प्रशासनिक दायित्व र कर्तव्यपालनभन्दा आफ्नो अधिकार र सीमाको उल्लङ्घनको कारण पनि समाजमा अर्न्तविरोधजन्य द्वन्द्वात्मक अवस्था सिर्जना हुन पुगिरहेको यथार्थलाई 'बाबुको काँधमा छोरो सुतिरहेको देश' शीर्षकको कथाले मार्मिक चित्रण गरेको छ । द्वन्द्वकै कारण आफ्नो लोग्ने गाउँबाट पलायन हुनु एवं आफ्नो गाँसवासको व्यवस्था गरिदिने एक मात्र छोरो भारततर्फलायन हुन बाध्य भएको अवस्थामा जीवन धान्नका लागि किडी जियाले गर्नुपरेको कारूणिक सङ्घर्ष र यस क्रममा अन्त्यमा कर्णाली नदीलाई आफ्नो जीवन सुम्पिन बाध्य र विवश हुनु परेको मर्मस्पर्शी चित्रण 'किडी जियाले कर्णालीमा फाल हालिन्' शीर्षकको कथामा पाइन्छ । एकाग्र भई खाडल खन्ने जिम्मेवारी पाएको व्यक्तिलाई खाडल किन खनिरहेको छ भन्ने जानकारी समेत नभएको अवस्थामा त्यो खाडलमा युद्धमा मारिन पुगेका आफ्नो बाबु र दौंतरीहरूको लाश पुर्नुपर्ने अवस्थाले सिर्जना गर्नपुगेको अत्यन्त हृदयविदारक घटनालाई 'एउटा अर्को खाडल' शीर्षकको कथाले मार्मिक रूपमा चित्रण गरेको छ । द्वन्द्वकै कारण अत्यन्त त्रासदीपूर्ण अवस्थामा जीवन बिताइरहेका मानिसहरू आफ्नो कुनै आफन्त गाउँ फर्कँदा समेत किन चिन्तित हुन बाध्य हुन्छन् र आफ्नी आमालाई एक्लै छाडेर भावी दुर्घटनाको आशङ्काले आफ्नो घर छाड्न मानिसहरू किन र कसरी विवश भइरहेका छन् भन्ने यथार्थको उद्बोधन 'गाउँमा गीतहरू गुञ्जदैनन्' शीर्षकको कथाले गरेको छ । अत्याचार गर्नेहरूको क्रुरतापूर्ण व्यवहारमा समाजका सर्वसाधारण कसरी र कुन रूपमा प्रताडित हुन पुगिरहेका छन् भन्ने यथार्थको जीवन्त चित्रण 'बन्द ढोका र समय' शीर्षकको कथामा पाइन्छ ।

सिपाहीमा पनि स्वतन्त्रताको चाहना हुन्छ । उसका मनमा पनि विभिन्न किसिमका मानवीय भावना अर्न्तनिहित हुन्छन् । सिपाही केवल सिपाही मात्र नभएर एउटा मानिस हो र मानिस हुनुकै कारण उसभित्र पनि मानवीय संवेदना र विविध किसिमका संवेगहरू हुन्छन् । दासत्वबाट मुक्ति र शान्ति र स्वतन्त्रताको चाहना उमा पनि हुन्छ । यस अवस्थामा

भावनात्मक रूपमा ऊ जतिसुकै उद्वेलित भए पनि उसलाई पदीय दायित्व, कर्तव्य र आदेशले किन, कसरी र कुन रूपमा कठोर बनाउन पुगिरहेको हुन्छ भन्ने यथार्थको राम्रो चित्रण 'सिपाही र सालिक' शीर्षकको कथाले गरेको छ । 'एकादेशमा' शीर्षकको कथामा युद्धका कारण क्षतविक्षत हुनपुगेको एउटा गाउँको अवस्था र सडेका लाशहरूले गाउँलाई अत्यन्त दुर्गन्धित तुल्याउन पुगेको विभत्स अवस्थाको चित्रण छ । द्वन्द्व र युद्धको कारण कहाँ, कतिबेला, कस्तो किसिमको दुर्घटना हुनसक्छ, बम बिस्फोटनका माध्यमबाट मान्छेले नै मान्छेलाई कसरी मुर्दा बनाइरहेका छन्, मानिसमा संवेदनहीनताको पराकाष्ठाले के-कस्तो सीमा नाघिसकेको छ, प्रत्येक मानिस जीवन र मृत्युसँग कुन रूपमा सङ्घर्ष गर्न बाध्य र विवश बन्न पुगेको छ भन्ने यथार्थलाई 'म र मुर्दाहरू' शीर्षकको कथाले राम्ररी केलाएको छ ।

यसरी जुनसुकै पक्षबाट गरिएको भए पनि हिंसाले मानव जातिको संहार एवम् विनाश नै गर्ने चिन्तन लेखकले प्रस्तुत गरेका छन् । नेपाली साहित्यको क्षेत्रमा द्वन्द, युद्ध, यातना, विनाश, त्रासदी आदि विविध पक्षमा आधारित भएर समाजको जटिल यथार्थहरू लाई लेखकले प्रस्तुत गरेका छन् । सशस्त्र द्वन्द र युद्धका विविध पाटा र पक्षहरू लाई अति सुक्ष्म किसिमले चित्रण गर्नु लेखकको कुशलता मान्न सकिन्छ । युद्धका क्रममा पिल्सिएका जनताको जीवन र उनीहरूले पाएको पीडालाई राम्ररी बुझाउने प्रयास शाहले गरेको पाइन्छ । आफू प्रहरी सेवामा रहेको हुँदा द्वन्दलाई नजिकबाट बुझेका लेखकले यसको प्रस्तुतिमा यथार्थ प्रकट गर्न सकेको पाइन्छ ।

### ४.१.१५ यज्ञराज उपाध्याय

नेपाली साहित्यमा कवि भएर वा कविता लेखेर र अछामी साहित्यलाई त्यहाँको लोकलयमा गीत गाएर योगदान गर्नु हुने कवि तथा लोकगायक श्री यज्ञराज उपाध्यायको जन्म अछाम जिल्लाकै गुयलपानी भन्ने ठाउँमा भएको हो । हाल उहाँ नेपाल संगीत-नाट्यमा प्राज्ञ हुनुहुन्छ । उहाँ बेला बेलामा अछाममा हुँदै गरेका महोत्सवहरूमा आफू पनि उपस्थित हुनुका साथै अन्य साहित्यिक स्रष्टाहरूलाई सामेल गराई अछामको साहित्यिक गतिविधिहरूलाई नेपाली साहित्यसँग परिचित गराउन हिजो आजसम्म पनि लागि पर्नु भएको छ । उनको कवितासंग्रह **बिहानीका पाना** र उनका लोकगीत क्यासेटहरू

(१) राइभ्रुमा

(२) चुनरी

(३) सुनगाभा

(४) रानीवन

(५) नासो

(६) साथीभाइ आदि रहेका छन् ।

**४.१.१६ भक्तराज ढुँगाना**

अछाम कालिका गाविस निवासी ढुँगानाको **पीडा** नामक कृति २०६४ सालमा प्रकाशित भएको पाइन्छ । यस बाहेक पनि यिनका फूटकर लेख रचना प्रकाशित भएको पाइन्छ ।

**४.१.१७ देवेन्द्र प्रसाद भट्ट दीप्त**

साहित्यकार देवेन्द्र प्रसाद भट्टको जन्म वि.सं. २०४० साल साउन १४ गते अछाम जिल्लाकै घुघरकोटमा भएको हो । उनका कृतिहरू **परिस्थिति** (कविता संग्रह) - २०५९ **तीनतन्त्र** उपन्यास (२०६४) हुन् ।

यस बाहेक बेला बेलामा पत्रपत्रिकाहरूमा उनका लेख रचना तथा समालोचनात्मक लेखहरू पनि प्रकाशित हुँदै आएका छन् ।

**४.१.१८ मोहन दिनदुःखी थापा**

वि.सं. २०३९ सालमा बुढाकोट-२, अछाममा जन्मेका यिनको मनको व्यथा दिन दुःखीको (२०६४), मनको फूलबारी (२०६४), अधुरो प्रेम (साहित्य सङ्ग्रह, २०६५), मनको तिर्सना (उपन्यास, २०६६) र भिजेको परेली (गजल, २०६८) प्रकाशित छन् । दिनदुःखी थापाको भरखरै प्रकाशित गजल सङ्ग्रह 'भिजेका परेली' गजल सङ्ग्रहका केही गजल अंश:

मेरो पहाड उनको तराई, भयो नभन्नु ल
निष्ठुरी एक्लै छोडी, पराई भयो नभन्नु ल

पूर्व मेची पश्चिमकाली, सिमाना हो नेपाल
त्यसैले त तराई सराई, भयो नभन्नु ल

प्रेम रोग लाग्दा जिउलाई, रथ आना मागेकै हुँ
किन गाँसे प्रेम उसलाई, भराई भयो नभन्नु ल[५१]

यसरी दिनदुःखीका गजलहरूले व्यक्तिसमाज देश र दुनियाँसँगै सम्वेदनशिल मन र सिर्जनशील मस्तिष्क भएका मानिसहरूका आफ्ना वैयक्तिक अनुभूति, अनुभव, खुसी, पीडा, आशा, निराशा, सफलता र असफलता जस्ता नितान्त नीजि कुराहरूलाई नै शब्दको माध्यमले अभिव्यक्त गरेका छन् ।

### ४.१.१९ डिक्र देवकोटा (अपूर्ण अभिमन्यु

वि.सं. २०५१ साल चैत्र २६ गते अछाम, कुइकामा जन्मेका यिनको **बिछोडिनु पर्दाको पीडा** गजल संग्रह, २०६७ प्रकाशित भएको पाइन्छ ।

अभिमन्यूको विछोडिनु पर्दाको कुरा गजल सङ्ग्रहको केही अंश:
बाहिरी मान हाँसे पनि भित्री मन दुखेको छ
तिम्रा लागि खै जिन्दगी किन रुकेको छ ।
कसैलाई थाहा छैन मेरो मनको व्यथा हजुर
बगीसके आँशु पनि मूल सुकेका छ
कसैको लागि यो जिन्दगी पर्खाईमा बसेपनि
जति ढिलो भए पनि उमेर ढुकेको छ ।
मनभित्र गुम्सिएका भावना खोज्दा पनि
प्रस्फुटन भईसक्यो कता लुकेको छ ।
शरीरभित्र रगत पनि कति बढ्यो कति घट्यो
हातहरू उस्ता उस्तै शरीर किन फुकेको छ ॥[५२]

---

५१. मोहन दिनदुःखी थापा, गजल, भिजेका परेली, सुदूरपश्चिमाञ्चल गजल मञ्ज (२०६८), वर्ष १, अङ्क १ पृ.१ ।

५२. डिक्र देवकोटा, गजल, विछोडिनु पर्दाको पिडा, (२०६७), वर्ष १, अङ्क १, पृ.११ ।

### ४.१.२० दलबहादुर साउद 'असीम'

वि.सं. २०४० साल श्रावण ७ गते मा जन्मेका भटाकाटिया गाविसका बासिन्दा यिनको **जून फुलेको देशतिर** उपन्यास प्रकाशित भएको पाइन्छ ।

### ४.१.२१ झनक अधिकारी 'बारुद'

वि.सं. २०५१ जेष्ठ ४ गते अछामको सेरा-१, फाल्टानेमा जन्मेका यिनको **अदृश्य आँशु**, गजल संग्रह, २०६८ मा प्रकाशित भएको पाइन्छ ।

पहलमानसिँह स्वाँरबाट शुरू भएको अछामको साहित्य फाँटमा विभिन्न परिपक्व एवम् सिकारू प्रतिभाहरूले आफ्नो योगदान दिएको पाइन्छ । हालका दिनमा अछाममा गजल विधामा कलम चलाउने स्रष्टाहरूको सङ्ख्याबढदै गएको पाइन्छ । ललिजन रावलले बसालेको गजल साहित्यको जगलाई बलियो स्रष्टाहरूमा रावल कृष्ण, एकेन्द्र अछामी, कमलराज के.सी., सिद्धराज न्यौपाने, भरत रोदन, प्रदिप जैसी, टिकाराम साइसर्मपण, लक्ष्मण न्यौपाने, दिपेन्द्र दिनदुःखी, विपिन स्वाँर आदि पर्दछन् ।

यसरी नै हर्षप्रसाद भट्ट, मोहन दिनदुःखी थापा, लोकेश महता, पदम माझी, आर.पी. तिमिल्सिना, अक्कल रावल, एकेन्द्र विरही, टिकाराम अछामी, विष्णु खडका, राजेश्वरी भण्डारी, चक्र रावल, भक्तराज ढुंगाना, यमराज प्रतिक्षा, टेकबहादुर वि.क., कमल साउद लगायतका थुप्रै साहित्यका उपासकहरू अछामको साहित्य क्षेत्रमा संलग्न हुनुहुन्छ ।

यस क्षेत्रको साहित्यिक विकासमा हरीप्रसाद भण्डारी र रविन्द्र केसी जस्ता प्रशासन एवम् सुरक्षा क्षेत्रका व्यक्तित्वहरूको पनि योगदान छ । साहित्य सिर्जनाका साथै यहाँका प्रतिभाहरू लाई उत्साह वृद्धि गराउने कार्यमा उहाँहरूको भूमिका  देखिन्छ । त्यस्तै गरी विभिन्न समयमा अछाममा रहेर साहित्य सेवा गर्ने नेपाली साहित्य एवम् इतिहासका विशिष्ट प्रतिभाहरूमा पूर्ण प्रकाश नेपाल यात्री, तेजप्रकाश श्रेष्ठ, राजाराम सुवेदी, धर्मराज थापा रहेका छन् ।

# k~rd\ cWofo

# c5fdsf] ;flxlTos ljsf;df of]ubfg ub}{ cfPsf kqklqsf tyf ;+3;+:yfx¿sf] ;ª\lIfKt kl/ro

## ५.१ पृष्ठभूमि

साहित्यलाई उचाल्ने र बसाल्ने काममा पत्रपत्रिका तथा संघसंस्थाको ठूलो हात रहेको हुन्छ । एउटा साहित्य जब मौखिक रूपमा मात्र सीमित रहेको हुन्छ भने त्यो त्यति साह्रो जनजिब्रोमा पुग्न गाह्रो हुन्छ तर जब त्यही साहित्यको झिल्को पत्रपत्रिकाको माध्यमले लिखित रूप लिएपछि त्यसले समाजका सबै तह र तप्कासम्म आफ्नो स्थान बनाउँछ । सबै वर्गमा मानिसले उक्त विधा तथा विषयबारे ज्ञान हाँसिल गर्न पाउँछन् । पढ्ने ज्ञान हाँसिल गर्ने कार्य मात्र नभै पढेर त्यसमा भएका कमी कमजोरीहरू औँल्याइ समालोचनात्मक ढंगले सल्लाह दिने कार्य पनि गर्दछन् । जसले गर्दा अछामी तथा नेपाली साहित्यको स्तरमा पनि सुधार हुने देखिन्छ । तसर्थ पत्रपत्रिकाहरूको योगदान साहित्यका लागि अपरिहार्य मानिन्छ । कुनै पनि ठाउँ देश तथा त्यहाँको सामाजिक तथा सांस्कृतिक सँत झल्काउन पनि पत्रपत्रिकाहरूको ठूलो हात रहेको हुन्छ । जसभित्र पनि कतै न कतै साहित्य अल्झिएको हुन्छ ।

अछामी साहित्यलाई उजागर गर्नमा पनि प्रत्यक्ष अप्रत्यक्षरूपमा लागि परेका अछाम जिल्लाका पत्रपत्रिकाहरूको योगदान उल्लेखनीय मानिन्छ । साहित्यको सुरुवातीकालदेखि नै मौखिक लोकसाहित्य लाई लिखित रूप दिई देशभरी नै चिनाउने कार्य पनि पत्रपत्रिकाहरू को रहेको छ । जसले अछामको साहित्यलाई डोऱ्याउँदै ल्याएर नेपाली साहित्यको भण्डार भर्न सहयोग गरेको छ । जसलाई पनि अछाम जिल्लाको योगदान नै मान्नु पर्ने हुन्छ । अछामको साहित्यलाई आजसम्म जिवित राखी सबै सामु चिरपरिचित बनाउन सहयोग गर्ने अछाम जिल्लाबाट र अछाम जिल्ला बाहिरबाट साहित्यको सेवा गर्ने पत्रपत्रिका तथा सङ्घ संस्थाहरूको सङ्क्षिप्त परिचय निम्नानुसार रहेका छः

अछाम जिल्लामा पत्रपत्रिकाको विकास वि.सं. २०५० सालदेखि मात्र भएको पाइन्छ । अझै पनि जिल्लाको समग्र भागमा यसको पहुँच हुन सकेको छैन । यातायातको असुविधा, विद्युत आपूर्तिमा हुने गडबडी र भौगोलिक विकटताको कारण साफेँबगर, बयलपाटा, विनायक र कमलबजार आदि जस्ता प्रमुख क्षेत्रमा पत्रपत्रिकाको पहुँच देखिन्छ । तर सदरमूकाममा मात्र पूर्णतया पत्रपत्रिकाको बढ्दो उपयोग भएको पाइन्छ ।

जिल्ला प्रशासन कार्यालय अछामको अभिलेख अनुसार वि.सं. २०५०।०६।२५ मा दर्ता भएको **वैद्यनाथ** वार्षिक पत्रिका नै अछामको पहिलो पत्रिका हो । सरकारी अभिलेखमा विवरण पाइएपनि जिल्लामा यसको उपस्थिति र प्रभावकारिताको बारेमा कही कतै सुन्न पाइएको छैन । अछाम जिल्लाबाट प्रकाशित हुने भएपनि यसका सम्पादक भने काठमाडौँ निवासी थिए । संख्याको हिसावले हालसम्म ११ वटा पत्रपत्रिकाहरू जिल्ला प्रशासन कार्यालयमा दर्ता भएपनि हाल **रामारोशन** दैनिक, **अछाम दर्पण साप्ताहिक**, **अछाम आवाज** साप्ताहिक, **उदाउँदो नयाँ नेपाल** दैनिक र **षोडशा एक्सप्रेस** दैनिक गरी जम्मा ५ वटा साप्ताहिक र दैनिक प्रकाशन भइरहेका छन् । जिल्लामा उपलब्ध पत्रपत्रिकाहरूको छोटकरीमा विवरण यसप्रकार रहेको छ ।

### ५.१.१ वैद्यनाथ वार्षिक

वैद्यनाथ वार्षिक अछाम जिल्लाको सबैभन्दा पुरानो पत्रिका मानिन्छ । यसको दर्ता मिति जिल्ला प्रशासनको अभिलेख अनुसार २०५०।०६।२५ रहेको छ । उक्त पत्रिका जम्मा ५० पृष्ठको रहेको छ । यस पत्रिकाका सम्पादक **ऋषिराम पोखरेल** (नयाँ पाटी, सुन्दरीजल, काठमाडौ) र **हरिभक्त सिग्देल** (गौशाला काठमाडौ) रहेका छन् । यो पत्रिका प्रकाशन हुने दिन प्रत्येक वर्षको वैशाख १ गते रहेको मुद्रण काठमाडौमा गर्ने र कार्यालय वैद्यनाथ-२ अछाम रहेको थियो । यस पत्रिकाको प्रकाशक भने वैद्यनाथ क्षेत्र प्रकाशन समिति अछाम रहेको र परिमाण सङ्ख्या५०० प्रति रहेको थियो । वैद्यनाथ वार्षिकको २ वटा अङ्क मात्र छापिएर बन्द भएको कुरा जिल्लाको पत्रपत्रिकाको इतिहासले देखाउँछ ।

### ५.१.२ नयाँ अछाम सन्देश साप्ताहिक

अछाम जिल्लाबाट प्रकाशित हुने यो साप्ताहिक पत्रिका हो । यसको दर्ता मिति २०६१।०७।१३ र यसका सम्पादक **रामप्रसाद अधिकारी** रहेका छन् । यस पत्रिकाको पृष्ठ

सङ्ख्याआठ (८) रहेको छ । यो पत्रिका प्रत्येक हप्ताको आइतबार प्रकाशित गरिन्थ्यो । यसको कार्यालय भने मंगलसेनमा रहेको मुद्रण जोशी अफसेट प्रेस सिलगढी, डोटीमा गरिएको थियो । यस पत्रिकाका प्रकाशक **राजेन्द्र कुँवर,** अछामको पायल-५, ग्रामीण सुचना तथा सञ्चार विकास केन्द्र रहेको छ ।

### ५.१.३ अछामको सेरोफेरो

अछामको सेरोफेरो चौमासिक पत्रिका हो । यो आषाढ, असोज, पौष र चैत्र महिनामा प्रकाशित गरिन्थ्यो । यसको दर्ता मिति २०५८।०३।२४ हो । यसका सम्पादक **बलबहादुर साउद,** नन्देगडा-३ अछाम (ग्रामीण विकास तथा वातावरण संरक्षण केन्द्र) यस चौमासिक पत्रिकाको पृष्ठसङ्ख्या सुरुवातीकालमा बाह्र (१२) रहेको थियो । यसको कार्यालय पनि मंगलसेन-५ अछाममा रहेको र परिमाण सङ्ख्या२००-३००० र मुद्रण नवदुर्गा अफसेट प्रेस, धनगढीबाट भएको पाइन्छ ।

### ५.१.४ रामारोशन दैनिक

अछाम जिल्लाबाट दैनिकरूपमा हालसम्म सुचारुरूपले सञ्चालन भैरहेको पत्रिका रामारोशन दैनिक हो । प्रकाशनको सुरुको समय २०६४।०३।०७ मा साप्ताहिक रूपमा निस्केको उक्त पत्रिका पछि २०६६ देखि नियमित  दैनिक रूपमा सुचारुरूपले प्रकाशन हुँदै आएको छ । यसका सम्पादक/प्रकाशक **कृष्णबहादुर शाही**, नाडा-९, अछाम पृष्ठ सङ्ख्या४ प्रकाशन हुने दिन शुक्रवार परिमाण सङ्ख्या५०० रहेको छ । पत्रिकाको कार्यालय मंगलसेन-६ अछाममा रहेको र मुद्रण दिव्यज्योति अफसेट प्रेस मंगलसेन, अछाममा भएको पाइन्छ ।

### ५.१.५ अछाम जनचेतना पाक्षिक

**रामारोशन** दैनिकको सँगसँगै अछाम जिल्लामा पाक्षिक पत्रिका पनि निस्किने गरेको पाइएको छ । जसको नाम अछाम जनचेतना पाक्षिक रहेको छ । उक्त पाक्षिक पत्रिका २०६४।०३।१० गते दर्ता भएको देखिन्छ । यस पत्रिकाका सम्पादक **हरिभक्त बजगाई** ( बिनायक-७, अछाम) रहेका छन् । उक्त पत्रिका प्रकाशन हुने दिन प्रत्येक महिनाको १ गते र १५ गते रहेको छ । परिमाण सङ्ख्या५०० रहेको पत्रिकाको कार्यालय मंगलसेन अछाममै रहेको यस पत्रिकाको मुद्रक दिव्यज्योति अफसेट प्रेस, मंगलसेन रहेको छ ।

### ५.१.६ अछाम खबर मासिक

२०६४ साल अछामको पत्रपत्रिकाको विकासका लागि अत्यन्त उल्लेखनीय हर्‍यो । यसै समयमा २०६४।०९।३० गतेका दिन यहाँबाट **अछाम खबर** मासिक नामको पत्रिका पनि प्रकाशन हुन थाल्यो । तर यो पत्रिका धेरै दिन सुचारु रूपले चल्न सकेन । तर पनि अभिलेखका लागि भने यस पत्रिकालाई पनि महत्वपूर्ण मान्नै पर्छ । यसका सम्पादक **विश्वेश्वर ढुँगाना** प्रकाशन हुने दिन प्रत्येक महिनाको २८ गते र परिणाम सङ्ख्या३०० रहेको छ । सम्पादक ढुङ्गाना अध्यापन कार्यमा लागेका कारण यो पत्रिका पनि धेरै दिन सम्म निरन्तररूपले प्रकाशन हुन सकेन ।

### ५.१.७ अछाम आवाज साप्ताहिक

२०६४ सालदेखि उर्वर रहेको अछाम जिल्लमा दिन प्रतिदिन पत्रिका निकाल्ने होड बढ्दो रहयो । यसै समयमा मिति २०६५/१०/२३ गतेका दिन अछाम आवाज साप्ताहिक नामक पत्रिका दर्ता भयो र प्रकाशनमा आयो । यसका सम्पादक खडक बहादुर विष्ट रहेका छन् । ओलीगाउँ अछाम निवासी विष्टले अछाम जिल्लामा भएका गतिविधिलाई साप्ताहिक पत्रिकामार्फत अछामी जनतामाझ पुगाउने कार्य गरे जसलाई अत्यन्त सह्रानिय कार्य मान्न सकिन्छ ।

### ५.१.८ अछाम दर्पण साप्तहिक

प्रत्येक सात दिनमा अछामको सदरमुकाम मङ्गलसेनबाट प्रकाशन हुने अर्को साप्ताहिक पत्रिका अछाम आवाज साप्ताहिक हो । यसका सम्पादक जनालीकोट-५ अछामका कामेश्वर प्रसाद रेग्मी हुन् । उक्त पत्रिका पनि २०६५ सालमै दर्ता भएको देखिन्छ र हालसम्म पनि सुचारुरूपले प्रकाशन भएको छ ।

### ५.१.९ अछाम पोष्ट अर्ध साप्ताहिक

अछाम पोष्ट अर्ध साप्ताहिक पत्रिका २०६५/२/२८ मा दर्ता भएर.....देखि प्रकाशन हुन थालेको हो । भागेश्वर-४ अछामका पूर्णकुमार रावल सम्पादक रहेको उक्त अर्ध साप्ताहिक पत्रिकाले एक हप्ता सम्म नयाँ - नयाँ खबर पाउनबाट वञ्चित भएका पत्रिका

प्रेमीहरूको आवश्यकत पूर्ती गर्ने कार्य गरेको थियो । उक्त पत्रिका पनि व्यवस्थापन कार्य मिलाउन नसक्दा केही दिनमात्र सञ्चालनमा आएर बन्द रहयो ।

### ५.१.१० उदाउँदो नयाँ नेपाल दैनिक

जिल्लामा घटेका घटनालाई प्रत्येक दिनको सुनौलो बिहानीसँगै अछामी जनताका घरघरमा पुगाउने उद्देश्यले मिति २०६५/७/११मा महिनामा अछामको दोस्रो दैनिक पत्रिका उदाउँदो नयाँ नेपाल दैनिक पत्रिका दर्ता भएको हो । यो दैनिक पत्रिका २०६५ सालदेखि नै सञ्चालनमा आएर हालसम्म पनि सेवाग्राहीलाई सेवा दिइरहेकै छ ।

### ५.१.११ षोडशा एक्सप्रेस दैनिक

अछाम जिल्लाबाट हालसम्म दैनिक रूपमा सञ्चालन भैरहेको अर्को दैनिक पत्रिका षोडशा एकसप्रेस दैनिक हो । यस दैनिकका सम्पादक गणेश प्रसाद ढुङ्गाना रहेका छन् भने यो पत्रिका अछाम जिल्ला प्रसाशन कार्यालयमा २०६६/११/२३ मा दर्ता गरिएको थियो । जुन हालसम्म पनि सुचारुरूपमा सञ्चालन भैरहेको छ ।

## ५.२ अन्य संघ संस्थाहरू

### ५.२.१ कुरियर सेवाको साहित्यिक योगदान

अधिकांश सर्वसाधारणहरू यो सेवाप्रति अनभिज्ञ रहेको तथा प्रचारप्रसारको अभावले जिल्लाका व्यापारी र कर्मचारीहरूमा मात्र कुरियर सेवा सिमित रहेको देखिन्छ । साहित्य सँग सम्बद्ध व्यक्तिहरूले यस सेवाको महत्व पहिल्याई उचित उपयोग गर्न सकेमा यसले पनि राष्ट्रिय स्तर सम्मका पत्रपत्रिका ओसार पसार गर्ने, चिठीपत्र ओसारपसार गरी साहित्य क्षेत्रमा योगदान पुग्न सक्ने कुरा बुझ्न आवश्यक छ ।

### ५.२.२ रामारोशन सामुदायिक रेडियो

रामारोशन सामुदायिक रेडियो एफ.एम अछाम जिल्लाको एक मात्र सामुदायिक रेडियो हो । यसको अनुमति २०६३।०५।०९ गते नै लिइसकेको भए पनि यसको स्थापना भने २०६४।०९।१ गते मात्र भएको हो । यसको प्रसारण अनुमति ५०० वाट दर्ता नं. १३५।०६३/०६४ र मेघाहर्ज ९२ रहेको छ । यस रेडियोबाट स्थानिय अछामी भाषाका

कार्यक्रम ३० प्रतिशत र नेपाली भाषामा ७० प्रतिशत कार्यक्रम प्रसारण गरेको पाइन्छ । जिल्लाका साहित्यिक गतिविधिहरूलाई एकत्रित गरी प्रसारण गर्ने कार्य, साहित्यसँग सम्बन्धित व्यक्तिहरूसँग भेटघाट, अर्न्तवार्ता, साहित्यिक कार्यक्रम अछामका सबै वर्ग समक्ष पुगाउने कार्य गरेकोले साहित्यको विकासमा रेडियो रामारोशनको योगदानलाई पनि मह वपूर्ण मान्न सकिन्छ ।

### ५.२.३ रामारोशन केवल नेटवर्क

२०६३ साल भाद्र महिनादेखि रामारोशन केवल नेटवर्कले सदरमुकाम मंगलसेनमा सेवा प्रवाह गरी रहेको छ । यसले प्रसारण गर्दै गरेका च्यानलहरू १८ वटा रहेका र प्रसारण लाइन वितरण २२५ वटा रहेका छन् । केवल नेटवर्कले प्रत्यक्षरूपमा साहित्यको सेवा गरे जस्तो नदेखिए तापनि यसले प्रसारण गर्दै गरेका च्यानल मध्ये केही च्यानलहरू साहित्यसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने हुँदा अप्रत्यक्षरूपमा साहित्य क्षेत्रलाई ठूलो सहयोग पुऱ्याएको छ ।

### ५.२.४ अन्य संघसंस्थाहरू

**(क) शैक्षिक संस्थाहरू**

जिल्ला शिक्षा कार्यालय अछाम, अछाम बहुमुखी क्याम्पस अछाम, अन्नपूर्ण क्याम्पस काला गाउँ, विनायक क्याम्पस, वयलपाटा क्याम्पस ।

**(ख) सामाजिक संस्थाहरू**

युनिसेफ, रेडकस, महिला विकास कार्यालय, N.G.O फेडरेशन अछाम, N.G.O C.C अछाम, हेलबिटास अछाम, जिल्ला जनस्वास्थ्य कार्यालय अछाम ।

**(ग) पुस्तकालयहरू**

पहलमान सिंह स्वाँर स्मृति पुस्तकालय अछाम, अछाम सामुदायिक पुस्तकालय अछाम ।

**(घ) साहित्यिक संघ संस्थाहरू**

**(अ) अछाम गजल मञ्च**

वि.सं. २०६६ सालमा स्थापित यस संस्थाका अध्यक्ष मोहन दिनदुःखी थापा हुन् । यस संस्थाले विभिन्न समयमा साहित्यिक कार्यक्रमहरू गर्दै आएको पाइन्छ । विशेष गरी गजल विधामा जोड दिइ प्रत्येक महिनाको अन्तिम दिन यस संस्थाले साहित्यिक कार्यक्रम गरी साहित्यकार र सर्जकहरूको मनोभावनालाई उजागर गर्दै आएको छ । जिल्लाको साहित्यिक गतिविधि अगाडि बढाउन र सर्जकहरूका भावनाहरूलाई एकत्रित गर्न यस गजल मञ्चले ठूलो कार्य गरेको छ ।

**(आ) अछाम साहित्यिक प्रतिष्ठान**

वि.सं. २०६७ सालमा स्थापित यस संस्थाका हालका प्रधान सम्पादक लालबहादुर भण्डारी र सम्पादक द्वय मोहन दिनदुःखी थापा र टेकराज भण्डारी रहेका छन् । विभिन्न समयमा साहित्यिक कार्यक्रम गर्दै आएको यस संस्था यस क्षेत्रको साहित्यिक विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको पाइन्छ । भानु जयन्ति, मोति जयन्ति, वि.पि. स्मृति दिवस प्रत्येक नयाँ वर्षमा साहित्यकार भेटघाट कार्यक्रम, बेला बेलामा गजल प्रतियोगिता जस्ता कार्यक्रम यस संस्थाले गरेको छ । यसले हाल अछाम जिल्लाका सर्जकका कलमले सिर्जना गरेका लेखहरू एकत्रित गरी अछामी साहित्यप्रेमीका माझ पुगाउने उद्देश्यले एउटा **व्यान्तारो** नामक मासिक पत्रिका पनि प्रकाशन गर्ने गरेको छ । जुन पत्रिका हाल वर्ष एक अङ्क ४ सम्म मुद्रित भइसकेको छ ।

**अन्य सङ्घसंस्थाहरूः**

- सु.प. साहित्यिक एवं सांस्कृतिक संघ (२०४५)।
- सु.प. साहित्यक समाज २०५१ ।
- सु.प. साहित्यि पत्रकार संघ (२०५७) ।
- सु.प. गजल मञ्च (२०५९) ।
- खप्तड सांस्कृतिक परिवार (२०१३) ।
- प्रगतिशील लेखक संघ (२०६०) ।

- न्यू भिजन कलाकेन्द्र अछाम (२०६१) ।
- महाकाली साहित्य सङ्गम, महेद्रनगर ।
- त्रिपुरा गजल प्रतिष्ठान अछाम ।

**पत्रपत्रिकाहरू:**

- सेती सन्देश (२०२९) ।
- खप्तड सन्देश (२०३८) ।
- सेती समाचार (२०३९) साप्ताहिकबाट दैनिक ।
- सुन्दर सन्देश (२०५८) दैनिक ।

**रेडियो एफ.एमहरू:**

- घोडाघोडी एफ.एम. कैलाली
- खप्तड एफ.एम.
- दिनेश एफ.एम. कैलाली
- फूलबारी एफ.एम. कैलाली
- जनआवाज एफ.एम. कैलाली
- सुदुर एफ.एम. डडेँलधुरा
- अमरगढी एफ.एम. डोटी
- शुक्लाफाँटा रेडियो, एफ.एम. महेन्द्रनगर
- महाकाली एफ.एम. महेन्द्रनगर

# ifi7L cWofo

# pk;+xf/

नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको अछाम जिल्ला प्रकृति, पुराण, इतिहास र संस्कृतिको थलो मानिन्छ । सांस्कृतिक सम्पदाका कारणले यो जिल्ला अत्यन्त सम्पन्नशाली छ । यस जिल्लमा साहित्यिक गतिविधि पनि उत्तिकै देख्न सकिन्छ । प्रस्तुत 'नेपाली साहित्यको विकासमा अछाम जिल्लाको योगदान' शीर्षकको शोधपत्रमा अछाम जिल्लाको साहित्यिक योगदानको अध्ययन गरिएको छ । यस शोधपत्रमा ६ वटा अध्याय रहेका छन् । प्रत्येक अध्यायहरूमा आवश्यकता अनुसार थप उपशीर्षकहरू राखी अछाम जिल्ला र त्यहाँको लोकसाहित्यिक पृष्ठभूमिदेखि लिखित साहित्यका हालका गतिविधिहरू बारे अध्ययन गरेको छ ।

प्रस्तुत 'नेपाली साहित्यको विकासमा अछाम जिल्लाको योगदान' शीर्षकको शोधपत्रको पहिलो अध्यायमा शोधको परिचय दिइएको छ । शोधपरिचय भित्र शोध शीर्षक, शोधकार्यको प्रयोजन, विषय परिचय, समस्याकथन, शोध कार्यसित सम्बन्धित, पूर्व कार्यको विवरण शोध कार्यको औचित्य, शोध कार्यको सीमाङ्कन, सामग्री सङ्कलन गर्ने तरीका, शोध विधि र प्रस्तुत शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको द्वितीय अध्यायमा अछाम जिल्लाको परिचय दिइएको छ । यस क्रममा भौगोलिक अवस्था, प्राकृतिक अवस्था, धार्मिक अवस्था, शैक्षिक अवस्था, आर्थिक अवस्था, एतिहासिक परिचय आदिको जानकारी दिने काम भएको छ । समष्टीमा भन्नुपर्दा प्रस्तुत परिचय अछाम जिल्लाको चिनारी दिने उद्देश्यले तयार पारिएको छ ।

तेस्रो अध्यायमा अछाम जिल्लाको साहित्यिक सर्वेक्षण गर्ने काम गरिएको छ । यसरी सर्वेक्षण गर्दा यहाँका लोक साहित्यिक गतिविधि, अभिलेख, सङ्घसंस्था, पुस्तकालय, साहित्यिक लेखन परम्परा आदिको सङ्क्षिप्तमा वर्णन गरिएको छ ।

'नेपाली साहित्यको विकासमा अछाम जिल्लाको योगदान' शीर्षकको शोधपत्रको चौथो अध्यायमा अछाम जिल्लाका प्रतिनिधि साहित्यकारहरूको सङ्क्षिप्त परिचय र केही

साहित्यकारका कृतिहरूको कृति विश्लेषण पनि गरिएको छ । यी साहित्यकारहरूको अछामको साहित्यमा मात्र नभई नेपाली साहित्यकै क्षेत्रमा पनि चिरपरिचित छन् ।

प्रस्तुत शोधपत्रको पाँचौं अध्यायमा अछामको साहित्यिक विकासमा योगदान गर्दै आएका पत्रपत्रिका तथा विभिन्न सङ्घसंस्थाहरूको सङ्क्षिप्त दिने कार्य गरिएको छ र अन्तिम तथा छैठौं अध्यायमा उपसंहार शीर्षकमा शोधकार्यको सारांश प्रस्तुत गरिएको छ ।

प्राचीनकालदेखि नै साहित्यिक गतिविधि तथा  लोकसाहित्यिक दृष्टिले पनि यो जिल्ला उत्तिकै वैभवशाली देखिन्छ । नेपाली भाषाका प्राचीन अभिलेख, ताम्रपत्रहरू तथा कागजी अभिलेखहरू पनि यस जिल्लामा थुप्रै भेटिएका छन् तर ती सबै सुरक्षित  छैनन् ।

यहाँ लोकगीत, लोकगाथा, लोकनाटक, दन्त्यकथा, गाउँखाने कथा उखान टुक्का प्रचलित छन् । जुन विधाहरू लोकजीवनसँग अत्यन्त निकट रहेकाले अछाम जिल्लाका विविध विशेषतालाई यिनले झल्काउने गरेका छन् । यतिमात्र नभै यी विधाहरूले नेपाली साहित्यको उजागर गर्नमा पनि ठूलो योगदान दिएका छन् । प्राथमिक कालदेखि नै यस जिल्लामा साहित्यको विकास भएको मानिन्छ तर तत्कालीन समयमा मुद्रण त्यति सहज नभएकाले लिखित रूपमा भने यहाँको साहित्यको विकासको इतिहास धेरै लामो छैन ।

अछाम जिल्लाको साहित्यिक इतिहास खोतल्नुपर्दा यसै भूमिले जन्म दिएका साहित्यकार पहलमान सिंह स्वाँरलाई सम्झिनु पर्छ । यिनले प्रथम नाटक **अटलबहादुर** लेखेर अछामको नाम उजागर गर्नुका साथै सम्पूर्ण नेपाली साहित्य जगत्‌लाई नै  मलजल दिने कार्य गरेका छन् । अछामी भाषाको नाटक **लालुभागा** पनि लेखेका छन् । जसमा पनि अछामी जनजीवनको झल्को प्रस्ट रूपमा पाउन सकिन्छ । पहलमानसिंह स्वाँर पछाडिको धेरै समयकाल साहित्यिक गतिविधिका दृष्टिले तटस्थ नै रहयो । मौखिक साहित्य फस्टाउँदै गएपनि लिखित साहित्यले भने समय अनुसारको फड्को मार्न नसके पनि मौखिक साहित्यको विकास पनि सामाजिक विकाससँगै अगाडी बढदै गयो ।

अछाम जिल्लाको साहित्यिक परम्पराको अवस्थालाई हेर्दा गद्य र पद्य दुवै विधामा यहाँका रचना पाइने गरेका छन् । यी रचनाहरूमा निबन्ध, जीवनी, पत्रसाहित्य, समालोचना आदि रचना प्रमुख मानिएका छन् । यी गद्यरचनाहरू ले एकातिर मात्रात्मक रूपमा

साहित्यिक भण्डार भर्न सघाउ पुऱ्याएको छन भने अर्कोतिर समाजका सबै तह र तप्कासम्म साहित्यिक विधाको पहुँच बनाएका छन् ।

भौगोलिक विकट्ता, यातायातको कठिनाइ, जनचेतनाको अभाव, मुद्रणको चलनचल्ती कम जस्ता अनेकौ अभावहरूको सामना गर्दागर्दै पनि यसले प्राप्त गरेको उपलब्धि आफैँमा कम मह□वपूर्ण छैन । यहाँको संस्कृतिले अछाम जिल्लाको मात्र नभएर सम्पूर्ण नेपालको गौरव बढाएको छ । साहित्यिक लेखनकै फलस्वरूप यहाँका कतिपय साहित्यकार राष्ट्रिय स्तरमा चर्चित र पुरस्कृत हुन पुगेका छन् । हाल अछाममा गजलविधाको सिर्जना धेरै हुने गरेको पाइएको छ । ललिजन रावल जसले आफ्नो छवि अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउन सफल भएका छन् । यस जिल्लाका मात्रै नभएर नेपाली साहित्यकै विशिष्ट गजलकार हुन् । स्थानिय तहमा साहित्यिक लेखनमा जुट्नेहरूको सङ्ख्यापनि कम छैन । बाहिरबाट आएर अछाम जिल्लामा आई साहित्य योगदान गर्नेहरूको सङ्ख्यापनि बढ्दो छ । यस जिल्लाका लेखकहरूका कथा, कविता, गजल विधाका रचनाहरू स्थानीय तथा राष्ट्रिय पत्रपत्रिकाहरूमा प्रकाशित हुँदै आएका छन् । पुस्तकाकार कृति प्रकाशन गर्ने चलन पनि बढदै गएको पाइन्छ ।

माथि उल्लिखित गतिविधिहरू हेरेर मात्र सन्तोष मानेर बस्ने स्थिति भने देखिँदैन । हालसम्म देखिएका कृतिहरूको आफ्नो ठाउँमा महत्व हुँदाहुँदै पनि विभिन्न विधाको विकास भने हुन बाँकी छ । प्रकाशित भएर हाम्रो हातमा परेका कृतिहरू पनि धेरै जसो सिकारू अवस्थाका छन् । लेखन प्रारम्भिक एवम् शुरूवात कालको भए पनि नेपाली साहित्यप्रतिको जागरूकता भने प्रशंसा गर्न योग्य छ । लेखनमा विकास हुने क्रमसँगै कुशल एवम् दक्ष लेखनकर्मीको विकास हुँदै जाने विश्वास राख्न सकिन्छ । समग्रमा भन्नुपर्दा अछाम जिल्लाका साहित्यकारहरू, सङ्घसंस्था, पत्रपत्रिका, पुस्तकालय आदिले नेपाली साहित्यको श्रीवृद्धिमा पुऱ्याएको योगदान नै नेपाली साहित्यमा अछाम जिल्लाले पुगाएको योगदान हो । यस जिल्लाको साहित्यक विकास अग्रगतिमा रहेमा नै यसले नेपाली साहित्यमा अझ बढी योगदान गर्ने आशा व्यक्त गर्न सकिन्छ । जसको विकासको लागि सबै साहित्यप्रेमीहरू लागि पर्नु आवश्यक देखिन्छ ।

प्रस्तुत अध्ययनले अछाम जिल्लाको साहित्यिक अध्ययनको सामान्य आधार तयार गरेको छ । यसबाट यहाँको साहित्यिक अवस्थाको मोटामोटी जानकारी दिने काम मात्र

भएको छ । अझै पनि यो जिल्लाको बारेमा शोधखोज हुनुपर्ने विषय धेरै छन् । यस जानकारीलाई आधार बनाउँदै भविष्यमा निम्नलिखित शीर्षकहरूमा थप अध्ययन गर्न सकिने देखिन्छ ।

(१) अछाम जिल्लाको लोकसाहित्यको विधागत अध्ययन ।

(२) अछाम जिल्लाको पद्य साहित्यको अध्ययन ।

(३) अछाम जिल्लाको गद्य साहित्यको अध्ययन ।

(४) अछाम जिल्लाका विभिन्न साहित्यिक प्रतिभाहरूको परिचयात्मक अध्ययन ।

(५) अछामी साहित्यिक प्रतिभाहरूको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन ।

(६) अछामी साहित्यको विकासमा संघसंस्थाहरूको योगदानको अध्ययन ।

(७) अछाम जिल्लाबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाको अध्ययन ।

**kl/lzi6fª\sx¿**

**kl/lzi6 !**




वैद्यनाथ मन्दिर

# kl/lzi6 @




मङ्गलसेन स्थित षोडसी मन्दिर

## kl/lzi6 #




मङ्गलसेन प्राचीन दरबार पूर्ननिर्माण गरिँदै

**kl/lzi6 $**




गौरा पर्व

# kl/lzi6 kfFr



अछामको होरी खेल

# kl/lzi6 5




हुडके नाच

# kl/lzi6 ;ft




मकर सङ्क्रान्ति कलश यात्रा

# kl/lzi6 cf7




अछामको डेउडा खेल

# kl/lzi6 gf}



अछामको पुतला नाच

# kl/lzi6 bz



## अछाम जिल्लाको मानचित्र

## सन्दर्भ सामग्री सूची

### (क) **सन्दर्भ कृतिसूची**


अनिल, अविलाल शाह, **अछामी भाषिकाका व्याकरणात्मक कोटि,** काठमाडौं इन्टेलेक्चुअल्ज बुक प्यालेस,२०६६ ।

जोशी, सत्यमोहन, **हाम्रो लोकसंस्कृति,** काठमाडौं, रत्न पुस्तक भण्डार, २०१४ ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौं : त्रि.वि.वि.पाठयक्रम विकास केन्द्र, २०४१ ।

थापा, धर्मराज, **मेरो नेपाल भ्रमण,** पोखरा : सावित्री थापा, २०३२ ।

नाथ, योगी नरहरि, **इतिहास प्रकाश,** काठमाडौ : गोरक्ष पीठ इतिहास प्रकाश संघ, २०१३ ।

नेपाल, पूर्णप्रकाश, **सेतीका तारा,** विराटनगर : हिमाली सौगात प्रकाशन, २०६४ ।

......................., **भेरी लोकसाहित्य,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४१ ।

......................., **बदलिदो घामछाया,** विराटनगर : हिमाली सौगात प्रकाशन, २०३७ ।

........................, **सेती अञ्चल दिग्दर्शन,** विराटनगर : हिमाली सौगात प्रकाशन, २०३५ ।

पन्त, देवकान्त, **डोटेली लोकसाहित्य : एक अध्ययन,** काठमाडौं : एशियाली अध्ययन संस्थान, २०३२ ।

पन्त, जयराज, **डोटेली धमारी गीत : एक अध्ययन,** काठमाडौं वाङ्मय प्रकाशन, २०६४ ।

पाण्डेय, गोविन्दप्रसाद, **देउडा विगतदेखि वर्तमानसम्म,** (सम्पा.) काठमाडौं : गोविन्दप्रसाद पाण्डेय, २०६० ।

भाइसाब, वासुदेव, **डोटेली कोश ( लोकोक्ति कोश),** महेन्द्रनगर : लेखक स्वयं, २०५१ ।

लुइटेल, खगेन्द्रप्रसाद, **नेपाली नाट्य समालोचना** (सम्पा.) काठमाडौं :पैरवी प्रकाशन, २०६७ ।

सुवेदी, राजाराम, **कर्णाली प्रदेशमा मध्यकालीन डोटी राज्य,** भोजपुर : रणबहादुर बान्तवा राई र दुर्जनकुमार राई, २०५६ ।

…………………, **अछामको इतिहास,** अछाम, वैद्यनाथ क्षेत्र प्रकाशन समिति, २०५८ ।

स्वाँर, पहलमानसिँह, **लालुभागा,** अछाम : तारामान स्वाँर, २०३३ ।

श्रेष्ठ, तेजप्रकाश, **अछामी लोकसाहित्य,** काठमाडौं : रत्न पुस्तक भण्डार, २०४४ ।

**(ख) पत्र पत्रिका सूची**

ओझा देवीप्रसाद, सूदूरपश्चिममा पत्रकारिता, मार्टिन चौतारी, काठमाडौं : २०६० ।

…………………, सु.प.मा. जनचेतनाको विकास र २००७ सालको क्रान्तिको इतिहास, महेन्द्रनगर, २०५७ ।

कर्मचारी मिलन केन्द्र, " अछाम जिल्लाको सङ्क्षिप्तपरिचय", **स्मारिका,** २०६७, पृ.१-५ ।

खडका, थिरबहादुर, "अछाममा प्रचलित केही उखान टुक्काहरू", **खप्तड,** (असोज २०६८), पृ. १७४ ।

खनाल टिकाराम, "अछामका चाडपर्व", **खप्तड,** ( असोज २०६८), पृ. १४१ ।

खडका, नयनबहादुर, "खप्तडसँग जोडिएका जिल्लाहरूको आर्थिक र सामाजिक स्थिति", **खप्तड,** (असोज २०६८), पृ. ७९ ।

जिल्ला हुलाक कार्यालय, "जिल्लामा संचार स्थिति र गर्नुपर्ने सुधार", **कार्य सरलीकरण निर्देशिका**, पृ. १७-२५ ।

थापा मोहन दिनदुःखी, " अनुपम अछामी साहित्य र अछामीका कलमहरू", **ब्यानतारो,** ( वर्ष १, अंक १, २०६७ असोज-मंसीर) पृ. ६-९ ।

नौलो पाइलो साहित्यिक मासिक २०६७, असार महेन्द्रनगर, वर्ष १, अङ्क १ ।

……………………, मासिक २०६७, साउन महेन्द्रनगर, वर्ष १, अङ्क २ ।

शाह सुरतबहादुर, " प्रकृति, पुराण, इतिहास र संस्कृतिको थलो अछाम", **सम्पदा नेपाल,** ( वर्ष १, अंक ४, २०६७ माघ-चैत्र) पृ. ८-१० ।

**(ग) अप्रकाशित स्नात्तकोत्तर शोधपत्र**

उपाध्याय खगेन्द्रप्रसाद, 'अछामी देउडा गीतको अध्ययन', स्नातकोत्तर शोधपत्र, काठमाडौं : त्रिचन्द्र क्याम्पस, २०६१ ।

जोशी हरिप्रसाद, नृपबहादुर स्वाँरको जीवनी व्यक्तित्त्व र कृतित्त्व (२०६५), अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि.।

बजगाई योगेन्द्र, 'अछाममा प्रचलित टुक्काको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६७ ।

भट्टराई अमृत, महेश विक्रम शाहको जीवनी व्यक्तित्त्व र कृतित्त्व (२०६६), अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि.।

राई, भीमसेन, नेपाली साहित्यको विकास प्रक्रियामा पहलमान सिंह स्वाँरको व्यक्तित्त्व, कृतित्त्व र योगदानको विश्लेषण, अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध (२०३२), त्रि.वि. ।

शर्मा नारायणी, ललिजन रावलको जीवनी व्यक्तित्त्व र कृतित्त्व (२०६६), अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध त्रि.वि. ।